रा.स.नि.प्रा. इजाजत नं. २०८०-००१०३
एकिकरण द.नं. ९३, २०८०/२०८१

सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

Suryadarshan Saving & Credit Co-Operative Ltd.

Suryadarshan Bhawan, Damak-6, Jhapa, Tel: 023-575401, 575601
Website: www.suryadarshan.coop.np Email:suryadarshandamak@gmail.com
Facebookpage: Suryadarshan Saving Damak-6

Annual Report 2082/083



१७ औं बार्षिक साधारण सभा

वार्षिक प्रतिवेदन २०८२/०८३

सञ्चालक समिति



टिकाराज सापकोटा
अध्यक्ष



रूद्र ब. अधिकारी
उपाध्यक्ष



कमल प्र. नेपाल
सचिव



नारायण प्र. खतिवडा
सदस्य



रेणु मिश्र
सदस्य



बलराम पराजुली
सदस्य



गोबिन्द सेनेहाङ
सदस्य



असोक चौधरी
सदस्य



दुर्गा श्रेष्ठ
सदस्य

लेखा सुपरिवेक्षण समिति



डिल्लीराम मुखिया
संयोजक



हेमकुमारी थापा
सदस्य



खगेन्द्र नेपाल
सदस्य

व्यवस्थापन समुह



राजकुमार खड्का
नि.व्यवस्थापक
९८०१४०१४०३



ईश्वर नेपाल
बजार/प्रशासन विभाग प्रमुख
९८०१४०१४०२



होम प्र. श्रेष्ठ
लेखा/कर्जा विभाग प्रमुख
९८०१४०१४०४

१७औं वार्षिक प्रतिवेदन २०८३

सूर्यदर्शन बचत तथा ऋण सहकारी सस्था लि.

दमक ०६, झापा

सत्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

उपरोक्त सम्बन्धमा यस सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि., दमक - ६ को मिति २०८३/०४/१० गते आइतवारका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार एकाइगत रुपमा वार्षिक साधारणसभा कार्यक्रम गर्नुपर्ने भएकोले संस्थाको सत्रौं वार्षिक साधारणसभा निम्न लिखित तालिका सहितको समयमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

साधारण सभा बस्ने मिति :२०८३।०६।०२-०९ सभा शुरु हुने समय : विहान १०:३० बजे देखि ५ बजे सम्म

क्र.स	मिति	विवरण	स्थान
१	२०८३।०६।२, शुक्रवार	समुद्घाटनसत्र , दमक वार्ड नं. ४,८,९ का शेयर सदस्यहरु	संस्थाको सभाहल, दमक-६
२	२०८३।०६।४, आइतवार	दमक वार्ड नं. ६,१० का शेयर सदस्यहरु	संस्थाको सभाहल, दमक-६
३	२०८३।०६।६, मंगलबार	दमक वार्ड नं. १,५,७ का शेयर सदस्यहरु	संस्थाको सभाहल, दमक-६
४	२०८३।०६।८, बिहिवार	दमक वार्ड नं.२,३,कमल गा.पा. साथै अन्य पालिकाका शेयर सदस्यहरु	संस्थाको सभाहल, दमक-६
५	२०८३।०६।९, शुक्रवार	माइन्युट प्रमाणीकरण तथा समापन कार्यक्रम	संस्थाको सभाहल, दमक-६

छलफलका विषयहरु :-

१. सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूले प्रस्तुत गर्ने आ.व.२०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन सम्वन्धमा ।
२. संस्थाको आ.व.२०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन माथि छलफल गर्ने सम्बन्धमा ।
३. संस्थाका आ.व. २०८२/०८३ को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन प्रस्तुत एवम् छलफल गर्ने सम्बन्धमा ।
४. चालु आ.व. २०८३/०८४ को प्रस्तावित नीति तथा कार्यक्रम, बजेट माथि छलफल गर्ने सम्बन्धमा ।
५. चालु आ.व. २०८३/०८४ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. आन्तीरक नीति तथा कार्यविधि पारित गर्ने सम्बन्धमा ।
७. कर्मचारी बोनस वितरण गर्ने सम्बन्धमा ।
८. सञ्चालक समितिको बैठकको निर्णयहरुको अनुमोदन गर्ने सम्वन्धमा ।
९. विनियम संशोधन तथा पारित सम्वन्धमा ।
१०. सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।
११. इकाई साधारणसभाको माइन्युट प्रमाणित गर्न प्रतिनिधि छनौंट गर्ने सम्बन्धमा ।
१२. अन्तिम माइन्युट प्रमाणीकरण गर्न प्रतिनिधि छनौट गर्ने सम्वन्धमा ।
१३. विविध ।

राज कुमार खड्का
नि. व्यवस्थापक
सञ्चालक समितिको आज्ञाले

१७औं वार्षिक प्रतिवेदन २०८३

संस्थाको परिचय

सहकारी ऐन २०४८ अन्तर्गत स्थापना भएको सूर्यदर्शन वचत तथा ऋण सहकारी संस्था लि. दमक - ६ नेपाल सरकार डिभिजन सहकारी कार्यालयवाट वित्तिय कारोवार गर्न इजाजत प्राप्त वित्तीय संस्था हो । देवदर्शन कृषि सहकारी संस्था दमक - ६ सँग मर्ज भई कोशी प्रदेश सहकारी रजिष्टार तथा प्रशिक्षण कार्यालयबाट एकीकृत दर्ता नं. ९३/०८०/०८१ रहेको छ । संस्थाको कार्यालय झापाको दमक - ६ मा नमूना बजार छेउ नगरपालिका रोडमा आफ्नै ५ कट्ठा जमिनमा सुविधा सम्पन्न भवनमा रहको छ । यस संस्थाको दमकमा मुख्य कार्यालय बाहेक कुनैपनि शाखा कार्यालय छैन । यस संस्थाको उच्च व्यवस्थापन तहमा वित्तीय संस्थामा लामो समयको कार्य अनुभव हासिल गरिसकेका व्यक्तिहरु हुनुहुन्छ । यो संस्थाको मुख्य उद्धेश्य भविष्यमा एउटा उदाहरणीय, सफल र अनुकरणीय वित्तीय संस्थाको लक्ष्य सहित सञ्चालनमा ल्याएको यस संस्थाले छोटो समयमै यसको वलियो आधारहरु तयार गरिसकेको छ । संस्थाले शेयर सदस्यहरुको आर्थिक अवस्थालाई सुदृढ र वलियो वनाउन सरल, सुलभ तरिकावाट कर्जा पाएमा केही गर्न सक्छौं भन्ने आँट हिम्मत भएका व्यक्तिहरुलाई छिटो, छरितो कर्जा प्रदान गरि उनीहरुको व्यापार व्यवसाय लाई अगाडि वढाउन जोड दिइ राखेको छ । साथै वर्तमान प्रतिस्पर्धात्मक वित्तीय बातावरणमा आकर्षक ब्याज प्रदान गरी संकलन गरिएको निक्षेपलाई इमानदार सदस्य, व्यवसायी र उधमी सदस्यहरुको व्यवसाय प्रवर्द्धनका लागि सुलभ ब्याजदरमा कर्जा प्रदान गरी उनीहरुलाई सवल र आत्मनिर्भर बनाई स्थापित गर्दै लाने उद्धेश्य रहेको छ ।

संस्थाको परिकल्पना

“ सवल र सुरक्षित विश्वासिलो संस्था, समृद्ध सदस्य”

संस्थाको ध्येय

मुख्यतया बैंक तथा वित्तीय संस्थासम्म पहुँच नहुने तर आर्थिक अवस्था सुधारमा प्रयास गरिरहने समुदायको विचमा स-साना बचत रकमलाई संकलन गरी सामूहिक पुँजीको स्थापना गरी सदस्यहरुको आर्थिक र सामाजिक अवस्थामा सुधार गर्दै समाजमा आर्थिक विभेदको अन्त्य र सामाजिक न्यायको स्थापना गर्नु यस संस्थाको मुख्य उद्धेश्य रहेको छ ।

मूल उद्धेश्य

आर्थिक सक्षमता,सहकारी सिद्धान्त र यसको व्यवहारिक प्रयोगबाट दिगो विकास,आर्थिक भेदभाव रहित सामाजिक न्यायको संस्थागत विकास, स्थानीय, आन्तरिक स्रोत र साधनको अधिकतम प्रयोग तथा व्यवस्थित परिचालन सहित भौतिक मानवीय अत्यावश्यक पूर्वाधारहरुको विकास गरि सामाजिक, आर्थिक न्याय एवम् एकतामा जोड दिने रहेको छ ।

संस्थाका मूल्य मान्यता

- शेयर सदस्य संस्थाका मालिक हुन् ।
- सबै कार्यक्रम र योजनाहरु शेयर सदस्यको हितको लागि बनाइन्छ ।
- शेयर सदस्यको सन्तुष्टि नै संस्थाको जिम्मेवारी हो ।

- शेयर सदस्यहरुको निक्षेप र लगानीको सुरक्षा संस्थाको दायित्व हो ।
- सम्मान र सहकार्य हाम्रो संस्कृति हो ।
- संस्थाको नीति,विधि र प्रविधि मार्फत कारोवार सुरक्षित हुन्छ ।

संस्थाको संगठनात्मक ढाँचा

२०८३ आषाढ मसान्त सम्ममा संस्थाको कुल शेयर सदस्य संख्या ५,७८७ जना मध्ये महिला शेयर सदस्य २,४५८ र पुरुष शेयर सदस्य ३,३२० र अन्य शेयर सदस्य ९ रहेका छन् । संस्था सञ्चालनका लागि ९ शेयर सदस्यीय सञ्चालक समिति,३ शेयर सदस्यीय लेखा सुपरिवेक्षण समिति र विभिन्न उपसमितिहरु तथा अनुभवी,दक्ष र व्यावसायिक ३१ जना कर्मचारीहरुको समूह रहेको छ ।

संस्थाका बचत सेवाहरु

क्र.सं.	बचतको प्रकार	क्र.सं.	बचत को प्रकार
१	नियमित मासिक वचत	१०	बाल शैक्षिक वचत २ वर्ष
२	साधारण वचत	११	बाल शैक्षिक वचत ५ वर्ष
३	सूर्यदर्शन स्पेसल वचत	१२	बाल शैक्षिक वचत १० वर्ष
४	सूर्यदर्शन सुपर प्राइम वचत	१३	नारी उत्थान बचत १ वर्ष
५	विधार्थी वचत	१४	नियमित वचत ३ महिना-१० वर्ष
६	मजदुर वचत	१५	आवधिक बचत ३ महिना-३ वर्ष (एकमुष्ठ)
७	पत्रेदार वचत	१६	आवधिक बचत ३ महिना-३ वर्ष (त्रैमासिक)
८	सूर्यदर्शन कल बचत	१७	आवधिक बचत ३ महिना-३ वर्ष (मासिक)
९	सूर्यदर्शन कल बचत	१८	सूर्यदर्शन पेन्सन वचत योजना
		१९	सूर्यदर्शन शेयर सदस्य सुनिश्चित भविष्य योजना

संस्थाका कर्जा सेवाहरु

	कर्जाका प्रकार	समय	किस्ताको प्रकार
१	सूर्यदर्शन घर कर्जा	५ वर्ष सम्म	दैनिक/ मासिक
२	सूर्यदर्शन जग्गा खरिद कर्जा	५ वर्ष सम्म	दैनिक/ मासिक
३	सूर्यदर्शन व्यापारिक कर्जा	५ वर्ष सम्म	दैनिक/ मासिक
४	बचत जमानत कर्जा	६ महिना	दैनिक
५	आवधिक रसिद धितो कर्जा	आवधिक बचतको अवधि सम्म	दैनिक/ मासिक
६	कृषि कर्जा	५ वर्ष सम्म	दैनिक/ मासिक
७	उधमशील कर्जा	५ वर्ष सम्म	दैनिक/ मासिक

अन्य सेवाहरु

मोवाइल बैङ्किङ सेवा

शेयर सदस्यहरुलाई यो सेवा अर्न्तगत निम्न सुविधाहरु उपलब्ध गराइएको छ ।

- क्यू. आर. कोडको माध्यमवाट काउन्टरवाट तथा बजार प्रतिनिधिहरुवाट चेकविनै नगद भुक्तानी लिन सकिने ।
- नेपालको सवै बैक तथा वित्तिय संस्थामा संस्थाको खातावाट सजिलै रकम ट्रान्सफर गर्न सकिने ।
- वालेटमा रकम लोड गर्न मिल्ने ।
- बैक खातामा भएको रकम सूर्यदर्शन सहकारीको खातामा सजिलै रकम जम्मा गर्न सकिने ।
- मोवाइल,ल्याण्डलाइन, इन्टरनेट, टिभीको बिल भुक्तानी गर्न सकिने ।
- हवाइ टिकट खरिद गर्न सकिने ।
- इन्सुरेन्स प्रिमियम तिर्न सकिने ।
- विजुली बिल,पानीको बिल भुक्तानी गर्न सकिने ।
- वचत तथा कर्जा खाताको व्यालेन्स चेक गर्न,स्टेटमेन्ट हेर्न , रकम ट्रान्सफर गर्न सकिने ।
- एपमा फिंगर प्रिन्ट, अनलक सिस्टम भएकोले चलाउन सजिलो ।
- नेपालभरका विभिन्न व्यापारिक स्थानमा फोन-पे, क्यू. आर. कोड स्क्यान गरी नगद रहित भुक्तानी गर्न सकिने ।

फोन - पे सेवा

संस्थाको शेयर शेयर सदस्यहरुलाई कारोवारलाई सुविधासम्पन्न, प्रविधियुक्त र सरल वनाउनको लागि संस्थाले निःशुल्क फोन-पे, क्यू.आर. सेवा, सुविधा उपलब्ध गराइएको छ । यदि यो सुविधा लिनुभएको छैन भने संस्थाको कर्मचारीसंग सम्पर्क गरि तुरुन्त लिन सक्नुहुनेछ ।

सूर्यदर्शन सहकारी सञ्चालन भएपछि समुदायमा भएको परिवर्तन :

- शेयर सदस्यहरुमा बचत गर्ने वानीको विकास,
- गुणस्तरीय वित्तीय सेवाको उपलव्धता,
- आर्थिक पहुचँमा वृद्धि,
- घरेलु तथा साना उधोग तथा व्यापार स्थापनामा सहयोग,
- वित्तीय चेतनाको अभिवृद्धि,
- पारस्परिक सहयोगको भावनाको विकास,
- गरिवी न्यूनीकरणमा सहयोग,
- अत्याधुनिक प्रविधिको प्रयोग,
- सहकार्य र सद्भावको विकास,
- सामाजिक कार्यमा सहभागिता,
- साँस्कृतिक तथा धार्मिक कार्यक्रमको विकास,
- खेलकुद जन्य गतिविधिमा सक्रियता,
- योग,ध्यान र स्वास्थ्य जनचेतना,
- बातावरण स्वच्छ तथा हराभरा समाज निर्माण,
- बालवालिकामा बचत सम्वन्धी ज्ञान,

- व्यापारिक गतिविधिमा व्यापकता,
- रक्तदानको महत्वके भुमिकामा जोड ।

सूर्यदर्शन साकोसको सवल पक्षहरु

- समृद्ध,सवल र विश्वासिलो ,
- निरन्तर सम्पत्ति तथा शेयर सदस्यहरुको वृद्धि हुनु ,
- उच्च जगेडा कोष तथा संस्थागत पूँजी ,
- संस्थाको आफ्नै अत्याधुनिक भवन वाट सेवा दिनु ,
- समुदायको रुचि र आवश्यकता अनुसारको सेवा प्रदान गर्न सक्षम हुनु ,
- अत्याधुनिक प्रविधिको प्रयोगले सजिलो, छिटो र सुरक्षित कारोवार गर्नु ,
- सक्षम ,इमान्दार र शिष्ट कर्मचारी हुनु ,
- शेयर सदस्यहरुलाई नीति,विधि र प्रविधिमा आधारित भएर छिटो र छरितो सेवा दिनु ,
- सामाजिक रुपमा हरेक समुदायका शेयर सदस्य केन्द्रित कार्यक्रम गर्नु ,
- शेयर सदस्यको क्षेत्रगत पहिचान गरी शेयर सदस्यता समिप्यता कायम गर्ने कार्यक्रम गर्नु ,
- शेयर सदस्यहरुसँग निरन्तर भेटघाट र सल्लाह सुझाव अनुसार कार्य गर्नु ,
- ब्यावसायिक क्षेत्रमा दैनिक किस्तामा अधिकांश लगानी हुनु ,
- धार्मिक,सामाजिक,साँस्कृतिक कार्यहरुमा समुदायसँग सहमागी भई कार्य गर्नु ,

नयाँ शेयर सदस्यता लिनको लागि आवश्यक न्यूनतम रकम :

• शेयर खरिद १० कित्ता १०० को दरले	रु १,०००।००(न्यूनतम)
• न्यूनतम शेयर शेयर सदस्य अनिवार्य वचत -(मासिक)	रु १,०००।००(न्यूनतम)
• सदस्यता शुल्क	रु १,००।००(न्यूनतम)
जम्मा	**रु २,१००.००**

- मासिक वचत नियमित रुपमा जम्मा गर्नु पर्ने छ ।
- नियमित रुपमा कर्जाको तोकिए बमोजिमको किस्ता बुझाउनु पर्ने छ ।
- संस्थालाई हानि हुने तथा आम शेयर सदस्यलाई हानि हुने कार्य गर्नु हुँदैन ।
- संस्थाको नीति नियमको परिपालना गर्नु पर्दछ ।
- संस्थाले आयोजना गरेको सभा गोष्ठी आदिमा सहभागी हुनु पर्नेछ ।

२०८३ आषाढ मसान्तसम्मको वित्तीय विवरण :

शेयर पूँजि	१२३३२५६००
जगेडा तथा कोष	११४७६९५२६।९५
बचत निक्षेप	१७६७०८३१७९।७८
कर्जा लगानी	१४६८७५८९२३।७५
तरल सम्पत्ति	३५६७७७७४७।६२
कुल सम्पत्ति	२१७७६१०५३०।२४

१७औं वार्षिक प्रतिवेदन २०८३

सूर्यदर्शन बचत तथा ऋण सहकारी सस्था लि.

दमक ०६, झापा

सत्रौँ बार्षिक साधारण सभा समक्ष
गत आर्थिक बर्ष २०८२/२०८३ को प्रस्तुत बार्षिक
प्रगति प्रतिवेदन तथा अर्थिक बर्ष २०८३/२०८४
का लागि प्रस्तावित बार्षिक नीति तथा कार्यक्रम



टिकाराज सापकोटा
(अध्यक्ष)

संस्थाको गरिमामय सत्रौँ बार्षिक साधारणसभामा हाम्रो आमन्त्रणलाई स्वीकार गरि पाल्नु भएका श्रीमान् प्रमुख अतिथिज्यू, सञ्चालक समितिका पदाधिकारी ज्युहरु,लेखा सुपरिवेक्षण समिति तथा उपसमितिका संयोजक तथा सदस्य ज्यूहरु, शेयरधनी महानुभावहरु, सहकारीकर्मी मित्रहरु, पत्रकार मित्रहरु,कर्तव्यनिष्ठ कर्मचारीहरु साथै महिला तथा सज्जनबृन्दलाई संस्थाको तर्फबाट तथा मेरो आफ्नो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु ।

शेयरधनी, शेयर सदस्य महानुभावहरु,

स्थापनाको समयमा सीमित स्रोत र साधनका बीच सुरु गरिएको यो यात्रा आज १७ औँ वार्षिक साधारण सभासम्म आइपुग्दा उल्लेखनीय उपलब्धि हासिल गर्न सफल भएको छ। प्रारम्भिक चरणमा केही व्यक्तिहरूको सानो पूँजीबाट सुरु भएको संस्था आज आफ्ना शेयर सदस्यहरूको निरन्तर विश्वास, सहभागिता र योगदानका कारण करिब रु. २ अर्ब १७ करोड बराबरको पूँजी निर्माण गर्न सफल भएको छ। यो उपलब्धि केवल आर्थिक आकारमा भएको वृद्धि मात्र नभई हजारौँ शेयर सदस्यहरूको विश्वास, सहभागिता, त्याग, मेहनत र सामूहिक एकताको प्रतिफल हो ।

सानासाना रूपमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी आफ्नै गाउँ-ठाउँमा पूँजी परिचालन गर्ने, स्थानीय स्रोत, सीप र सम्भावनालाई उपयोग गर्दै आर्थिक तथा सामाजिक रूपान्तरणमा योगदान पुऱ्याउने उद्देश्यका साथ यस संस्थाको यात्रा प्रारम्भ भएको हो। यही देशमा, यही समाजमा, केही गरौँ र सामूहिक प्रयासबाट समृद्धि हासिल गरौँ भन्ने दृढ इच्छाशक्ति, मेहनत, ईमानदारी र सहकार्यको भावनाले प्रेरित स्थानीय व्यक्तित्वहरूको सक्रिय पहलमा वि.सं. २०६६ साल चैत २३ गते यस संस्थाको विधिवत् स्थापना भएको थियो ।

यस १७ वर्षे यात्रामा संस्थालाई आजको अवस्थामा ल्याउन योगदान गर्नुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरू, संस्थाको हित र विकासका लागि निरन्तर मार्गदर्शन गर्नुहुने सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरीवेक्षण समिति, विभिन्न उपसमिति तथा सल्लाहकारज्यूहरू, संस्थाप्रति समर्पित कर्मचारीहरू तथा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण शुभचिन्तकहरूप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

आजको समय विगतको भन्दा निकै फरक छ । सहकारी संस्था केवल बचत संकलन र ऋण प्रवाह गर्ने परम्परागत वित्तीय संस्था मात्र नभई सदस्यहरूको आर्थिक क्षमता अभिवृद्धि गर्ने, उद्यमशीलता

प्रवर्द्धन गर्ने, रोजगारी सिर्जना गर्ने, स्थानीय उत्पादन र व्यवसायलाई प्रोत्साहन गर्ने तथा सदस्यलाई वित्तीय रूपमा सबल बनाउने महत्वपूर्ण माध्यमका रूपमा स्थापित हुनुपर्ने आवश्यकता छ । प्रविधिको तीव्र विकास, डिजिटल वित्तीय सेवा, बदलिँदो आर्थिक परिवेश, सदस्यका नयाँ अपेक्षा तथा सहकारी क्षेत्रमा देखिएका चुनौतीहरूलाई मध्यनजर गर्दै संस्था पनि समयअनुकूल रूपमा थप पारदर्शी, प्रविधिमैत्री, उत्तरदायी, सुरक्षित र सदस्यकेन्द्रित बन्नुपर्ने आजको आवश्यकता हो ।

यसै सन्दर्भमा संस्थाले आगामी दिनमा सदस्यहरूको सानो-सानो बचतलाई सुरक्षित र प्रभावकारी रूपमा परिचालन गर्दै उत्पादनमूलक क्षेत्रतर्फ लगानी विस्तार गर्ने, कृषि, व्यापार, व्यवसाय, उद्योग तथा उद्यमशीलतामा आधारित परियोजनाहरूलाई प्राथमिकता दिने, युवा तथा महिला उद्यमशीलतालाई प्रोत्साहन गर्ने र सदस्यहरूको आयआर्जन तथा रोजगारी सिर्जनामा प्रत्यक्ष योगदान पुऱ्याउने नीति अवलम्बन गर्न आवश्यक छ ।

त्यसैगरी, संस्थाको दिगो विकासका लागि वित्तीय अनुशासन, सुशासन, पारदर्शिता, जोखिम व्यवस्थापन, कर्जा असुलीमा प्रभावकारिता, खराब कर्जा नियन्त्रण, पर्याप्त जोखिम व्यवस्थापन तथा नियमन प्रावधानहरूको पूर्ण पालना अपरिहार्य हुनेछ। सदस्यहरूको विश्वासलाई संस्थाको सबैभन्दा ठूलो पूँजीका रूपमा आत्मसात् गर्दै आधुनिक प्रविधिको अधिकतम प्रयोग, डिजिटल सेवा विस्तार, वित्तीय साक्षरता अभिवृद्धि र गुणस्तरीय सदस्य सेवामार्फत संस्थालाई अझ सक्षम र प्रतिस्पर्धी बनाउँदै लैजानुपर्नेछ ।

आज सम्मको यात्रामा संस्थाले एउटा बलियो आधार तयार गरिसकेको छ । अबको यात्रा अझ जिम्मेवार र चुनौतीपूर्ण छ। विगतमा हामीले सानो पूँजीलाई एकीकृत गरेर ठूलो पूँजी निर्माण गर्न सफल भयौँ भने अब यही पूँजीलाई उत्पादन, रोजगारी, उद्यमशीलता र आर्थिक समृद्धिसँग जोड्नु हाम्रो प्रमुख दायित्व हो। शेयर सदस्यहरूको आर्थिक जीवनस्तरमा वास्तविक परिवर्तन ल्याउने, सदस्यको आवश्यकता र क्षमतालाई केन्द्रमा राखेर वित्तीय सेवा प्रदान गर्ने तथा संस्थालाई दिगो, सक्षम, सुरक्षित र विश्वसनीय सहकारीका रूपमा स्थापित गर्ने हाम्रो आगामी संकल्प हुनुपर्छ।

अन्ततः संस्थाको स्थापनादेखि आजसम्मको यात्रामा साथ, सहयोग, विश्वास र योगदान गर्नुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरू नै यस सफलताको मुख्य आधार हुनुहुन्छ । आगामी दिनमा पनि यही एकता, विश्वास, पारस्परिक सहयोग, इमान्दारी र सामूहिक प्रतिबद्धतालाई निरन्तरता दिँदै संस्थालाई अझ सबल, सक्षम, प्रविधिमैत्री, पारदर्शी र सदस्यकेन्द्रित संस्थाका रूपमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दछौँ ।

मेहनत, इमान्दारिता, पारदर्शिता र गतिशिलताले समाजमा रुपान्तरण र विश्वास जित्न सकिन्छ भन्ने मान्यतालाई प्रमाणित गर्दै शेयर सदस्यहरुको व्यापक सहभागिता र विश्वासले गर्दा गत यस बर्ष ५,७८७ जना सकृय शेयर शेयर सदस्य, बचत संकलन तर्फ १ अर्ब ७६ करोड ७० लाख ८३ हजार १ सय ७८ रुपैया ,कर्जा लगानी तर्फ १ अर्ब ४६ करोड ८७ लाख ५८ हजार ९ सय २३ रुपैया पुऱ्याउन संस्था सफल भएको छ । र तरलता को रुपमा नगद तथा बैक तथा तरलता ३५ करोड ६७ लाख ७७ हजार ७ सय ४७ राखिएको छ र न्यूनतम २० प्रतिशत तरलता सन्चित गरेर सो भन्दा वढि भएको रकमलाई मात्र शेयर सदस्यहरुलाई कर्जा लगानी गरिने नीति लाई निरन्तरता दिइने छ ।

यस संगसंगै संस्थाको मुख्य आधार नै शेयर सदस्य भएकोले शेयर सदस्य सामिप्यता आजको सहकारी अभियानको चुनौती भएकोले शेयर सदस्यहरुको सुख-दुःखमा सहभागी हुने उद्धेश्यसहित “सुख

१७औं वार्षिक प्रतिवेदन २०८३

पर्दा दुःख पर्दा सूर्यदर्शनले गर्छ हाम्रो केयर शेयर सदस्य राहत योजनामा सहभागी हुन गरौं नियमित वचत, खरिद गरौं १० कित्ता शेयर" नारा सहित शेयर सदस्य राहत योजना गत आ.व. देखि नै सञ्चालनमा ल्याएको छौ ।

- ५ लाखको दुर्घटना विमा,
- १ लाखको जिवन विमा,
- दुर्घटना भइ वा विरामी भई अपरेसन गर्नुपर्ने भएमा अपरेसन खर्च १० हजार,
- सुत्केरी खर्च आमालाई ५ हजार(२ जना सम्म)र पोषण खर्च १ हजार,
- दीर्धकालीन रोग क्यान्सर,मुटु र मृगौला रोगमा १० हजार,
- शेयर सदस्यको मृत्यु भएमा २५ हजार**(विमा प्राप्त नहुने अवस्थामा),**
- शेयर सदस्यको श्रीमती वा श्रीमानको मृत्युमा १० हजार,
- शेयर सदस्यको छोरीको विवाहमा ५ हजार(२ जना सम्म),
- सत्तरी वर्ष पुरा भएको शेयर सदस्यलाई वार्षिक रुपमा दशै खर्च रु १ हजार २ सय ,
- एस. इ. इ. मा उत्कृष्ट छात्र-छात्रा लाई सम्मान,
- ५० हजार सम्म तत्काल सापटि सुविधा,
- सर्वसुलभ व्याजदरमा छरितो तरिकाले कर्जा सुविधा र
- बचतमा उचित व्याजदर,
- ऋणमा न्युन ब्याज

साथै सहयोग,पुरस्कार तथा सम्मानका कार्यक्रमहरु सञ्चालन गरेको छ । यस योजना अन्तरगत ३००० भन्दा बढि शेयर शेयर सदस्य आवद्ध भइसकेकोले आवद्ध नहुनुहुने सम्पुर्ण शेयर सदस्य महानुभावहरुलाई सहभागी भइ लाभ उठाउनुहुन अनुरोध गर्दछु । साथै शेयर सदस्यहरुको माग अनुसार यस योजनालाई परिमार्जन गरि अझ व्यापक बनाउदै लाने योजना रहेको छ ।

सहकारी संस्था नाफामुखी मात्र हुनुहुँदैन, यसले आफ्नो कार्यक्षेत्र भित्र रहेको समुदाय तथा शेयर सदस्यहरुको हित हुने,शेयर सदस्यहरुको चौतर्फी विकास हुने कार्यक्रम गर्नुपर्छ भन्ने उदेश्यले संस्थाले

- बृहत रक्तदान कार्यक्रम ,
- अध्यात्मिक जागरणको लागि योग कार्यक्रम साथै सूर्यदर्शन योग साधना केन्द्र स्थापना,
- तनाव व्यवस्थापन तथा खुसि कसरी रहने सम्वन्धी कार्यक्रम,
- बजार सरसफाई तथा बृक्षरोपण कार्यक्रम ,
- विपन्न विधार्थीहरुलाई शैक्षिक सामाग्री वितरण कार्यक्रम ,
- शिवरात्री प्रसाद वितरण कार्यक्रम,
- सास्कृतिक विकासको लागि तीज विशेष कार्यक्रम,
- होली मिलन कार्यक्रम,
- शेयर सदस्यहरुलाई धार्मिक,पर्यटकिय क्षेत्रको भ्रमण

१७औं वार्षिक प्रतिवेदन २०८३

जस्ता मीथका कार्यक्रमहरु अत्यन्त उत्साहप्रद शेयर सदस्य सहभागितामा सम्पन्न भयो र जसले सँस्था संग शेयर सदस्य समिप्यता कायम,शेयर सदस्यहरुमा संस्था प्रति विश्वास र भरोसा अत्याधिक स्थापना भएकोले आगामी दिनमा अझ व्यापक परिमार्जन गरी शेयर सदस्य केन्द्रित कार्यक्रमहरु कार्यक्रम तथा वजेटमा समावेश गरिएको छ ।

" **नानीमा लागेको बानी : आज बचाऊ, जिन्दगी भर रमाऊ** " भन्ने हेतुले यस संस्थाका शेयर सदस्यहरुको बालबालिकाहरुको उज्वल भविष्यको लागि सञ्चालनमा रहेको "**सूर्यदर्शन वाल भविष्य बचत**" खाताको प्रभावकारीतालाई ध्यानमा राखी यसलाई अझ प्रभावकारिताका साथ निरन्तरता दिदैं लगिने छ ।यस योजनालाई अझ प्रभावकारी वनाउन संस्थाले खाता खोलेकै बेला

- खुत्रुके वितरण,
- १० वर्ष अवधिको खाता खोलेमा खाता खोल्दा संस्थाले प्रोत्साहन स्वरुप १००० जम्मा गरिदिने,
- जन्मदिनमा केक उपहार, वार्षिक रुपमा स्कुलव्याग वितरण,
- प्रत्येक वर्ष वाल शैक्षिक अवलोकन भ्रमण गराउने योजना

हरु ल्याएकोले सम्पूर्ण शेयर सदस्यलाई आफ्नो बच्चाको खाता आफ्नै संस्थामा सञ्चालन गर्नुहुन अनुरोध गर्दछु ।

"तीर्थ जाने घुम्न जाने छोराछोरीलाई खर्च माग्ने कत्तिः आफ्नै खाता आफ्नै बचत आत्मसंम्मानको अनुभूति" भन्ने उदेश्यका साथ जेष्ठ शेयर सदस्यहरुको आत्मसम्मानको लागि **"जेष्ठ शेयर सदस्य बचत योजना"** सञ्चालनमा रहेको छ । यस योजना अर्न्तगत निम्न पर्दछन् ।

- ७० वर्ष भन्दा माथि उमेरका शेयर शेयर सदस्यहरुलाई दशैमा दशै खर्च बापत रु १००० उपलव्ध गराइने छ ।
- आवधिक बचतमा जेष्ठ शेयर सदस्यहरुलाई चलनचल्तीको व्याजदरमा थप ०.५० व्याज उपलव्ध गराइने छ ।

संस्थाको परिकल्पना "सबल, सुरक्षित र विश्वसनीय संस्था, समृद्ध शेयर सदस्य" भन्ने मूल अवधारणामा आधारित रहेको छ । शेयर सदस्यहरूको दीर्घकालिन आर्थिक सुरक्षा र समृद्धिलाई केन्द्रमा राख्दै विगतका आर्थिक वर्षदेखि नै संस्थाले सदस्यको वर्तमान आवश्यकतासँगै भविष्यको आर्थिक आवश्यकता पूरा गर्न सहयोग पुग्ने विभिन्न बचत तथा वित्तीय योजनाहरू सञ्चालनमा ल्याउदै आएको छ ।

आजको बदलिँदो आर्थिक परिवेशमा आम्दानीको केही हिस्सा नियमित रूपमा बचत गर्ने बानी नै भविष्यको आर्थिक सुरक्षाको महत्वपूर्ण आधार हो। यही उद्देश्यलाई आत्मसात् गर्दै संस्थाले "वर्तमानको बचत, भविष्यको भर कमाएकै बेला गरौं बचत, नपरोस् भविष्यमा अभर" भन्ने मूल सन्देशका साथ शेयर सदस्यहरूलाई नियमित तथा दीर्घकालीन बचततर्फ उत्प्रेरित गर्दै आएको छ ।

विशेषगरी, सदस्यहरूको उमेर, आम्दानी, पारिवारिक आवश्यकता तथा भविष्यका आर्थिक लक्ष्यलाई ध्यानमा राखी दीर्घकालीन बचत तथा धन सञ्चय गर्ने बचत सम्बन्धी **शेयर सदस्य अनिवार्य मासिक बचत** सञ्चालनमा ल्याइएको छ। यस्ता योजनाले सदस्यहरूलाई आजको आम्दानीबाट मासिक रु १०००

१७औं वार्षिक प्रतिवेदन २०८३

नियमित रूपमा बचत गरी भविष्यमा शिक्षा, स्वास्थ्य, घर निर्माण, व्यवसाय विस्तार, अवकाशपछिको जीवन तथा अन्य महत्वपूर्ण आर्थिक आवश्यकताका लागि आवश्यक स्रोत निर्माण गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । साथै आगामी दिनमा पनि सदस्यहरूको आवश्यकता र बदलिदो आर्थिक अवस्थालाई मध्यनजर गर्दै सुरक्षित, पारदर्शी, प्रविधिमैत्री र आकर्षक बचत योजनाहरू विकास तथा विस्तार गर्दै जाने नीति संस्थाले लिएको छ ।

संस्थाले २०८२/०८३ को अवधिमा सस्थाले निक्षेप संकलन वृद्धि तथा कर्जा लगानी र कर्जा असुलिमा समेत उल्लेख्य उपलब्धि हासिल गर्न सफल रहेको व्यहोरा शेयरधनी शेयर सदस्यहरुमा अवगत गराउन चाहन्छु ।

यहाहरुको जानकारीको लागि तुलनात्मक मुख्य-मुख्य वित्तिय आँकडाहरुको निम्न वमोजिम प्रस्तुत गरेको छु ।

क्र.सं.	विवरण	आ.व.२०७७/०७८	आ.व.२०७८/०७९	आ.व.२०७९/०८०	आ.व.२०८०/०८१	आ.व.२०८१/०८२	आ.व.२०८२/०८३
१	चुक्ता पूजी	१२,९०,४४,४००।००	१६,७१,२७,०००।००	१६०,९७७,२००।००	१७६,९४१,१००।००	१५२४२०९००।००	१२३,३२५,६००।००
२	कुल निक्षेप	१७,०१,५७,०३९।१७	१,३४,२६,७४,४२५।२८	१,३७४,७०१,३७९।८१	१,७७६,४८२,८५८।१८	१६९,४३५,७२०३।९०	१७६७०८३१७९।७८
३	कुल कर्जा	१,५३,१७,३४,९७९।९३	१५९,२९३०७४४।४८	१,४७७,६११,४१८।६५	१,७३३,७७१,७३१।५७	१६३६१९६७००।७४	१४६८७५८९२३।७५
४	कुल आय	२१,४६,९७,८३१।९८	२१,१६,२३,५२४।१०	२३७,८१८,१६९।५३	२६६,०७४,४१६।३५	२२८०४५३६०।३४	१७९८७८१७५।३६
५	कुल खर्च	१६,२०,०७,३३६।१९	१९,१५,४९,९३३।४७	२२७,७३३,६६७।२३	२५०,६६६,८०६।३९	२१२७५५८६७९०	१७४५३६६९७१
६	सं. मुनाफा	५,२६,९०,४९५।७९	२,००,७३,५९०।६३	१०,०८४,५०२।३०	१५,४०७,६०९।९६	११४९५५३५३।५८	४१८८७०६।६७
७	कुल कारोबार	१,७८,४२,५५,१८०।०१	१,९५,२३,८२,७२८।४४	१,९२६,८१५,१८१।५६	२,२८८,३९१,७८०।५५	२१८३८९५५२८।६८	२१७७६१०५३०।२४

१. प्रशासन व्यवस्थापन

सहकारी ऐन, सहकारी नियमावली, संस्थाको स्वीकृत विनियम, सहकारी मापदण्ड, सहकारी विभाग र कोशी प्रदेश सहकारी रजिष्टार तथा प्रशिक्षण कार्यालय,नेफ्सकुन,जिल्ला सहकारी संघको अनुगमन, निर्देशन तथा सञ्चालक समितिको प्रत्यक्ष रेखदेख तथा अधिनमा रहि संस्थाको दैनिक कार्य सञ्चालन हुँदै आइरहेको छ ।

२. मानव संसाधन व्यवस्थापन

प्रतिस्पर्धात्मक वातावरणमा गुणस्तरीय सेवा प्रवाहका लागि दक्ष, अनुशासित तथा उत्प्रेरित मानव संसाधन संस्थाको प्रमुख आधार हो। यसलाई आत्मसात् गर्दै संस्थाले “उचित पदमा उचित कर्मचारी“ को सिद्धान्तअनुसार कर्मचारीहरूको योग्यता तथा कार्यसम्पादनको मूल्याङ्कन गरी आवश्यक तालिम, पुरस्कार तथा प्रोत्साहनको व्यवस्था गर्दै आएको छ। कर्मचारीहरूको दीर्घकालीन हितलाई ध्यानमा राखी सामाजिक सुरक्षा कोष, उपदान कोष, बीमासहित तथा प्रचलित कानुनबमोजिम न्यूनतम पारिश्रमिकको व्यवस्था कार्यान्वयन गरिएको छ । हाल संस्थामा ३१ जना दक्ष कर्मचारी कार्यरत रहेका छन्। संस्थाले कर्मचारीहरूको ज्ञान, सीप र कार्यदक्षता अभिवृद्धिका लागि नियमित रूपमा क्षमता विकास तथा विषयगत तालिम सञ्चालन गर्दै आएको छ। कार्यसम्पादन मूल्याङ्कनका आधारमा भत्ता, तहवृद्धि, पुरस्कार तथा सम्मान प्रदान गरिने व्यवस्था रहेको छ भने आवश्यकताअनुसार कर्मचारी सेवा विनियमावली तथा प्रचलित कानुनबमोजिम अनुशासनात्मक व्यवस्था समेत अवलम्बन गरिएको छ। आगामी दिनमा पनि मानव संसाधनको क्षमता अभिवृद्धि, संगठनात्मक दक्षता तथा सेवाको गुणस्तरमा निरन्तर सुधार गर्दै सदस्यहरूलाई अझ प्रभावकारी, भरपर्दो र सदस्यमैत्री सेवा प्रदान गर्ने प्रतिबद्धता संस्थाले लिएको छ ।

३. प्रविधिको प्रयोग

शेयर सदस्यहरूलाई सहज, सुरक्षित र भरपर्दो सेवा उपलब्ध गराउने उद्देश्यले संस्थाले स्थापना

कालदेखि नै प्रविधिमैत्री सेवा प्रणालीलाई प्राथमिकता दिदै आएको छ। सोहीअनुसार संस्थामा **प्रिमियम सफ्टवेयर** सञ्चालनमा रहेको छ भने तथ्याङ्कको सुरक्षा सुनिश्चित गर्न क्लाउडमा आधारित डाटा व्यवस्थापन प्रणाली अवलम्बन गरिएको छ ।

डिजिटल सेवाको विस्तारका क्रममा संस्थाले सूर्यदर्शन मोवाइल एप सञ्चालनमा ल्याई सदस्यहरूलाई बचत तथा अन्य बैंकिङ सेवामा सहज पहुाच प्रदान गरेको छ । आगामी दिनमा पनि समयानुकूल नवीन प्रविधिको उपयोग गर्दै डिजिटल सेवाहरूलाई थप प्रभावकारी, सुरक्षित तथा सदस्यमैत्री बनाउने प्रतिबद्धता संस्थाको रहेको छ ।

४.संस्थागत सुशासन तथा जोखिम ब्यवस्थापन

संस्थाले सुशासन, पारदर्शिता, उत्तरदायित्व तथा प्रभावकारी जोखिम व्यवस्थापनलाई प्राथमिकतामा राखी आफ्नो व्यावसायिक गतिविधि सञ्चालन गर्दै आएको छ । दीर्घकालीन स्थायित्व र दिगो विकासलाई केन्द्रमा राखी नीति, विधि, कार्यविधि तथा प्रचलित कानुनको पूर्ण पालना गर्दै निर्णय प्रक्रियालाई थप व्यवस्थित र प्रभावकारी बनाइएको छ।

संस्थाले कर्जा जोखिमलाई प्रमुख जोखिमका रूपमा पहिचान गरी प्रभावकारी कर्जा मूल्याङ्कन, जोखिम विश्लेषण तथा कर्जा उपसमितिको सिफारिसका आधारमा मात्र कर्जा स्वीकृत गर्ने व्यवस्था अवलम्बन गरेको छ। साथै, सहकारी विभागको मापदण्डअनुसार कर्जा वर्गीकरण तथा जोखिम कोषको व्यवस्था गरिएको छ ।

सञ्चालन जोखिम न्यूनीकरणका लागि नगदरहित कारोबारलाई प्रोत्साहन, मोबाइल भुक्तानी सेवा विस्तार, उच्च रकमको भुक्तानी चेकमार्फत गर्ने व्यवस्था, सीसीटीभी निगरानी तथा नगद, स्थिर सम्पत्ति र कार्यालय सामग्रीको बीमा गरिएको छ ।

आन्तरिक नियन्त्रण प्रणालीलाई थप सुदृढ बनाउन लेखा समिति, आन्तरिक तथा बाह्य लेखापरीक्षण प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिएको छ। साथै, कर्मचारीहरूको क्षमता अभिवृद्धि तथा जोखिम सचेतना विकासका लागि नियमित तालिम सञ्चालन गर्दै संस्थागत सुशासन र सेवा गुणस्तरलाई निरन्तर सुदृढ बनाइदै आएको छ ।

५. शेयर पूँजी :

संस्थाको चुक्ता शेयर पूँजी २०८३ आषाढ मसान्तसम्ममा १२ करोड ३३ लाख २५ हजार ६०० रुपैया पुऱ्याउन संस्था सफल रहेको व्यहोरा शेयरधनी शेयर सदस्यहरु माझ जानकारी गराउन चाहन्छु । संस्थले चालु आ.व. मा जम्मा सम्पत्तिको १० प्रतिशत कायम गर्ने नीति लिई शेयर वृद्धि गर्न नयाँ शेयर शेयर सदस्यलाई न्यूनतम १० हजार शेयर खरिद गर्न र पुराना शेयर शेयर सदस्यलाई शेयर थप गर्न प्रोत्साहन गरिने छ । साथै यस वर्षमा शेयर सदस्यता स्थायित्व, वृद्धि तथा शेयर सदस्यता विस्तारका लागि शेयर सदस्य सामीप्यता कायम गर्ने नीति अवलम्बन गरिने नीति लाई निरन्तरता दिइने छ । जसको लागि समाजमा आधारित सास्कृतिक,आर्थिक,शैक्षिक,खेलकुद जस्ता बहुआयामिक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

६. कोष :

संस्थाको चुक्ता शेयर पूँजी २०८३ आषाढ मसान्तसम्ममा साधारण जगेडा कोष तर्फ ११ करोड

४७ लाख ६९ हजार ५ सय २६ रुपैया ९५ पैसा र अन्य कोषहरु तर्फ ८४ लाख ९९ हजार ४ सय ५० रुपैया ४३ पैसा सहित १२ करोड ३२ लाख ६८ हजार ९ सय ७७ रुपैया ३८ पैसा पुऱ्याउन संस्था सफल रहेको व्यहोरा शेयरधनी शेयर सदस्यहरु माँझ जानकारी गराउन चाहन्छु ।

७. शेयर सदस्यता

२०८३ आषाढ मसान्तसम्ममा यस संस्थामा आवद्ध शेयर सदस्यको संख्या ५,७८७ जना पुगेको छ जसमा महिला शेयर सदस्य २,४५८ जना र पुरुष शेयर शेयर सदस्य ३,३२० जना र अन्य ०९ रहेको छ ।

८. बचत (निक्षेप) संकलन :

२०८३ आषाढ मसान्त सम्ममा शेयर सदस्यहरुको कुल वचत १ अर्व ७६ करोड ७० लाख ८३ हजार १ सय ७९रुपैया ७८ पैसा निक्षेप रहेको छ । जसमा नियमित प्रकृतिको बचत र आवधिक प्रकृतिको बचत प्रतिशत रहेको छ । साथै संस्थाले दैनिक मौज्दातमा ब्याज दिने भएको हुँदा सम्पूर्ण शेयरधनी शेयर सदस्य महानुभावहरुलाई आफ्नो व्यवसायिक कारोवार, व्यक्तिगत बचत समेतको कारोबार संस्था मार्फत नै गर्नु हुन अनुरोध छ । वचतको व्याजदर समय सापेक्ष परिवर्तन गर्न सकिने व्यहोरा जानकारी गराउन चाहान्छु ।

९. कर्जा तथा सापटी :

२०८३ आषाढ मसान्त सम्ममा कर्जा लगानीमा १ अर्ब ४६ करोड ८७ लाख ५८ हजार ९ सय २३ रुपैया ७५ पैसा मात्र कर्जा लगानीमा रहेको छ ।कर्जाको व्याजदर समय सापेक्ष परिवर्तन गर्न सकिने व्यहोरा जानकारी गराउन चाहान्छु । लगानि पुर्व गरिने अध्ययन ५ सि विश्लेषण तथा ऋण सदुपयोगिता लाई प्रभावकारी वनाई उत्पादनशील क्षेत्रमा मात्र प्रति शेयर सदस्य वढिमा १ करोड सम्म मात्र लगानी गर्ने नीति अवलव्मवन गरिने छ । साथै दैनिक प्रकृतिको किस्ता बुझाउने शेयर सदस्यहरुलाई ०.५ प्रतिशत ब्याज छुट गरिने जानकारी गराउन चाहान्छु ।

१०. बाह्य कर्जा :

२०८३ आषाढ मसान्त सम्ममा राष्टिय सहकारी बैक र नेफ्सकुन वाट कर्जा सापटि रु १० करोड २९ लाख २२ हजार ७ सय ८० रुपैया ३८ पैसा रहेको छ । चालु आ.व.को अन्त्य भित्रमा सम्पूर्ण वाह्य कर्जा कम गर्दै लैजाने लक्ष्य रहेको जानकारी गराउन चाहान्छु ।

११. स्थिर सम्पती

२०८३ आषाढ मसान्त सम्ममा संस्थामा जम्मा स्थिर सम्पती २३ करोड २० लाख ६९ हजार ८ सय ३७ रुपैया ३ पैसा रहेको छ । संस्थाको कार्यसञ्चालन, सेवा प्रवाह तथा भावी आवश्यकता पूरा गर्न आवश्यक पर्ने स्थिर सम्पत्ति आवश्यकता र औचित्यका आधारमा खरिद गर्नुपर्ने तथा संस्थालाई आवश्यक नरहेको, प्रयोगविहीन वा अनुपयोगी स्थिर सम्पत्ति प्रचलित कानून तथा संस्थाको विनियमबमोजिम बिक्री वा व्यवस्थापन गर्नुपर्ने भएकोले सो सम्बन्धमा आवश्यक प्रक्रिया अगाडि बढाउने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने प्रस्ताव पेश गरिएको छ।

१२ गैर बैकिङ्ग सम्पती :

संस्थाले ऋण असुलीका क्रममा प्राप्त गरेको तथा हाल संस्थाको स्वामित्वमा रहेको गैर-बैंकिङ

सम्पत्ति तपसिलमा उल्लेख भएबमोजिम रहेको हुादा उक्त सम्पत्तिको संरक्षण, व्यवस्थापन तथा प्रचलित कानून, संस्थाको विनियम तथा स्वीकृत कार्यविधिको अधीनमा रही बिक्री/व्यवस्थापन गर्ने सम्पूर्ण आवश्यक प्रक्रिया अगाडि बढाउन सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने प्रस्ताव साधारण सभासमक्ष पेश गर्न चाहान्छु ।

क. स.	जग्गा धनी	जग्गाको ठेगाना	हालको ठेगाना	कित्ता नं.	क्षेत्रफल
१	सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.दमक-६ झापा	अनारमनी -४	बिर्तामोड न.पा.-४	८	२८८.३०ब.मि. (३ तले घर समेत)
२		मधुमल्ला-४ ख	दमक न.पा.-३	५९३	०-२-१७
३		दमक-६ ख	दमक न.पा.-७	३९२	०-०-८
४		लखनपुर-४	कमल गा.पा.-६	८६, ८२, ५२	०-६-५, ०-६-१५, ०-९-१२
५		मधुमल्ला-६ ख	कमल गा.पा.-६	४०५४, ४०५५	०-०-५, ०-२-७
६		राजघाट-७ ग	उर्लाबारी न.पा.-८	७९८, ८००	०-४-४, ०-४-३

१३. कुल आम्दानी :

संस्थाले आ.ब. २०८२/०८३ मा कर्जा लगानी, बैकबाट ब्याज आम्दानी र अन्य आम्दानी गरी कुल रू. १७ करोड ९८ लाख ७८ हजार १ सय ७५ रुपैयाा ३६ पैसा आर्जन गर्न संस्था सफल रहेको व्यहोरा शेयरधनी शेयर सदस्यहरु माझ जानकारी गराउन चाहन्छु ।

१४. कुल खर्च :

संस्थाले आ.व. २०८२/०८३ मा बचतको व्याज खर्च र बैक ऋणको ब्याज खर्च गरि जम्मा व्याज खर्च तर्फ रू. १३ करोड १६ लाख ०९ हजार २ सय ८० रुपैयाा ८२ पैसा, कर्मचारी खर्च २ करोड ८७ लाख १७ हजार ६ सय ३८ रुपैया ९९ पैसा र प्रशार्सनिक खर्च तर्फ रू. १ करोड १५ लाख ९ सय ३१ रुपैया २८ पैसा गरी कुल खर्च १७ करोड ४५ लाख ३६ हजार ६ सय ९७ रुपैया ७१ पैसा खर्च हुन गएको व्यहोरा शेयर शेयर सदस्यहरु माझ जानकारी गराउन चाहान्छु ।

१५. ह्रासकट्टी

ह्रासकट्टि खर्च २७ लाख ८ हजार ८ सय ४६ रुपैया १ पैसा व्यवस्था गरिएको व्यहोरा शेयरधनी शेयर सदस्यहरु माझ जानकारी गराउन चाहन्छु ।

१६. खुद बचत(मुनाफा) (ह्रासकट्टी ,कर्जा सुरक्षण कोषको र आयकर व्यवस्था अघि) :

आर्थिक मन्दी अवस्था, बैंक वित्तिय संस्था तथा सहकारी संस्थाहरुको संख्यात्मक वृद्धिको कारणले उब्जाएको अस्वस्थ्य प्रतिपर्धा निक्षेप तथा कर्जाको व्याजमा भएको अस्वभाविक बृद्धि जस्ता अवस्थाको बाबजुत संस्थाले ह्रासकट्टी र कर्जा सुरक्षण कोषको व्यवस्था, कर व्यवस्था गर्नु अघिको सञ्चालन मुनाफा रू. ४१ लाख ८८ हजार ७ सय ६ रुपैया ६७ पैसा आर्जन गर्न सफल रहेको व्यहोरा शेयरधनी शेयर सदस्यहरु माझ सहर्ष जानकारी गराउन चाहान्छु ।

१७औं वार्षिक प्रतिवेदन २०८३

१७. कुल कारोबार :

संस्थाले २०८३ आषाढ मसान्त सम्ममा विभिन्न अवसर र चुनौती का बाबजुत पनि रू. २ अर्ब १७ करोड ७६ लाख १० हजार ५ सय ३० रुपैया २४ पैसा पुऱ्याउन संस्था सफल रहेको व्यहोरा शेयरधनी शेयर सदस्यहरु माझ सहर्ष जानकारी गराउन चाहन्छु ।

१८. बचत बाँडफाँड :

आदरणीय शेयरधनी शेयर सदस्य महानुभावहरु, यस संस्थाले आ.ब. ०८२/०८३ मा आर्जन गरेको कुल बचत बाट कर्जा नोक्सानी ब्यवस्था ११ लाख ५२ हजार ७ सय ७१ रुपैया ५८ पैसा, ह्रासकट्टि खर्च २७ लाख ८ हजार ८ सय ४६ रुपैया ०१ पैसा र आयकर व्यवस्था रू. ४ लाख ८० हजार ७ सय ४१ रुपैया ७६ पैसा, NERS समायोजन कोषमा २२ लाख ९ हजार ९ सय ९२ रुपैया व्यवस्था गरी बाँकी खुद बचत रू. १४ लाख ६३ हजार ९ सय ६१ रुपैया ३३ पैसा लाई देहाय अनुसारको कोषहरुमा बाडफाड गरिएको जानकारी गराउादछु ।

१.	**साधारण जगेडा कोष तर्फः**	**(४ लाख १ रुपैया ९१ पैसा)**
१.	**संरक्षित पुजी कोष तर्फः**	**(२ लाख ७४ हजार ४ सय ९२ रुपैया ७५ पैसा)**
२.	**सहकारी प्रवर्धन कोष**	**(५ हजार ४ सय ८९ रुपैया ८५ पैसा)**
१.	**शेयर लाभांश कोष तर्फः**	**(४ लाख ९० हजार ७ सय ९३ रुपया ०४ पैसा)**
२.	**कर्मचारी वोनस कोष तर्फः**	**(१ लाख २२ हजार ६ सय ९८ रुपैया २६ पैसा)**
३.	**सहकारी शिक्षा कोष तर्फः**	**(४० हजार ८ सय ९९ रुपया ४२ पैसा)**
४	**सहकारी विकास कोष**	**(४० हजार ८ सय ९९ रुपया ४२ पैसा)**
५	**नोक्सान जगेडा कोष**	**(४० हजार ८ सय ९९ रुपया ४२ पैसा)**
६.	**समुदायीक विकास कोष**	**(४० हजार ८ सय ९९ रुपया ४२ पैसा)**
७.	**अन्य जोखिम ब्यवस्थापन कोष**	**(४० हजार ८ सय ९९ रुपया ४२ पैसा)**

आदरणीय शेयरधनीशेयर सदस्य महानुभावहरु, संस्थाले आर्जन गरेको खुद मुनाफालाई विभिन्न कोषहरुमा बाँडफाँड गरि विनियोजन गरिएको रकमहरुलाई यस सभाबाट अनुमोदन हुने नै छ भन्ने विश्वास मैले लिएको छु ।

१९. कार्यालय विमाको व्यवस्था

आदरणीय शेयरधनी शेयर सदस्य महानुभावहरु, असुरक्षित एवम् जोखिमपुर्ण अवस्थामा पनि संस्थामा करोवार सुरक्षित गर्नको लागि संस्थाको सेफको २ करोड र काउन्टरको ५० लाख वरावरको विमाको व्यवस्था गरिएको छ । साथै भवनको ५० लाख वरावरको भवन विमा गरिएको छ ।

२०. शेयर सदस्य विमाको व्यवस्था

शेयर सदस्य विमा कार्यक्रम संस्थाले सञ्चालन गर्दै आएको शेयर सदस्य विमा कार्यक्रम अन्तरगत शेयर सदस्यहरुको नियमित मासिक बचत खातामा बचत गर्ने शेयर सदस्यहरुको ५ लाख वरावरको दुर्घटना विमा गरिएको छ ।

२१. शेयर सदस्य राहत योजना

यस शेयर सदस्य राहत योजना अन्तरगत शेयर सदस्यहरुलाई उपलब्ध गराउदै आएको राहत गत वर्ष तपशिल बमोजीम वितरण गरिएको जानकारी गराउन चाहान्छु ।

- शेयर सदस्य अपरेशन खर्च अर्न्तत रु.१ लाख बीस हजार,
- सुत्केरी पोषण खर्च अन्तर्गत रु ५४ हजार,
- सदस्यको छोरीको विवाहमा खर्च २५ हजार,
- सदस्यको मृत्यु २५ हजार,
- जेष्ठ नागरिक सम्मान २९ हजार

२२. कार्यक्षेत्र

संस्थाको कार्यक्षेत्र राज्य पुर्नसंरचना हुनुभन्दा अघिको भद्रपुर न.पा. र मेचीनगर न.पा. वाहेक झापा जिल्ला भरी रहेको शेयर शेयर सदस्य माझ अवगत गराउन चाहन्छु । साथै सम्वन्धीत निकायमा थप कार्यक्षेत्र विस्तारका लागि पहल गर्दै जाने जानकारी गराउन चाहान्छु ।

२३ वेभसाइट :

संस्थाले आफ्ना गतिविधिहरूलाई वेभसाइटमा राखेर विश्वभरि संस्थाका सुचना तथा गतिविधिहरूलाई प्रचारप्रसारमा ल्याएको छ । संस्थाको वेभसाइट निर्माण भएकोले इन्टरनेट मार्फत सूर्यदर्शन सहकारीको बारेमा सम्पूर्ण जानकारीहरू हेर्न सकिने छ ।इन्टरनेट मार्फत वेभसाइट www.suryadarshan.coop.np मा संस्थाका सम्पूर्ण गतिविधिहरू हेर्न सकिन्छ । साथै facebook page (Suryadarshan Saving Damak-6) like गरी संस्थाको सम्पुर्ण गतिविधि हेर्न सक्नुहुनेछ ।

२४.संस्थाले सम्पत्ति शुद्धीकरण निवारण

संस्थाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी प्रचलित कानून, निर्देशिका तथा नियामक निकायबाट प्राप्त निर्देशनहरुको परिपालना गर्दै आ.व. २०८२/८३ मा निम्नानुसार कार्य सम्पादन गरेको व्यहोरा जानकारी गराउादछु :

क) **कार्यविधि :** संस्थामा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्यविधि संचालक समितिबाट स्वीकृत भई लागू भएको छ । (**कार्यविधि स्वीकृत मिति :२०८२**)

ख) **goAML दर्ता:** संस्था नयबी (Production Environment) मा मिति २०८०।०६।२० देखि दर्ता भई सक्रिय रहेको छ ।

ग) **कार्यान्वयन अधिकारी:** सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्यको कार्यान्वयनको जिम्मेवारी श्री होम प्रसाद श्रेष्ठ (पद: लेखा विभाग प्रमुख) लाई तोकिएको छ ।

घ) **समीक्षा बैठक:** आ.व. २०८२/८३ मा संचालक समितिबाट सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी विषयमा जम्मा १७ पटक समीक्षा बैठक सम्पन्न भएको छ ।

ङ) **नियामक निकायमा पठाइएका प्रतिवेदनहरु:**

सीमा कारोबार प्रतिवेदन (TTR): **२१ वटा**

शंकास्पद कारोबार/क्रियाकलाप (STR/SAR): नभएको

च) **सदस्य पहिचान (KYM) फारमः**
फारम भरिएका सदस्य संख्याः **३,३१७** जना
फारम भर्न बाँकी सदस्य संख्याः **२,४७०** जना

छ) **जोखिम वर्गीकरणः** संस्थामा हालसम्म न्युन जोखिम (low Risk) जोखिम वर्गीकरण (Risk Categorization) भएको सदस्यहरुको मात्र पहिचान छ ।

ज) **पूर्वाधारमा लगानीः** सम्पत्ति शुद्धीकरण निवारणलाई प्रभावकारी बनाउन संस्थाले प्रयोग गर्ने सफ्टवेयर बाट नैं भुक्तनी र जम्मा कारोबारको नियन्त्रण हुने र सफ्टवेयर बाटै goAML मा रिपोर्ट गर्न मिल्ने डाटा download गर्न मिल्ने व्यवस्था गरिएको छ ।

झ) **आगामी योजनाः** आगामी वर्षका लागि संस्थाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी नियामक निकायहरुबाट जारी भएको आदेशहरुको पालना, अध्यावधिक हुन बाँकी सदस्य पहिचान (KYM) फारम पुरा गर्ने,कर्मचारी तालिम, सफ्टवेयर स्तरोन्नति, स्वचालित अनुगमन प्रणाली लागू गर्ने आदि कार्यहरु गर्ने योजना रहेको छ ।

२५. कार्य विधि संसोधन

- मानव संसाधन कार्यविधि
- आर्थिक प्रशासन कार्यविधि
- कर्जा नीति तथा कार्यविधि
- बचत नीति तथा कार्यविधि
- सम्पत्ति सुद्धिकरण

२६.विनियम संसोधन

विनियम प्रथम संसोधन २०८३

सुर्यदर्शन वचत तथा ऋण सहकारी संस्था लिमिटेड दमक ०६, झापाको मिति २०६६।१२। २३ मा दर्ता हुदाको स्विकृत विनियम २०६६ लाई आवश्यक्ताको आधारमा सहकारी ऐन नियम अनुसार मिति २०८० मा पुर्नलिखित विनियममा राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी मापदण्ड तथा अन्य निर्देशनसँग बाझिएका विषयहरुलाई संसोधन गर्नुपर्ने आवश्यक्ता भएकोले संचालक समितिको तर्फबाट मस्यौदा तयार गरी २०८३।०६।०२ देखि ९ गते सम्म सम्पन्न गरीने १७ औ वार्षिक साधारण सभाबाट पारित गर्ने गरी केहि वुदा हरु परिवर्तन सहित निम्न अनुसारको संसोधन स्विकृत लिई स्विकृत भएको मिति देखि लागु हुनेगरी विनियम प्रथम संसोधन मस्यौदा २०८३ पास गर्नका लागी पेश गर्दछु ।

विनियम संसोधन मस्यौदा २०८३

विद्यमान अवस्था	परिवर्तन गरिएको/थप गरिएको/हटाइएको	कारण
परिच्छेद १ को दफा ३ मा थप गर्ने	परिच्छेद १ को दफा ३ मा थप (स)"मन्त्रालय" भन्नाले प्रदेशको सहकारी सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ।	

	(ष)"परिवार" भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नुपर्ने दाजु, भाउजु भाइ, बुहारी र दिदी बहिनी सम्झनुपर्छ। (ह)"बचतकर्ता" भन्नाले संस्थामा प्रचलित कानून बमोजिम बचत जम्मा गर्ने सदस्यलाई सम्झनुपर्छ। (क्ष)"ऋणी सदस्य" भन्नाले संस्थाबाट ऋण प्राप्त गरी साँवा, ब्याज वा अन्य दायित्व भुक्तानी गर्न बाँकी रहेको सदस्यलाई सम्झनुपर्छ। (त्र)"बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम मुख्य कारोबार बचत तथा ऋणमा केन्द्रित रहेको सहकारी संस्थालाई सम्झनुपर्छ। (ज्ञ)"नियामक निकाय" भन्नाले संस्थाको कार्यक्षेत्र अनुसार प्रचलित कानून बमोजिम नियमन गर्ने अधिकार प्राप्त निकायलाई सम्झनुपर्छ। (क क)"राष्ट्रिय सहकारी नियमन प्राधिकरण" भन्नाले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन तथा सुपरिवेक्षणका लागि प्रचलित कानून बमोजिम स्थापना भएको प्राधिकरणलाई सम्झनुपर्छ। (क ख)"सहकारी कर्जा सूचना केन्द्र" भन्नाले सहकारी संस्थाबाट प्रवाह भएको कर्जा तथा ऋणीसम्बन्धी सूचना संकलन, आदान-प्रदान तथा व्यवस्थापन गर्ने प्रचलित कानून बमोजिमको केन्द्रलाई सम्झनुपर्छ। (क ग)"सहकारी बचत तथा कर्जा सुरक्षण कोष" भन्नाले सहकारी संस्थामा रहेको सदस्यको बचत तथा संस्थाले प्रवाह गरेको कर्जाको सुरक्षणसम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको कोषलाई सम्झनुपर्छ। (क घ)"समस्याग्रस्त सहकारी संस्था " भन्नाले प्रचलित कानून बमोजिम समस्याग्रस्त घोषणा भएको सहकारी संस्थालाई सम्झनुपर्छ। (क ङ)"व्यक्तिगत बचत सीमा" भन्नाले प्रचलित कानून/नियामक निकायले तोकेको सीमाभित्र कुनै सदस्यले संस्थामा राख्न पाउने व्यक्तिगत बचत रकमलाई सम्झनुपर्छ। (क च)"व्यक्तिगत ऋण सीमा" भन्नाले प्रचलित	समयानुसार आवश्यक परिभाषा थप तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणको व्यवस्था अनुसार थप गरिएको ।

	कानून/नियामक निकायले तोकेको सीमाभित्र कुनै सदस्यलाई संस्थाले प्रदान गर्न सक्ने अधिकतम ऋण रकमलाई सम्झनुपर्छ। (क छ)"स्रोत खुलासा" भन्नाले प्रचलित कानून बमोजिम सदस्यले संस्थामा जम्मा गर्ने निश्चित सीमाभन्दा माथिको रकमको आय/रकमको स्रोतसम्बन्धी विवरण पेश गर्ने प्रक्रियालाई सम्झनुपर्छ। (क ज)"सम्पत्ति शुद्धीकरण" भन्नाले गैरकानूनी रूपमा प्राप्त सम्पत्तिलाई वैध सम्पत्तिको रूपमा देखाउने कार्यलाई सम्झनुपर्छ। (क झ)"जोखिममा आधारित अनुगमन" भन्नाले संस्थाको कारोबार, सदस्य, ऋण तथा वित्तीय जोखिमको स्तरका आधारमा गरिने अनुगमनलाई सम्झनुपर्छ। (क ञ)"विद्युतीय कारोबार" भन्नाले विद्युतीय माध्यमबाट बचत जम्मा, भुक्तानी, रकम स्थानान्तरण तथा अन्य वित्तीय कारोबार गर्ने कार्यलाई सम्झनुपर्छ। (क ट)"COPOMIS" भन्नाले भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्बन्धी व्यवस्थापन सूचना प्रणालीलाई सम्झनुपर्छ। (क ठ)"सहुलियत पसल" भन्नाले संस्थाका सदस्य तथा सर्वसाधारण उपभोक्तालाई आवश्यक दैनिक उपभोग्य वस्तु, खाद्यान्न, किराना, कृषि सामग्री तथा अन्य स्वीकृत वस्तुहरू गुणस्तरीय रूपमा सहुलियतपूर्ण तथा प्रतिस्पर्धी मूल्यमा उपलब्ध गराउने उद्देश्यले संस्थाले सञ्चालन गरेको पसल वा बिक्री-वितरण केन्द्रलाई सम्झनुपर्छ। (क ड)"लघु उद्योग" भन्नाले सदस्यहरूको सीप, श्रम, पूँजी तथा स्थानीय स्रोत-साधनको उपयोग गरी सानो आकारमा सञ्चालन गरिने उत्पादनमूलक, प्रशोधनमूलक वा सेवामूलक उद्योगलाई सम्झनुपर्छ। (क ढ)"सहकारी व्यवसाय" भन्नाले संस्थाले आफ्ना सदस्यको आर्थिक तथा सामाजिक हित, सदस्य सेवा, आयआर्जन प्रवर्द्धन तथा संस्थाको दिगो विकासका लागि प्रचलित कानून, यस विनियम र स्वीकृत कार्ययोजनाबमोजिम सञ्चालन गर्ने वस्तु तथा सेवा सम्बन्धी व्यवसायलाई सम्झनुपर्छ।	समयानुसार आवश्यक परिभाषा थप तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणको व्यवस्था अनुसार थप गरिएको ।

	(क ण)"उत्पादनमूलक व्यवसाय" भन्नाले कृषि, पशुपालन, खाद्य प्रशोधन, घरेलु तथा हस्तकला, उपभोग्य वस्तु उत्पादन तथा अन्य स्वीकृत वस्तुको उत्पादन तथा प्रशोधन गर्ने व्यवसायलाई सम्झनुपर्छ। (क त)"सेवामूलक व्यवसाय" भन्नाले सदस्य तथा समुदायलाई आवश्यक पर्ने प्रचलित कानूनबमोजिम सञ्चालन गर्न मिल्ने विभिन्न सेवा प्रदान गर्ने व्यवसायलाई सम्झनुपर्छ। (क थ)"बजारीकरण" भन्नाले संस्थाले सञ्चालन गरेको उद्योग वा व्यवसायबाट उत्पादित वस्तु तथा सेवाको प्रचार-प्रसार, बिक्री-वितरण, ब्राण्डिङ, प्याकेजिङ तथा बजार व्यवस्थापन गर्ने कार्यलाई सम्झनुपर्छ। (क द) "सदस्य सेवा व्यवसाय" भन्नाले सदस्यहरूको दैनिक आवश्यकता, आयआर्जन, स्वरोजगार तथा आर्थिक हित प्रवर्द्धन गर्ने उद्देश्यले संस्थाले सञ्चालन गर्ने सहुलियत पसल, लघु उद्योग तथा अन्य स्वीकृत व्यवसायलाई सम्झनुपर्छ। (क ध) "व्यवसायिक परियोजना" भन्नाले संस्थाले सञ्चालन गर्ने सहुलियत पसल, लघु उद्योग, उत्पादनमूलक वा सेवामूलक व्यवसायका लागि तयार गरिएको उद्देश्य, लगानी, सञ्चालन, आम्दानी, खर्च, जोखिम तथा प्रतिफलसम्बन्धी विवरणसहितको स्वीकृत योजना सम्झनुपर्छ।	
परिच्छेद १ को दफा ३ (ङ)"विनियम" भन्नाले सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.को विनियम २०८० सम्झनुपर्छ। (ख) "विशेष जिम्मेवारी" भन्नाले विनियमको दफा ४२ बमोजिम सुम्पिएको जिम्मेवारी सम्झनुपर्छ।	परिच्छेद १ को दफा ३ (ङ) "विनियम" भन्नाले **सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. दमक- ६ झापा** को विनियम २०६६ को पुर्नलिखित विनियम २०८० सम्झनुपर्छ। (ख) "विशेष जिम्मेवारी" भन्नाले विनियमको दफा ४३ बमोजिम सुम्पिएको जिम्मेवारी सम्झनुपर्छ।	विनियम पुर्नलेखनको क्रममा त्रुटि भएको हुँदा सच्याई परिवर्तन गरिएको।
परिच्छेद २ को दफा ४ मा उपदफा थप	परिच्छेद २ को दफा ४ मा उपदफा थप १२) सदस्यहरूको दैनिक उपभोग्य वस्तु तथा आवश्यक सेवाहरू सहुलियतपूर्ण मूल्यमा उपलब्ध गराउने उद्देश्यले संस्थाको स्वामित्व तथा	संस्थाले स्थानिय रोजगारी सृजना गरी उत्पादन मुलक क्षेत्रमा योगदान गर्ने रतरलता व्यवस्थापन गरी

	व्यवस्थापनमा सहुलियत पसल सञ्चालन गर्ने। १३) आयआर्जन तथा स्वरोजगार प्रवर्द्धन गर्ने उद्देश्यले सदस्यको सीप, श्रम, पूँजी तथा स्थानीय स्रोत-साधनमा आधारित लघु तथा साना उद्योग, उत्पादनमूलक तथा सेवामूलक व्यवसाय सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा बजारीकरण गर्ने।	सदस्यहरुलाई अधिकतम सेवा दिन ।
नयाँ सदस्य बनाउनुअघि र ऋण लगानी गर्नुअघि वित्तीय साक्षरता/अभिमुखीकरण प्रशिक्षण दिनुपर्ने बाध्यात्मक व्यवस्था विनियममा छैन।	परिच्छेद २ को दफा ५ मा उपदफा १५ थप उपदफा (१५) संस्थाले नयाा सदस्य बनाउनुपूर्व तथा ऋण लगानी गर्नुपूर्व वित्तीय साक्षरतासम्बन्धी अभिमुखीकरण प्रशिक्षण अनिवार्य रूपमा प्रदान गर्ने।	राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्ड २०५२ को परिच्छेद ८, बुँदा ८ अनुसार थप गरिएको।
सदस्यलाई संस्थाका सेवा-सुविधा (बचत खाता, प्रवेश शुल्क, ब्याजदर, ऋण शुल्क आदि) बारे संक्षिप्त जानकारी दिने पुस्तिका/सदस्य बडापत्र सार्वजनिक स्थानमा राख्ने व्यवस्था विनियममा छैन।	परिच्छेद २ को दफा ५ मा उपदफा १६ थप उपदफा (१६) संस्थाले सेवा-सुविधाको संक्षिप्त विवरण/पुस्तिका तयार गरी सदस्यलाई उपलब्ध गराउने र आधारभूत सेवा-सुविधाको जानकारी दिने "सदस्य वडापत्र" सबैले देख्ने ठाउमा टासी अद्यावधिक गर्ने।	राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्ड २०५२ को परिच्छेद ८, बुँदा ६ र ७ अनुसार थप गरिएको।
संस्थाको मासिक रुपमा वित्तीय विवरण सार्वजनिक गर्ने व्यवस्था विनियममा छैन।	परिच्छेद २ को दफा ५ मा उपदफा १७ थप उपदफा (१७) संस्थाले प्रत्येक महिनाको ७ गतेभित्रमा गत महिनाको वित्तीय विवरण संस्थाको सूचना पाटी, वेबसाईट तथा सामाजिक सञ्जाल मार्फत सार्वजनिक गर्ने।	सहकारी विभागको २०७९ असार ३१ गतेको निर्देशन अनुसार थप गरिएको।
परिच्छेद २ को दफा ५ मा उपदफा थप	परिच्छेद २ को दफा ५ मा उपदफा थप १८) सदस्यहरूको दैनिक उपभोगका आवश्यक वस्तुहरू ग्राहणस्तरीय तथा सहुलियतपूर्ण मूल्यमा उपलब्ध गराउन सहुलियत पसल सञ्चालन गर्ने। १९) सहुलियत पसल सञ्चालनका लागि आवश्यक खाद्यान्न, किराना, कृषि सामग्री, घरेलु उपभोग्य वस्तु तथा अन्य स्वीकृत वस्तुहरूको थोक तथा खुद्रा खरिद, भण्डारण तथा बिक्री-वितरण गर्ने। २०) सदस्यहरूको सीप, श्रम, पूँजी तथा स्थानीय स्रोत-साधनको उपयोग गरी लघु तथा साना उद्योग, उत्पादनमूलक तथा सेवामूलक व्यवसाय सञ्चालन गर्ने। २१) संस्थाले सञ्चालन गर्ने उद्योग वा व्यवसायबाट उत्पादित वस्तु तथा सेवाको बिक्री-वितरण तथा बजारीकरण गर्ने।	संस्थाले स्थानिय रोजगारी सृजना गरी उत्पादन मुलक क्षेत्रमा योगदान गर्ने रतरलता व्यवस्थापन गरी सदस्यहरुलाई अधिकतम सेवा दिन ।

	२२) सदस्य तथा स्थानीय समुदायबाट उत्पादित कृषि, घरेलु तथा लघु उद्योगका वस्तुहरूको संकलन, प्रशोधन, प्याकेजिङ, ब्राण्डिङ तथा बजारीकरण गर्ने। २३) लघु उद्योग तथा स्वरोजगार प्रवर्द्धनका लागि सदस्यहरूलाई आवश्यक सीप, तालिम, प्राविधिक परामर्श तथा बजारसम्बन्धी जानकारी उपलब्ध गराउने। २४) सहुलियत पसल तथा उद्योग व्यवसाय सञ्चालनबाट प्राप्त आम्दानी संस्थाको विनियम, स्वीकृत वार्षिक कार्यक्रम तथा प्रचलित कानूनबमोजिम संस्थागत हित तथा सदस्य सेवामा प्रयोग गर्ने। २५) संस्थाले सञ्चालन गर्ने कुनै उद्योग, व्यवसाय वा परियोजनाका लागि प्रचलित कानूनबमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र आवश्यक पर्ने भए त्यस्तो स्वीकृति प्राप्त गरेपछि मात्र कारोबार सञ्चालन गर्ने।	
दफा २६ मा साधारण सभामा उद्घाटन कार्यक्रम नराख्ने अतिथि सत्कार, उपहार, सहभागी भत्ता आदि फजुल खर्च नगर्ने मितव्ययिता सम्बन्धी स्पष्ट व्यवस्था छैन।	परिच्छेद ५ को दफा २६ मा उपदफा ८ थप उपदफा (८) बचतकर्ताको हित मध्यनजर गरी साधारण सभामा अतिथि सत्कार, यातायात खर्च, सहभागी भत्ता, अतिथि उपहार, भोजभतेर जस्ता फजुल खर्च नगर्ने/ नगराउने मितव्ययि गरी साधारणसभा गरिनेछ ।	राष्ट्रिय सहकारी नियमन प्राधिकरणको "साधारणसभा सञ्चालन सम्बन्धी जारीनिर्देशन २०८२" को बुँदा ५ अनुसार थप गरिएको ।
साधारण सभा सम्पन्न भएपछि राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई समेत संक्षिप्त प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था विनियममा छैन	परिच्छेद ५ को दफा २६ मा उपदफा ९ थप उपदफा(९) साधारण सभा सम्पन्न भएको एक महिनाभित्र राष्ट्रिय सहकारी नियमन प्राधिकरण, दर्ता गर्ने अधिकारी/प्रदेश सहकारी रजिष्ट्रार, समेतका नियमक निकायमा विद्युतीय प्रणालीमार्फत संक्षिप्त प्रतिवेदन पेश गरिनेछ ।	राष्ट्रिय सहकारी नियमन प्राधिकरणको "साधारण सभा सञ्चालन सम्बन्धी जारी निर्देशन, २०८२" को बुँदा ७ अनुसार थप गरिएको ।
परिच्छेद ६ को दफा ३४ उपदफा(१०) सञ्चालकहरुको पदावधि निर्वाचित भइ सफत गरेको मितिले ४ वर्षको हुनेछ । सञ्चालकहरु सञ्चालक समिति पुनः निर्वाचित हुन सक्नेछन् । उपदफा (११) सञ्चालक पद कुनै कारणबाट रिक्त	परिच्छेद ६ को दफा ३४ उपदफा (१०)कुनै पनि व्यक्ति सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष,सचिव र लेखा सुपरिवेक्षण समितिको संयोजक सोही पदमा दुई कार्यकाल भन्दा बढी निर्वाचित हुन सक्ने छैनन् । उपदफा (११)सञ्चालक पद कुनै कारणबाट रिक्त भएमा पदपूर्ति साधारण सदस्यहरु मध्येबाट बाँकी अवधिका लागि सञ्चालक समितिले साधारणसभामा प्रस्ताव पेश गरी सभाबाट चुनिने छ ।	राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्ड २०८२ को परिच्छेद ७, बुँदा १.३ मा "दुई कार्यकालभन्दा बढी अवधिको लागि" भनी कुल कार्यकाल सीमित गरेकोले परिवर्तन गरिएको ।

भएमा सो रिक्त पदको पूर्ति साधारणसभाको निर्वाचनबाट मात्र हुनेछ । उपदफा (१३) दुई कार्यकाल भन्दा बढी एउटै व्याक्ति सोहि पदमासंचालकमा निर्वाचित गरिने छैन । उपदफा (१४) साधारणसभाबाट निर्वाचित भई आएमा उपदफा १३ ले बाधा पुर्‍याउने छैन ।	उपदफा(१३) हटाईएको उपदफा(१४) हटाईएको	
परिच्छेद ६ को दफा ३८ उपदफा(९) मा थप गर्ने	परिच्छेद ६ को दफा ३८ उपदफा(९) संचालक कालोसूचीमा परेमा वा निजले वा निजको परिवारका सदस्यले लिएको ऋण वा जमानी दिएको ऋण खराब वर्गमा वर्गीकृत भएमा त्यस्तो संचालक स्वतः पदमुक्त हुनेछ ।	राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्ड २०८२ को परिच्छेद ७, बुँदा १.७ अनुसार थप गरिएको ।
परिच्छेद ६ को दफा ४१ **<u>व्यवस्थापकको नियुक्ति सम्वन्धी व्यवस्था :</u>** संस्थाको व्यवस्थापक तथा कर्मचारी हरुको नियुक्ति सम्वन्धी व्यवस्था मानव संसाधन व्यवस्थापन कार्यविधि अनुसार हुनेछ ।	परिच्छेद ६ को दफा ४१ **<u>उपदफा(१)कार्यकारी प्रमुख/व्यवस्थापक नियुक्ति सम्वन्धी व्यवस्था :</u>** (क) आफू वा एकाघर परिवारको नाममा संस्थाबाट ऋण नलिएको, (ख) फौजदारी अभियोगमा कारबाही नभएको, (ग) कालोसूचीबाट फुकुवा भएको ३ वर्ष पुगेको, (घ) अन्य सहकारी संस्थामा संलग्न नभएको, (ङ) राजनैतिक दलको सदस्य नभएको, (च) २१ वर्ष उमेर पुगेको, (छ) न्यूनतम स्नातक तहको योग्यता पुगेको । **उपदफा(२) <u>कार्यकारी प्रमुख/व्यवस्थापक नियुक्ति सम्वन्धी व्यवस्था:</u>** कार्यकारी प्रमुख/व्यवस्थापकको कार्यअवधि ४ वर्षको हुने र कार्यसम्पादन मूल्याङ्कनको आधारमा सञ्चालक समितिले उपयुक्त ठानेमा थप एक कार्यकालका लागि मात्र पुनः नियुक्ति गर्न सक्नेछ ।	राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्ड २०८२ को परिच्छेद ७, बुँदा ४.१ अनुसार परिवर्तन तथा थप गरिएको ।
परिच्छेद ७ को दफा ४८ को उपदफा १ (१)जगेडाकोषः खुद बचतको कम्तीमा २५% रकम जगेडा कोषमा छुट्याइने छ। जगेडाकोष अविभाज्य कोष हुनेछ।	परिच्छेद ७ को दफा ४८ को उपदफा १ (१)जगेडाकोषः खुद बचतको कम्तीमा २५% रकम जगेडा कोषमा छुट्याइने छ। जगेडाकोष अविभाज्य कोष हुनेछ। संस्थाको जगेडा कोषमा देहाय वमोजिमको रकम रहनेछः- (क)प्रत्येक आर्थिक वर्षमा संस्थाले गरेको कारोबारको	कोष बाडफाडको क्रममा श्रम ऐनअनुसार कर्मचारी बोनसकोषमा स्पष्ट रुपमा प्रतिशत नखुलेकोले ।

संस्थाको जगेडा कोषमा देहाय बमोजिमको रकम रहनेछः- (क)प्रत्येक आर्थिक वर्षमा संस्थाले गरेको कारोबारको हिसाव जाँच भएपछि खुद कर्मचारी बोनस कटाई बचतबाट छुट्याइएको कम्तीमा २५ प्रतिशत रकम, (२)संरक्षित पूँजी फिर्ताकोषः सहकारी ऐनको दफा ५५ को उपदफा (९) बमोजिम जगेडाकोषमा छुट्याइ सकेपछि बाँकी रहेको रकमलाई सतप्रतिशत मानी त्यसको २५ प्रतिशत संरक्षित पुँजीफिर्ता कोषमा लगिनेछ। संरक्षित पुँजीफिर्ता कोषमा छुट्टिएको रकम ऋण कारोबारमा तिरेको ब्याजलाई ६० प्रतिशत हिस्सा र बचत कारोबारमा ४० प्रतिशत हिस्साका आधारमा फिर्ता गरिनेछ।	हिसाव जाँच भएपछि खुद १० प्रतिशत कर्मचारी बोनस कटाई बचतबाट छुट्याइएको कम्तीमा २५ प्रतिशत रकम, (२) संरक्षित पूँजी फिर्ताकोषः सहकारी ऐनको दफा ५५ को उपदफा (९) बमोजिम जगेडाकोषमा छुट्याइ सकेपछि बाँकी रहेको रकमलाई सतप्रतिशत मानी त्यसको २५ प्रतिशत संरक्षित पुँजीफिर्ता कोषमा लगिनेछ। संरक्षित पुँजीफिर्ता कोषमा छुट्टिएको रकम ऋण कारोबारमा तिरेको ब्याज रकमलाई आधारमा ६० प्रतिशत हिस्सा र बचतमा प्राप्त ब्याजको आधारमा ४० प्रतिशत हिस्साका आधारमा फिर्ता गरिनेछ। तर भाखा नाघेको र हर्जना तिरी भुक्तिएको ब्याज रकमलाई यस प्रयोजनका लागि गणना गर्न पाईने छैन।	सहकारी नियमावली २०७५ परिच्छेद ६ दफा २५ (३)अनुसार ।
परिच्छेद ७ को दफा ४८ को उपदफा ५ थप	परिच्छेद ७ को दफा ४८ को उपदफा ५ थप (५)संस्थाले जोखिम भारित सम्पत्तिको न्यूनतम ४ प्रतिशत प्राथमिक पूँजी अनुपात (Core Capital) र थप ४ प्रतिशत पूरक पूँजीसहित न्यूनतम ८ प्रतिशत कुल पूँजीकोष अनुपात कायम गर्नुपर्ने व्यवस्था र सो नपुगेसम्म लाभांश वितरण नगर्ने व्यवस्था।	सहकारी मापदण्ड २०८२ को परिच्छेद ६(पूँजीकोष सम्बन्धी व्यवस्था), बुँदा १, २ र ४.४ अनुसार पूँजी पर्याप्तता अनुपात कायम गर्नु अनिवार्य भएकोले।
परिच्छेद ८ को दफा ५३ को उपदफा १ संस्थाको बचत संकलन सीमा बचत निति, कार्यविधीमा तोकिए बमोजिम हुनेछ ।	परिच्छेद ८ को दफा ५३ उपदफा(१) संस्थाको बचत संकलन सीमा प्राथमिक पुँजी कोषको बढीमा १० प्रतिशतसम्म मात्र एक सदस्यबाट बचत संकलन गर्न सक्नेछ ।	राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्ड २०८२ को परिच्छेद ७, बुँदा १.७ अनुसार परिवर्तन गरिएको ।
परिच्छेद ८ को दफा ५५ दफा ५५ मा शेयर सदस्यले	परिच्छेद ८ को दफा ५५ मा उपदफा थप गर्ने उपदफा (२३) नियमित बचत गरिरहेका सदस्यलाई	राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्ड २०८२ को

<table>
<tr>
<td>ऋण पाउने योग्यता उल्लेख छ तर बिना धितो (Collateral Free) ऋणको स्पष्ट रकम सीमा तोकिएको छैन ।

कर्जा सूचना केन्द्र (Credit Information Center) को सदस्यता लिने र प्रयोग गर्ने सम्बन्धी कुनै व्यवस्था विनियममा छैन ।</td>
<td>निजको बचत रकमको ५ गुणा वा बढीमा रु. ३ लाख (जुन कम हुन्छ सो) बराबरको रकममात्र बिना धितो ऋण प्रवाह गर्न सकिने र त्यसरी प्रवाह गर्दा कम्तीमा २ जना सदस्यको जमानी अनिवार्य गर्ने।

उपदफा (२४) संस्थाले कर्जा सूचना केन्द्रको सदस्यता लिनुपर्ने र निश्चित रकमभन्दा बढीको ऋण स्वीकृत गर्नुअघि ऋण सूचना अनिवार्य रूपमा लिनुपर्ने व्यवस्था गर्नेछ ।</td>
<td>परिच्छेद ३, बुँदा १.३ अनुसार थप गरिएको ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्ड २०८२ को परिच्छेद ९, बुँदा ४ र सहकारी ऐन, २०७४ को दफा ८१ अनुसार थप गरिएको ।</td>
</tr>
<tr>
<td>परिच्छेद ८ को दफा ५७

उपदफा (१) संस्थाबाट ऋणलाई ३ वर्गमा विभाजन गरी ऋण नोक्सानी कोषको व्यवस्था गरिने छ ।
(क)असल (भाखा ननाघेको) - १%
(ख)शंकास्पद(१वर्षसम्म भाखा नाघेको) - ५०%
(ग)खराब(१वर्ष भन्दा बढी भाखा नाघेको) - १००%</td>
<td>परिच्छेद ८ को दफा ५७

(१)सक्रिय ऋण
क) भाखा ननाघेका वा भाखा नाघि ३ महिना व्यतीत नभएको ।
ख) सदस्यहरुको बचतको सुरक्षणमा प्रवाह गरेको ऋण ।
(२)संस्थाबाट प्रवाहित हुने ऋणलाई देहाय बमोजिम विभाजन गरी ऋण नोक्सानी कोषको व्यवस्था गरिने छ ।
<table>
<tr><th>क.स</th><th>ऋणको वर्गीकरण</th><th>भाखा नाघेको अवधि</th><th>ऋण नोक्सानी कोषको व्यवस्था</th></tr>
<tr><td>१</td><td>असल ऋण</td><td>भाखा ननाघेको र ननाघेको ३ महिना भित्रको</td><td>१ प्रतिशत</td></tr>
<tr><td>२</td><td>कमसल ऋण</td><td>३ देखि ६ महिनासम्म भाखा नाघेको</td><td>२५ प्रतिशत</td></tr>
<tr><td>३</td><td>शंकास्पद ऋण</td><td>६ देखि १२ महिनासम्म भाखा नाघेको</td><td>५० प्रतिशत</td></tr>
<tr><td>४</td><td>खराब ऋण</td><td>१ वर्षभन्दा बढी भाखा नाघेको</td><td>१०० प्रतिशत</td></tr>
</table>
</td>
<td>राष्ट्रिय सहकारी नियमन प्राधिकरणको “बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धी नियमकीय मापदण्ड, २०८२“ को परिच्छेद ३, बुँदा ३.१ र ३.२ ले अनिवार्य गरेको ४-तहे वर्गीकरण र नोक्सानी प्रतिशतसँग मेल खान परिवर्तन गरिएको ।</td>
</tr>
<tr>
<td>परिच्छेद ८ को दफा ७२

उपदफा(९)उच्च जोखिम रहन सक्ने सदस्यहरुको बृहत पद्धतिबाट स्तर पहिचान गर्ने ।

परिच्छेद ८ को दफा ७२</td>
<td>परिच्छेद ८ को दफा ७२

उपदफा (९) उच्च जोखिम भएका सदस्यको हकमा वर्षमा कम्तीमा १ पटक, मध्यम जोखिम भएकोमा २ वर्षमा कम्तीमा १ पटक र न्यून जोखिम भएकोमा ३ वर्षमा कम्तीमा १ पटक विद्यमान सदस्यको पहिचान तथा सम्पुष्टि अद्यावधिक गर्ने यवस्था गरिनेछ ।

परिच्छेद ८ को दफा ७२</td>
<td>AML/CFT निरीक्षण तथा सुपरिवेक्षण कार्यविधि, २०८२ को बुँदा ४ अनुसार परिवर्तन गरिएको ।

AML/CFT निरीक्षण तथा सुपरिवेक्षण</td>
</tr>
</table>

उपदफा (२५) थप परिच्छेद ८ को दफा ७२ उपदफा (२६) थप	उपदफा(२५) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले २ महिनाभित्र राष्ट्रिय सहकारी नियमन प्राधिकरणसमक्ष पेश गर्नुपर्नेछ । परिच्छेद ८ को दफा ७२ उपदफा (२६) संचालक समितिका पदाधिकारी र कर्मचारीहरूले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र तोकिएको ढाँचामा सम्पत्ति विवरण तयार गरी संस्थामा पेश गर्नुपर्ने	कार्यविधि, २०८२ को परिच्छेद सम्बन्धी बुँदा (२) अनुसार। राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्ड २०८२ को परिच्छेद ७, बुँदा ४.२ अनुसार थप गरीएको ।
परिच्छेद १२ को दफा ८५ उपदफा (७) क) प्रचलित कानून बमोजिम आफ्नो नाम कालो सूचीमा नपरेको,	परिच्छेद १२ को दफा ८५ उपदफा (७) क) प्रचलित कानून बमोजिम आफ्नो नाम कालो सूचीमा नपरेको वा कालोसूचीमा परी फुकुवा भएको मितिले ३ वर्ष पूरा भएको ।	राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्ड २०८२ को परिच्छेद ७, बुँदा १.५ अनुसार परिवर्तन गरिएको ।

कार्यक्रम तथा बजेट २०८३/२०८४

सहकारी संस्था सदस्यहरूमा आधारित व्यावसायिक संगठन भएकाले संस्थाका समग्र व्यावसायिक गतिविधिहरू सदस्य केन्द्रित, पारदर्शी तथा उत्तरदायी ढंगबाट सञ्चालन गर्नु संस्थाको प्रमुख दायित्व रहेको छ। संस्थाले आफ्नो व्यावसायिक गतिविधिहरूको निरन्तरता, सदस्य-संस्था सम्बन्धको सुदृढीकरण तथा सदस्यहरूमा संस्थाप्रतिको विश्वास, अपनत्व र आत्मीयता अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न सदस्य हितमुखी तथा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

संस्थाको व्यावसायिक गतिविधिलाई थप प्रभावकारी, व्यवस्थित र सुशासित बनाउँदै सदस्यहरूलाई विधिसम्मत, गुणस्तरीय तथा विश्वसनीय सेवा प्रवाह गर्नु संस्थाको प्रमुख व्यवस्थापकीय कार्यअन्तर्गत पर्दछ । सदस्यहरूको आवश्यकता, संस्थाको क्षमता तथा समसामयिक व्यावसायिक परिवेशलाई मध्यनजर गर्दै संस्थाका नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रमहरूलाई व्यवस्थित रूपमा तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

सहकारी ऐन, २०७४ को दफा ४३ बमोजिम संस्थाको सञ्चालक समितिको काम, कर्तव्य तथा अधिकारअन्तर्गत संस्थाको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रम तर्जुमा गरी साधारण सभासमक्ष पेश गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ। त्यसैगरी, ऐनको दफा ३८ बमोजिम साधारण सभाबाट वार्षिक योजना तथा बजेट स्वीकृत गर्नुपर्ने तथा दफा ७३ बमोजिम वार्षिक कार्यक्रम, नीति तथा योजना नियामक निकायसमक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ।

उक्त कानुनी प्रावधानहरूको पूर्ण पालना गर्दै आर्थिक वर्ष प्रारम्भ हुनुअगावै संस्थाको सञ्चालक समितिको बैठकबाट आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सञ्चालन गरिने व्यावसायिक गतिविधि, सदस्य हित प्रवर्द्धन कार्यक्रम, संस्थागत विकासका योजना तथा आवश्यक बजेटको तर्जुमा गरिएको छ।

साथै, सञ्चालक समितिबाट तयार गरिएको आ.व. २०८३/८४ को नीति, कार्यक्रम तथा बजेटलाई आगामी साधारण सभाबाट अनुमोदनका लागि पेश गर्ने निर्णय गरी स्वीकृत गरिएको छ ।

यसरी संस्थाले प्रचलित सहकारी ऐन, नियम, सहकारीका मूल्य, मान्यता तथा सिद्धान्तहरूको पालना गर्दै योजनाबद्ध रूपमा नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्नेछ। संस्थाको वित्तीय सुदृढीकरण, सुशासन प्रवर्द्धन, सदस्य सन्तुष्टि अभिवृद्धि तथा दीर्घकालीन संस्थागत स्थायित्व कायम गर्ने दिशामा निरन्तर प्रयास गरिनेछ ।

संस्थाको वार्षिक नीति

संस्थाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि देहायबमोजिमका कार्यनीतिहरू अवलम्बन गर्ने योजना तय गरेको छ ।

१) यस वर्ष सदस्यता स्थायित्व कायम गर्दै सदस्य संख्या वृद्धि तथा विस्तार गर्ने उद्देश्यले सदस्य सामीप्यता अभिवृद्धि गर्ने नीतिलाई निरन्तरता दिइनेछ । यसका लागि सदस्यहरूको सामाजिक, सांस्कृतिक, आर्थिक तथा शैक्षिक पक्षलाई समेट्ने बहुआयामिक कार्यक्रमहरू सञ्चालन गरिनेछ। यस्ता कार्यक्रममार्फत सदस्यहरूमा संस्थाप्रतिको अपनत्व, विश्वास र सक्रिय सहभागिता अभिवृद्धि गर्दै सदस्य-संस्था सम्बन्धलाई थप सुदृढ बनाउने लक्ष्य लिइनेछ ।

२) संस्थाको विद्यमान वित्तीय अवस्थाको विश्लेषण गर्दै कुल सम्पत्तिको अनुपातमा शेयर पूँजीलाई सुदृढ बनाउने नीति अवलम्बन गरिनेछ । संस्थाको वित्तीय आधारलाई थप मजबुत, स्थिर तथा दिगो बनाउन कुल सम्पत्तिको कम्तीमा १० प्रतिशत शेयर पूँजी कायम गर्ने लक्ष्य लिइनेछ। सोहीअनुरूप चालु आर्थिक वर्ष २०८३/८४ भित्र शेयर पूँजीलाई १० प्रतिशतभन्दा माथि पुऱ्याउने गरी आवश्यक रणनीति तथा कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

३) संस्थाका सदस्यहरूको सुख-दुःखमा संस्थागत सहभागिता अभिव्यक्त गर्दै सदस्यहरूलाई आवश्यक सहयोग, प्रोत्साहन तथा सम्मान प्रदान गर्ने उद्देश्यले सञ्चालनमा ल्याइएको सदस्य राहत योजनाअन्तर्गतका कार्यक्रमहरूलाई आवश्यक परिमार्जन तथा परिष्कृत गर्दै आर्थिक वर्ष २०८३/८४ मा समेत निरन्तरता प्रदान गरिनेछ ।

यस योजना अन्तर्गत उपलब्ध गराइने राहत सहयोग, पुरस्कार तथा सम्मान प्राप्त गर्न सम्बन्धित सदस्यले संस्थाको सदस्यता प्राप्त गरेको कम्तीमा ६ महिना अवधि पूरा गरेको तथा मासिक नियमित बचत खातामा नियमित बचत गरिरहेको र संस्थासँग नियमित रूपमा कारोबार गर्दै आएको हुनुपर्ने व्यवस्था गरिनेछ। यसैगरी, बाल सदस्यहरूको हकमा बाल भविष्य बचत खाता वा अन्य कुनै नियमित बचत खाता सञ्चालन गरेको कम्तीमा ६ महिना अवधि पूरा भएको हुनुपर्ने नीति अवलम्बन गरिनेछ ।

सदस्य राहत तथा सम्मान कार्यक्रमलाई थप व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउँदै सदस्यहरूको सामाजिक तथा आर्थिक अवस्थासँग संस्थाको सम्बन्धलाई थप सुदृढ गर्ने, सदस्यहरूमा संस्थाप्रतिको विश्वास, अपनत्व र आत्मीयता अभिवृद्धि गर्ने तथा सदस्य हित संरक्षणमा योगदान पुऱ्याउने उद्देश्यका साथ कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४) संस्थाले सदस्यहरूको जीवनशैली, भविष्यको आवश्यकता तथा दीर्घकालीन आर्थिक सुरक्षालाई मध्यनजर गर्दै सञ्चालनमा ल्याएका दीर्घकालीन बचत योजनाहरूलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। सदस्यहरूमा नियमित बचत गर्ने बानीको विकास गर्दै वित्तीय अनुशासन अभिवृद्धि गर्ने उद्देश्यले दीर्घकालीन बचत योजनाअन्तर्गत प्रत्येक सदस्यले न्यूनतम रु. १,००० (एक हजार) मासिक बचत अनिवार्य रूपमा गर्नुपर्ने नीतिलाई कडाइका साथ लागू गरिनेछ ।

साथै, सदस्यहरूको भविष्य सुरक्षासँग सम्बन्धित अन्य पेन्सन तथा दीर्घकालीन प्रकृतिका बचत योजनाहरूमा समेत सहभागिता अभिवृद्धि गर्न आवश्यक प्रचार-प्रसार तथा प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गरिनेछ । यसबाट सदस्यहरूको नियमित बचत प्रवृत्तिको विकास, संस्थाको स्थायी स्रोत वृद्धि तथा सदस्यहरूको दीर्घकालीन आर्थिक हित संरक्षणमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

५) सदस्यहरूलाई कर्जा लगानी गर्नुपूर्व आवश्यक वित्तीय ज्ञान, वित्तीय साक्षरता तथा उचित परामर्श प्रदान गर्ने नीतिलाई निरन्तरता दिइनेछ । कर्जा लिँदा अपनाउनुपर्ने वित्तीय अनुशासन, कर्जाको सही उपयोग तथा समयमै भुक्तानी नगर्दा पर्न सक्ने वित्तीय प्रभावका सम्बन्धमा सदस्यहरूलाई आवश्यक जानकारी तथा सचेतना प्रदान गरिनेछ ।

६) कर्जा लगानी प्रक्रियालाई थप व्यवस्थित, सुरक्षित तथा प्रभावकारी बनाउन लगानीपूर्व अध्ययन, ५C विश्लेषण प्रणाली तथा कर्जा सदुपयोगिताको मूल्याङ्कनलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ साथै डिजिटल प्रविधिको प्रयोग मार्फत छिटो र छरितो ऋण सुविधा उपलब्ध गराइने छ । सदस्यको आर्थिक अवस्था, व्यवसायिक सम्भाव्यता, भुक्तानी क्षमता तथा कर्जाको उद्देश्यका आधारमा मात्र कर्जा प्रवाह गरिनेछ । रु.१०,००,०००/- भन्दा माथिको धितो मूल्याङ्कनका लागि फियुजन डिजाइन एण्ड इन्जिनियरिङ प्रा. लि., पिपुल्स एलायन्स इन्जिनियरिङ प्रा.लि. र बि.एम. इन्जिनियरिङ कन्सलटेन्सीलाई सुचिकृत गरी विज्ञ प्राविधिकद्वारा धितो मुल्याङ्कन गरिनेछ ।

७) संस्थाको कर्जा जोखिमलाई न्यूनीकरण गर्दै उत्पादनशील क्षेत्रमा कर्जा परिचालन गर्ने उद्देश्यले सदस्य केन्द्रित, सुरक्षित तथा प्रतिफलमुखी लगानीमा जोड दिइनेछ । उत्पादनशील क्षेत्रमा लगानी प्रवर्द्धन गर्दै एक सदस्यलाई अधिकतम रु. १ करोड सम्म मात्र कर्जा लगानी गर्ने नीतिलाई अवलम्बन गरिनेछ । तर यस अवधिमा अधिकतम शेयर सदस्यहरुलाई ऋण सुविधामा समेट्न विभिन्न ऋण सम्वन्धी योजनाहरु ल्याइने छ । यसबाट कर्जा गुणस्तर कायम, लगानीको प्रभावकारिता अभिवृद्धि तथा संस्थाको वित्तीय स्थायित्व सुदृढ गर्ने लक्ष्य लिइनेछ ।

८) संस्थामा सञ्चालन गरिने प्रशासनिक तथा कार्यक्रम खर्चहरूमा मितव्ययिता अपनाउदै संस्थाको खुद सम्पत्ति वृद्धिमा जोड दिइनेछ ।

९) संस्थाको सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति तथा कर्मचारीहरूमा थप जवाफदेहिता सहित सदस्यहरूमाझमा प्रस्तुत हुनका लागि नियमित बैठक, छलफल तथा संस्थाको गतिविधिहरूको बारेमा सञ्चार व्यवस्थालाई प्रभावकारी बनाउने र सबै मानव श्रोतको क्षमता विकासका लागि जोड दिइनेछ । साथै कर्मचारी उपदान कोषमा चालु आ.व. मा रु. ३०,००,०००/- छुटाइनेछ ।

१०) संस्थाको सेवा प्रवाहलाई समयसापेक्ष, सरल, सहज तथा प्रभावकारी बनाउन प्रविधिमार्फत उपलब्ध हुने सेवाहरूलाई दीर्घकालीन रणनीतिक लक्ष्यका रूपमा लिइनेछ। सदस्यहरूको सुविधा, पहुँच तथा सेवा गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले मोबाइल बैंकिङ सेवा, क्यूआर (QR) भुक्तानी प्रणाली लगायतका डिजिटल

वित्तीय सेवाहरूको विस्तार तथा प्रभावकारी प्रयोगमा विशेष जोड दिइनेछ ।

प्रविधिमा आधारित सेवाहरूको विकास तथा विस्तारमार्फत संस्थाको सेवा प्रवाहलाई थप पारदर्शी, छिटोछरितो र सदस्यमैत्री बनाउँदै डिजिटल वित्तीय पहुँच अभिवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।

११) संस्थाको स्वामित्वमा रहेको स्थिर सम्पत्तिको अधिकतम तथा प्रभावकारी उपयोग गरी संस्थाको दीर्घकालीन आम्दानीका स्रोत विस्तार गर्ने उद्देश्यले संस्थाको नाममा रहेको जग्गामा आधुनिक, सुविधासम्पन्न तथा व्यावसायिक प्रयोजनका लागि उपयुक्त भवन निर्माण गरी भाडा आम्दानी वृद्धि गर्ने योजना अघि बढाइनेछ। उक्त कार्यका लागि आवश्यक सम्भाव्यता अध्ययन, प्राविधिक मूल्याङ्कन, विस्तृत लागत अनुमान, नक्सा तथा डिजाइन, लगानीको स्रोत एवं प्रतिफलको विश्लेषणलगायतका आवश्यक प्रक्रिया पूरा गरी प्रचलित कानून तथा संस्थाको नीति, नियम र विनियमबमोजिम सम्बन्धित निकायबाट आवश्यक स्वीकृति प्राप्त गर्दै भवन निर्माणको प्रक्रिया अगाडि बढाइनेछ । निर्माण सम्पन्न भएपछि भवनलाई बजारको माग र संस्थाको हितअनुकूल विभिन्न व्यावसायिक प्रयोजनमा भाडामा लगाई नियमित तथा दीर्घकालिन भाडा आम्दानी सुनिश्चित गर्ने तथा यसमार्फत संस्थाको स्थिर सम्पत्तिको उत्पादकत्व अभिवृद्धि गर्दै संस्थाको वित्तीय सुदृढीकरणमा योगदान पुऱ्याउने नीति लिइनेछ ।

संस्थाको वार्षिक कार्यक्रमहरू

संस्थाले गर्ने विभिन्न व्यवसायिक क्रियाकलापका साथै सदस्य सम्बन्ध विकास तथा विस्तार गर्न सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमितिहरू तथा कर्मचारीहरूको क्षमता विकास गर्ने किसिमका कार्यक्रमहरू सञ्चालन गरिनेछ । त्यसैगरी समुदायमा हाल सहकारी क्षेत्र प्रतिको नकरात्मक संवाद तथा बुझाइलाई चिर्नका लागि संस्थाका सदस्यहरूको टोल, बस्ती तथा समूहगत रूपमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै संस्थाको गतिविधि तथा सदस्य सामिप्यता कार्यक्रमहरू सञ्चालन गर्नका लागि निम्नानुसारको कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

क) व्यवसायिक कार्यक्रमहरूको विवरण :

१) सदस्यता विस्तार तथा सदस्य सक्रियता कार्यक्रम

संस्थाको सेवा पहुँचलाई कार्यक्षेत्रभित्रका ग्रामीण तथा सेवा नपुगेका बस्तीहरूमा क्रमशः विस्तार गरिनेछ । संस्थाको उद्देश्य, सिद्धान्त, सेवा, सुविधा तथा सदस्यताबाट प्राप्त हुने लाभहरूबारे कार्यक्षेत्रभित्रका सम्पूर्ण बासिन्दालाई प्रभावकारी रूपमा जानकारी गराई संस्थाप्रतिको जनविश्वास अभिवृद्धि गरिनेछ । साथै, बचतको महत्व, नियमित बचत गर्ने बानीको विकास तथा संस्थागत वित्तीय सेवाको उपयोगसम्बन्धी वित्तीय साक्षरता एवं बचत सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

संस्थाको सदस्य आधारलाई थप विस्तार गर्दै चालु आर्थिक वर्षभित्र १,००० जना नयाँ शेयर सदस्य तथा १,००० जना बाल सदस्य थप गर्ने लक्ष्यका साथ सदस्यता विस्तार अभियान सञ्चालन गरिनेछ। हाल निष्क्रिय रहेका सदस्यहरूलाई पुनः सक्रिय बनाउँदै संस्थासँगको आबद्धता, बचत, शेयर लगानी तथा अन्य वित्तीय कारोबारमा सहभागिता अभिवृद्धि गरिनेछ। यसरी सदस्य संख्या, कारोबार, सेवा पहुँच तथा वित्तीय समावेशितालाई एकसाथ सुदृढ गर्दै संस्थाको व्यावसायिक विकास, दिगोपना तथा सदस्य-केन्द्रित सेवाको प्रभावकारिता अभिवृद्धि गरिनेछ ।

२) सदस्य शेयर पूँजी थप योजना तथा कार्य

संस्थाको पूँजी आधारलाई सुदृढ तथा दिगो बनाउन प्रत्येक शेयर सदस्यलाई न्यूनतम रु. १०,००० (दश हजार) बराबरको शेयर पूँजी कायम गर्न उत्प्रेरित गरिनेछ । साथै, सदस्य राहत कोषको उद्देश्य, आवश्यकता, कार्यविधि तथा प्रभावकारिताबारे सम्पूर्ण सदस्यहरूलाई नियमित रूपमा सुसूचित गरी उक्त कोषप्रति सदस्यहरूको सहभागिता र विश्वास अभिवृद्धि गरिनेछ । संस्थाको सदस्य आधारलाई थप विस्तार गर्न नयाँ शेयर सदस्यहरू आकर्षित गर्ने अभियान सञ्चालन गरिनेछ, जसबाट सदस्य संख्या, शेयर पूँजी तथा संस्थाको वित्तीय आधारलाई थप सुदृढ बनाउँदै संस्थाको दीर्घकालीन स्थायित्व र दिगोपनामा टेवा पुऱ्याइनेछ ।

३) बचत विस्तार कार्यक्रम

संस्थाको स्रोत व्यवस्थापनलाई दिगो, स्थिर र सन्तुलित बनाउन साना-साना निक्षेप (बचत) संकलनलाई उच्च प्राथमिकता दिइनेछ। धेरै सदस्यहरूबाट बचत संकलन गर्ने नीति अवलम्बन गर्दै सदस्य संख्या वृद्धि र सदस्य सक्रियतालाई प्रोत्साहन गरिनेछ । साथै, नियमित प्रकृतिका बचत योजनाहरूलाई विशेष प्राथमिकता दिई सदस्यहरूलाई निरन्तर बचत गर्न उत्प्रेरित गरिनेछ, जसबाट संस्थाको स्थायी स्रोत आधार सुदृढ हुने अपेक्षा गरिएको छ ।

४) तरलता व्यवस्थापन

हाल सहकारी क्षेत्रमा देखिएको व्यावसायिक असहजता तथा सदस्यहरूको अपेक्षालाई मध्यनजर गर्दै संस्थाको वित्तीय स्थायित्व, दायित्व वहन क्षमता र सदस्यहरूको विश्वासलाई थप सुदृढ बनाउन प्रभावकारी तरलता व्यवस्थापनमा विशेष जोड दिइनेछ । निक्षेपकर्ताको मागअनुसार आवश्यक भुक्तानी तथा वित्तीय दायित्व समयमै पूरा गर्न सक्ने क्षमता कायम राख्दै संस्थामा न्यूनतम २० प्रतिशत तरलता कायम गरिनेछ। साथै, स्रोत तथा उपयोगबीच सन्तुलन कायम गरी वित्तीय जोखिमलाई न्यूनीकरण गर्दै सदस्यहरूको विश्वास, संस्थाप्रतिको विश्वसनीयता तथा दीर्घकालीन वित्तीय स्थायित्व अभिवृद्धि गरिनेछ ।

५) ऋण लगानी

संस्थाको कर्जा लगानीलाई सुरक्षित, व्यवस्थित तथा प्रभावकारी बनाउन कर्जा लगानीसँग सम्बन्धित विभिन्न जोखिमहरूको नियमित विश्लेषण तथा मूल्याङ्कन गर्ने प्रणालीलाई थप सुदृढ गरिनेछ। कर्जा प्रवाह गर्दा सदस्यको क्षमता, पूँजी, धितो, अवस्था तथा कर्जा उपयोगको उद्देश्यलाई आधार मानी ५सि विश्लेषण प्रणाली अवलम्बन गरी गुणस्तरीय कर्जा लगानीमा जोड दिइनेछ ।

संस्थामा उपलब्ध तरल स्रोतको प्रभावकारी परिचालन गर्दै सदस्यहरूको आवश्यकता, चाहना तथा आर्थिक गतिविधिलाई मध्यनजर गरी विभिन्न प्रकारका कर्जा शीर्षकहरू विकास तथा सञ्चालन गरिनेछ । सदस्यहरूको वास्तविक आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले सरल, सहज तथा न्यूनतम ब्याजदरमा कर्जा लगानीको व्यवस्था गरिनेछ । साथै, कर्जा प्रवाह, अनुगमन तथा असुली प्रक्रियालाई प्रभावकारी बनाउँदै कर्जा जोखिम न्यूनीकरण, लगानीको गुणस्तर अभिवृद्धि तथा सदस्यहरूको आर्थिक सशक्तिरणमा विशेष जोड दिइनेछ ।

संस्थामा बचत बढ्दै गए पनि पर्याप्त मात्रामा कर्जा प्रवाह हुन नसकेमा पूँजी निष्क्रिय रहन्छ र आम्दानी घट्न सक्छ। त्यसैले संस्थाको वित्तीय अवस्था सुदृढ बनाउन योग्य तथा नियमित भुक्तानी गर्ने सदस्यको संख्या बढाई ऋणी सदस्यको अनुपात वृद्धि गर्नु आवश्यक छ । त्यसैले संस्थाले साना तथा

मझौला ऋण लाई अधिक महत्व दिई नयाँ नयाँ योजना ल्याई कुल सदस्यको २५ प्रतिशत ऋणी सदस्य पुऱ्याउने लक्ष्य रहेको छ । साथै महिला उधमी हरुलाई ब्याजदरमा विशेष प्रथमिकतामा राखिने योजना रहेको छ ।

६) सम्पत्ति परिचालन, व्यवसाय विविधिकरण तथा कर्जा असुली व्यवस्थापन कार्यक्रम

संस्थाको स्वामित्वमा रहेका स्रोत तथा सम्पत्तिहरूको प्रभावकारी उपयोग गरी दीर्घकालीन आम्दानीका स्रोतहरू विस्तार गरिनेछ। संस्थाको स्वामित्वमा रहेको जग्गामा बजार क्षेत्रको सम्भाव्यता, आवश्यकता तथा प्रतिफलको विश्लेषण गरी बजार निर्माण तथा भाडा आम्दानी प्राप्त गर्ने योजना अघि बढाइनेछ । यसबाट संस्थाको स्थायी आम्दानी वृद्धि तथा सम्पत्तिको अधिकतम सदुपयोग गर्ने लक्ष्य लिइनेछ ।

सदस्यहरूको आवश्यकता, बजार सम्भाव्यता तथा संस्थाको क्षमता विश्लेषण गरी सदस्य-केन्द्रित व्यवसाय सञ्चालन गर्ने विषयमा विस्तृत अध्ययन गरिनेछ। सम्भाव्य व्यवसायको पहिचान, लगानी जोखिम, व्यवस्थापन पक्ष तथा अपेक्षित प्रतिफलको मूल्याङ्कन पश्चात उपयुक्त व्यवसायिक गतिविधि सञ्चालन गरिनेछ, जसबाट सदस्यहरूको आर्थिक सहभागिता अभिवृद्धि हुनुका साथै संस्थाको व्यवसायिक विविधिकरणमा समेत सहयोग पुग्नेछ ।

संस्थाले सदस्यहरूको आर्थिक तथा सामाजिक समृद्धिमा थप योगदान पुऱ्याउने, स्थानीय स्तरमा उपलब्ध स्रोत, साधन, सीप तथा श्रमको अधिकतम उपयोग गर्ने तथा उत्पादनमूलक क्षेत्रमा संस्थाको व्यावसायिक गतिविधि विस्तार गर्ने उद्देश्यले आगामी आर्थिक वर्षदेखि लघु उद्योग सञ्चालन गर्ने विस्तृत अध्यन गर्ने छ, यस कार्यक्रमअन्तर्गत संस्थाले आफ्नो कार्यक्षेत्रभित्र उपलब्ध कच्चा पदार्थ, स्थानीय सीप, बजारको माग, सदस्यहरूको रुचि तथा लगानीको सम्भाव्यता अध्ययन गरी सदस्य तथा स्थानीय समुदायलाई प्रत्यक्ष लाभ पुग्ने प्रकृतिका लघु तथा घरेलु उद्योगहरू सञ्चालन गर्नेछ। उद्योग छनोट गर्दा उत्पादनको बजार सम्भावना, रोजगारी सिर्जना, लगानीको प्रतिफल, जोखिमको अवस्था, सञ्चालनका लागि आवश्यक प्राविधिक दक्षता तथा संस्थाको वित्तीय क्षमतालाई मुख्य आधार बनाइनेछ र सो अध्ययन तथा व्यवस्थापन गरि सम्पूर्ण आवश्यक प्रक्रिया अगाडि बढाउन सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने प्रस्ताव साधारण सभासमक्ष पेश गर्न चाहान्छु ।

साथै, निष्क्रिय तथा भाखा नाघेका कर्जाहरूको प्रभावकारी व्यवस्थापन गरी असुली प्रक्रियालाई प्राथमिकताका साथ अघि बढाइनेछ। नियमित ताकेता, समन्वय तथा आवश्यक परामर्शका माध्यमबाट कर्जा असुलीलाई प्रभावकारी बनाइनेछ। यस्ता प्रयासबाट अपेक्षित सुधार नभएमा प्रचलित कानुन तथा नियमअनुसार आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरी संस्थाको वित्तीय अनुशासन, कर्जा गुणस्तर तथा सदस्यहरूको हित संरक्षण गरिनेछ ।

सहकारी संस्थाको दीर्घकालीन आर्थिक सुदृढीकरण तथा आम्दानी वृद्धि गर्न संस्थाको स्वामित्वमा रहेको जग्गाको अधिकतम उपयोग आवश्यक रहेको छ। हाल आंशिक रूपमा प्रयोग भइरहेको उक्त जग्गामा व्यावसायिक शटर निर्माण गरी भाडामा सञ्चालन गर्ने योजना तयार गरिएको हो। यसबाट नियमित आम्दानी प्राप्त हुने, संस्थाको कोष सुदृढ हुने तथा सदस्यमुखी कार्यक्रम सञ्चालनमा आर्थिक स्रोतको सुनिश्चितता हुने अपेक्षा गरिएको छ ।

७) संस्थागत सुशासन, लेखापरीक्षण तथा क्षमता अभिवृद्धि कार्यक्रम

संस्थाको आन्तरिक नियन्त्रण प्रणाली, सुशासन तथा व्यवस्थापन पक्षलाई थप प्रभावकारी बनाउन संस्था नेफ्स्कुनको SCAN कार्यक्रमसँग आबद्ध भई संस्थागत सुधारका विभिन्न गतिविधिहरू अगाडि बढाइरहेको छ । साथै, संस्थाको वित्तीय पारदर्शिता, विश्वसनीयता तथा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउन आन्तरिक लेखापरीक्षण लगायतका कार्यहरू प्रभावकारी रूपमा सम्पन्न गर्न चार्टर्ड एकाउन्टेन्टको नियुक्ति गरी लेखापरीक्षण प्रणालीलाई व्यवस्थित बनाइएको छ ।

संस्थाका सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न प्रकारका तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रमहरूमा सहभागिता गराई ज्ञान, सीप तथा कार्यदक्षता विकासमा जोड दिइएको छ । आगामी दिनहरूमा समेत संस्थागत विकास, सुशासन, प्रविधिमैत्री सेवा प्रवाह तथा व्यवस्थापकीय क्षमता अभिवृद्धिसँग सम्बन्धित थप प्रभावकारी तालिम तथा कार्यक्रमहरूमा सहभागिता गराई संस्थालाई अझ व्यवस्थित, गुणस्तरीय र सक्षम संस्थाको रूपमा विकास गरिनेछ । साथै वाह्य लेखा परिक्षणका लागि वि.आर.वि.एस एण्ड एसोसिएट्स, एस आचार्य एण्ड एसोसिएट्स र जे भण्डारी एण्ड एसोसिएट्स मध्येबाट गरिनेछ ।

८) प्रविधिको प्रयोगमा आधुनिकीकरण

संस्थामा उपलब्ध मानव संसाधनको दक्षता तथा क्षमताको अधिकतम उपयोग गर्दै संस्थाको कारोबार तथा सेवा प्रवाहलाई छिटो, छरितो, सरल, पारदर्शी तथा त्रुटिरहित बनाउन विभिन्न प्रविधि तथा सफ्टवेयर प्रदायक संस्थाहरूसँग आवश्यक सहकार्य गरिनेछ। संस्थाका कागजात, अभिलेख तथा कारोबारसम्बन्धी विवरणलाई क्रमशः डिजिटल माध्यमबाट व्यवस्थित, सुरक्षित र सहज रूपमा अभिलेखीकरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। साथै, दोहोरो कार्य न्यूनीकरण, कार्यसम्पादनमा दक्षता वृद्धि, सूचना तथा अभिलेखको सहज पहुँच, समय तथा लागत बचत र आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउन आवश्यक डिजिटल प्रणाली तथा स्वचालित कार्यप्रणालीको प्रयोगलाई विस्तार गरिनेछ ।

ख) सदस्य सेवा तथा प्रवर्द्नात्मक कार्यक्रमको विवरण

संस्थाको मुख्य आधार नै सदस्यहरू भएकाले सदस्य र संस्थाबिचको आत्मीयता, अपनत्व तथा विश्वास अभिवृद्धि गर्नु वर्तमान सहकारी अभियानको प्रमुख आवश्यकता रहेको छ । यस सन्दर्भमा सदस्यहरूको सक्रिय सहभागिता, संस्थाप्रतिको अपनत्व तथा सदस्य-संस्था सम्बन्धलाई अझ सुदृढ बनाउन हाल सञ्चालनमा रहेको सदस्य हित योजना अन्तर्गतका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

सदस्यहरूको आर्थिक, सामाजिक तथा व्यावसायिक हितलाई मध्यनजर गर्दै सदस्य केन्द्रित विभिन्न सेवा तथा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । यस्ता कार्यक्रमहरू सञ्चालन गर्दा आवश्यक खर्च व्यवस्थापनका लागि सहकारी शिक्षा कोष तथा सामुदायिक विकास कोषबाट बजेट विनियोजन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । यसबाट सदस्यहरूको क्षमता अभिवृद्धि, संस्थाप्रतिको विश्वास वृद्धि तथा संस्थासँगको दीर्घकालीन सम्बन्ध थप मजबुत हुने अपेक्षा गरिएको छ ।

कार्यक्रम विवरण	कार्यक्रम संख्या	सम्भावित सहभागी	अनुमानित खर्च रकम
कर्मचारी तथा सदस्य अभिमुखीकरण कार्यक्रम	६	२०००	२,००,०००।००
बाल शैक्षिक कार्यक्रम	१	५५०	३,५०,०००।००
सहकारी अवलोकन भ्रमण (संञ्चालक तथा कर्मचारी)	१	१००	१,५०,०००।००
धार्मिक स्थल अवलोकन भ्रमण	१	१२०	१५०,०००।००
बाल जन्मदिन कार्यक्रम	निरन्तर	८००	४,४०,०००।००
रक्तदान कार्यक्रम	१	१५०	२,००,०००।००
सूर्यदर्शन योग साधना केन्द्र निरन्तरता तथा योग सम्वन्धी कार्यक्रम	२	१०००	५०,०००।००
शिवरात्री प्रसाद वितरण कार्यक्रम	१	५००	५०,०००।००
जम्मा कार्यक्रम खर्च			**१५,९०००० **

ग) सदस्यता वृद्धिका लागि वार्षिक लक्ष्य

यस आ.व. २०८३/०८४ मा हाल कायम रहेको सदस्य संख्यामा त्रैमासिक रूपमा लक्ष्य निर्धारण गरि वर्षको अन्त सम्ममा (सदस्यता समाप्तिलाई समेत ध्यान दिँदै) ६७८७ जना पुऱ्याइनेछ ।

वार्षिक बजेट

संस्थाले लिएको उपरोक्त नीति तथा कार्यक्रम अन्तर्गत व्यवसायिक गतिविधिलाई समेटेर वार्षिक बजेट तय गरिएको छ ।

बजेट निर्माणका सामान्य आधार तथा मान्यता :

१) मिति २०८३ आषाढ मसान्तसम्मको वित्तीय अवस्था (विवरण) लाई आधार लिइएको र आषाढ मसान्तको अनुमान गरी आगामी आ.व. २०८३/०८४ को बजेट तयार गरिएको ।

२) यस वर्षमा १००० सदस्य थप गर्ने योजना रहेको र सोही आधारमा व्यवसायिक अनुमान गरिएको ।

३) चालु आर्थिक वर्ष २०८३/०८४ को वर्षान्तमा भएको नाफाको आधारमा करीव ५० लाख साधारण जगेडा कोषमा जाने र अन्य विभिन्न कोषहरूमा रहेको रकम समेत जगेडा कोषमा सार्ने गरी प्रक्षेपण गरिएको ।

४) सदस्यता वृद्धिका आधारमा सामान्य शेयर थप हुने र पुराना सदस्यहरूबाट शेयर थप आव्हान गरी शेयर रकम जम्मा सम्पत्तिको १० प्रतिशत भन्दा माथि कायम गर्ने लक्ष्य राखिएको ।

५) बचतको औसत ब्याजदर ५.०० प्रतिशत र ऋण लगानीको औसत ब्याजदर १०.५० प्रतिशतको आधारमा आय व्यय गणना अनुमान गरिएको ।

६) अनुमानित बचत वृद्धिको आधारमा हालको परिवेशलाई मध्यनजर गर्दै कम्तिमा २० प्रतिशत

तरलता व्यवस्था गर्ने योजना राखिएको ।

७) बैङ्क मौज्दातमा सामान्य ब्याज आय गर्ने अनुमान गरिएको ।

८) गत वर्षहरूमा रहेको कर्जा जोखिम कोष रकमलाई प्रयाप्ततामा विशेष ध्यान दिँदै आगामी वर्षमा जोखिम खर्चमा ९० लाख अनुमान गरिएको ।

९) सदस्य सामिप्यता कार्यक्रममा विशेष जोड दिनका लागि विभिन्न कार्यक्रमहरूको योजना तय गरी खर्च प्रस्ताव गरिएको ।

१०) संस्थाको वाह्य कर्जा वासलातको २.५ प्रतिशत मात्र यसै आ.व.मा कायम राख्ने योजना रहेको छ । संस्थाले लिएको उपरोक्त नीति तथा कार्यक्रम अन्तर्गत व्यवसायिक गतिविधिलाई समेटेर निम्नानुसारको वार्षिक बजेट तय गरिएको छ ।

संस्थाको आ.व. २०८३/०८४ को प्रक्षेपित वासलात

	आ.व. २०८३/०८४ प्रस्तावित वासलात			
विवरण	**पहिलो त्रैमासिक**	**दोस्रो त्रैमासिक**	**तेस्रो त्रेमासिक**	**चौथो त्रैमासिक**
कोषको स्रोत	**श्रावण - आश्विन**	**कार्तिक -पौष**	**माघ-चैत्र**	**बैसाख -आषाढ**
शेयर पूँजी	१३१०३३५००।००	१३८७४१४००।००	१४६४४९३००।००	१५४१५७०००।००
जगेडा तथा अन्य कोष	१२३३४३६३६।४३	१२३३४३६३६।४३	१२३३४३६३६।४३	१२३३४३६३६।४३
ऋण जोखिम कोष	३१७२३२२२।४६	३३७२३२२२।४६	३५७२३२२२।४६	३७७२३२२२।४६
बचत हिसाव	१८५१८३८४६४।२५	१९६६८२८८८९।९१	२००५०२९१५३।०३	२११०८७२५३९।१६
वाह्य ऋण	९०७९६१३६।३२	७८२९६१३६।३२	६५७९६१३६।३२	५३२९६१३६।३२
उठ्न वाँकी व्याज	४८००९४४७।२५	३६८०५८८६।५०	२५६०२३२५।७५	१४३९८७६५।००
दिनुपर्ने व्याज	४६६८५१३८।५३	४७१८५१३८।५३	४६७८५१३८।५३	४६८८५१३८।५३
अन्य दायित्व	१२५३२८४९।२५	१३५३५४७७।१९	१४६१८३१५।३७	१५७८७७८०।६०
जम्मा	**२३३५९६२३९४**	**२४३८४५९७८७**	**२४६३३४७२२८**	**२५५६४६४२१८**

कोषको उपयोग	**श्रावण - आश्विन**	**कार्तिक -पौष**	**माघ-चैत्र**	**बैसाख -आषढ**
नगद	१५९६६५५२।७१	१५४६६५५२।७१	१५९६६५५२।७१	१६४६६५५२।७१
बैक	३५२०२०९१८।७१	३६९६२१९६४।६५	३८८१०३०६२।८८	४०७५०८२१६।०२
ऋण लगानी	१५६३९९८१५३।५०	१६४२१९८०६१।१७	१७२४३०७९६४।२३	१८१०५२३३६२।४४
अन्य लगानी	२३४७७०००।००	२३४७७०००।००	२३४७७०००।००	२३४७७०००।००
अन्य सम्पत्ति	९८८२६४०४।८९	९७२२६४०४।८९	३२२२६४०४।८९	३२२२६४०४।८९
उठ्न वाँकी व्याज	४८००९४४७।२५	३६८०५८८६।५०	२५६०२३२५।७५	१४३९८७६५।००
स्थिर सम्पती	२३३६६३९१७।४३	२५३६६३९१७।४३	२५३६६३९१७।४३	२५१८६३९१७।४३
जम्मा	**२३३५९६२३९४**	**२४३८४५९७८७**	**२४६३३४७२२८**	**२५५६४६४२१८**

आ.व. २०८३/०८४ को अनुमानित आय व्यय विवरण

आय Income	**पहिलो त्रैमासिक**	**दोस्रो त्रैमासिक**	**तेस्रो त्रैमासिक**	**चौथो त्रैमासिक**
ऋण लगानी तथा बैक व्याज	४१०३३४५९।४२	८२०६६९१८।८३	१२३१००३७८।२५	१६४१३३८३७।६७

व्यवस्थापन शूल्क	१०८७६२५।००	२१७५२५०।००	३२६२८७५।००	४३५०५००।००
लाभांश आम्दानी	०।००	०।००	०।००	७०४३१०।००
अन्य आम्दानी	१००००००।००	२००००००।००	३००००००।००	४००००००।००
खाता बन्द शुल्क	८००।००	१०००।००	१२००।००	१५००।००
जम्मा आय	**४२२२१८८४।४२**	**८४४४३१६८।८३**	**१२६६६४४५३।२५**	**१६९५९०१४७।६७**

खर्चहरु Expenses				
पूँजीको लागत				
बचतमा व्याज	२४२३८०७४।२५	४८४७६१४८।५	७२७१४२२२।७५	९६९५२२९७
वाह्य ऋणमा व्याज	११७४४४२।०४५	२३४८८८४।०९	३५२३३२६।१३४	४६९७७६८।१७९
पूँजीको लागत (क)	**२५४१२५१६।२९**	**५०८२५०३२।५९**	**७६२३७५४८।८८**	**१०१६५००६५।१२**
सञ्चालन खर्च				
कर्मचारी खर्च				
तलब तथा भत्ता	३१५७५००	६३१५०००	९४७२५००	१२६३०००
ग्रेड खर्च	४९०७६१	९८१५२२	१४७२२८३	१९६३०४४
दशैँ भत्ता	२६३१२५	५२६२५०	७८९३७५	१०५२५००
विदा भत्ता	२८९४३७५	५७८८७५	८६८३१३	११५७७५०
खाजा भत्ता	२२५०००	४५००००	६७५०००	९०००००
अतिरिक्त समय भत्ता	१५००००	३०००००	४५००००	६०००००
कर्मचारी उपचार भत्ता	२९४०००	५८८०००	८८२०००	११७६०००
कर्मचारी सामाजिक सुरक्षा कोष खर्च	६०६६००	१२१३२००	१८१९८००	२४२६४००
कर्मचारी प्रोत्साहन खर्च	७५६०००	१५१२०००	२२६८०००	३०२४०००
ताला चावी भत्ता	३००००	६००००	९००००	१२००००
उपदान कोष खर्च	६२५०००	१२५०००००	१८७५०००	२५०००००
जम्मा कर्मचारी खर्च (ख)	**६८८७४२३।५**	**१३७७४८४७**	**२०६६२२७१**	**२७५४९६९४**
अन्य सञ्चालन खर्च				
टेलिफोन तथा इन्टरनेट खर्च	७०५८७	१४११७४	२११७६१	२८२३४८
सूचना प्रकाशन खर्च	४००७३	८०१४५	१२०२१८	१६०२९०
छपाई तथा मसलन्द खर्च	२९९९५५	५९९९१०	८९९८६५	११९९८२०
मर्मत तथा संभार खर्च	११२०८४	२२४१६८	३३६२५२	४४८३३५
पोशाक खर्च	६१२७९	१२२५५८	१८३८३७	२४५११६
अतिथि सत्कार खर्च	१२८३१	२५६६१	३८४९२	५१३२२
इन्धन खर्च	२५०५४९	५०१०९७	७५१६४६	१००२१९४
विद्युत तथा पानी खर्च	११९७००	२३९४००	३५९१००	४७८८००

सहयोग तथा चन्दा खर्च	४२५७६	८५१५२	१२७७२८	१७०३०३
बैंक चार्ज	२५९३	५१८५	७७७८	१०३७०
तालिम खर्च	८२५०	१६५००	२४७५०	३३०००
बैठक भत्ता	६४९००	१२९८००	१९४७००	२५९६००
बिमा खर्च	५७७५०	११५५००	१७३२५०	२३१०००
सदस्य बिमा खर्च	२३७३२०	४७४६४०	७११९६०	९४९२८०
बाह्य लेखापरीक्षण शुल्क	२४७५०	४९५००	७४२५०	९९०००
कर्मचारी विमा खर्च	५२८१४	१०५६२८	१५८४४२	२११२५५
अन्य कार्यालय खर्च	११४२४६	२२८४९१	३४२७३६	४५६९८१
बार्षिकोत्सव खर्च	४८८११	९७६२२	१४६४३३	१९५२४४
साधारण सभा खर्च	२२३३१७	४४६६३४	६६९९५१	८९३२६७
नविकरण तथा सदस्यता शूल्क	१५०६४	३०१२८	४५१९२	६०२५५
कर तथा दस्तूर खर्च	३७०२३	७४०४५	१११०६७	१४८०८९
सवारी साधन कर	२८९०३	५७८०५	८६७०८	११५६१०
सवारी साधन इन्सुरेन्स खर्च	२९०८९	५८१७८	८७२६७	११६३५६
ए.एम.सि खर्च	१२३९४८	२४७८९६	३७१८४४	४९५७९२
किचन खर्च खर्च	१७५३३	३५०६५	५२५९८	७०१३०
एस.एम.एस. खर्च	१६५०००	३३००००	४९५०००	६६००००
पुर्नताजगी खर्च	८०२७०	१६०५४०	२४०८१०	३२१०७९
ब्याग खर्च	१२४०३	२४८०५	३७२०८	४९६१०
ह्रासकट्टी खर्च	४७२२४२।५	९४४४८५	१४१६७२७।५	१८८८९७०
कुल सञ्चालन खर्च (ग)	**२८२५८६०।५**	**५६५१७१२**	**८४७७५७०।५**	**११३०३४१६**
कार्यक्रम खर्च	४४७५००	८९५०००	१३४२५००	१७९००००
कार्यक्रम खर्च (घ)	**४४७५००**	**८९५०००**	**१३४२५००**	**१७९०००० **
जोखिम कोष खर्च	२२५००००	४५०००००	६७५००००	९०००००
जोखिम खर्च (ङ)	**२२५०००० **	**४५००००० **	**६७५०००० **	**९००००० **
जम्मा खर्च (क+ख+ग+घ+ङ)	**३७८२३३००।२९**	**७५६४६५९१।५९**	**११३४६९८९०।४**	**१५१२९३१७५।२**
अवितरित वचत	**४३९८५८४।१२**	**८७९६५७७।२४**	**१३१९४५६२।८७**	**१८२९६९७२।४९**

बजेटको समीक्षा तथा अनुगमन

संस्थाले तयार गरेको उपरोक्त नीति, कार्यक्रम तथा वार्षिक वित्तीय प्रक्षेपणको नियमित अनुगमन गर्नका लागि संस्थाको व्यवस्थापनले प्रत्येक ३/३ महिनाको योजना र प्रगतिको अवस्था कारण सहित तयार गरी सञ्चालक समितिमा पेश गरिनेछ । सञ्चालक समितिले प्रत्येक क्रियाकलापको समीक्षा गरी फरकता भएको खण्डमा फरकताको कारण तथा सुधारका उपायहरू समेत पहिचान गर्नेछ ।

१७औं वार्षिक प्रतिवेदन २०८३

त्यसैगरी संस्थाको लेखा सुपरीवेक्षण समितिले व्यवस्थापनले तयार गरेको तथा सञ्चालक समितिले समिक्षा गरेको विषयलाई समेत आधार लिई त्रैमासिक आधारमा आवश्यक परीक्षण गर्ने, मूल्याङ्कन गर्ने र विश्लेषणात्मक छलफल गरी सञ्चालक समितिमा आवश्यक सुझाव दिने र देखिएका कैफियतहरू औल्याउने काम गरिनेछ।

धन्यवाद ज्ञापन :

यस सहकारी सस्थाको उत्तरोत्तर प्रगति तथा समृद्धिको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संस्थालाई बहुमूल्य सहयोग तथा सुझाव प्रदान गरि सस्थाको कार्यदक्षता तथा सेवा बृद्धि गर्न मद्धत गर्ने सम्पूर्ण महानुभावहरु, संस्थाको हित तथा प्रगतिको लागि मार्ग निर्देशन दिने कोशी प्रदेश उद्योग,कृषि तथा सहकारी मन्त्रालय,कोशी प्रदेश सहकारी रजिष्टार तथा प्रशिक्षण कार्यालय, झापा जिल्ला सहकारी संघ, झापा जिल्ला वचत तथा ऋण सहकारी संघ,दमक उद्योग बाणिज्य संघ,आन्तरिक राजश्व कार्यालय दमक, नेफ्सकुन,राष्ट्रिय सहकारी बैंक , पत्रकार मित्रहरु, हामीलाई अपार स्नेह, माया, बिश्वास र सुझाव प्रदान गरी संस्थाको उत्तरोत्तर प्रगतिमा लागि पर्नुहुने संस्थाका सम्पूर्ण शेयर शेयर सदस्यज्यूहरु, सञ्चालक समितिका शेयर सदस्यज्यूहरु, लेखा सुपेरीवेक्षण समितिका शेयर सदस्यज्यूहरु,कर्जा उपसमितिका शेयर सदस्यहरु, लेखापरीक्षक, सल्लाहकारज्यूहरु, सम्पूर्ण उपसमितिका शेयर सदस्यज्यूहरु, संस्थाको कर्तव्यनिष्ठ कर्मचारी मित्रहरु सबैलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

आगामी दिनहरुमा पनि सबै क्षेत्रहरुबाट सदा झैं सहयोग तथा सद्भाव पाउने विश्वास लिदैं आ.ब. २०८२/०८३ को नाफा नोक्सान, वासलात तथा नगद प्रवाह बिवरण याहाहरुबाट अनुमोदन को लागि अनुरोध गर्दै सत्रौं वार्षिक साधारण सभाको पूर्ण सफलताको शुभकामना सहित हार्दिक धन्यवाद दिदैं विदा हुन चाहन्छु ।

धन्यवाद ।

जय सूर्यदर्शन !

जय सहकारी !!

२०८३ असोज, २-९ गते

टिकाराज सापकोटा

(अध्यक्ष)

१७औं वार्षिक प्रतिवेदन २०८३

सूर्यदर्शन बचत तथा ऋण सहकारी सस्था लि.

दमक ०६, झापा



सत्रौं बार्षिक साधारण सभा समक्ष
गत आर्थिक बर्ष २०८२/२०८३ को
लेखा तथा सुपेरिवेक्षण समितिद्वारा प्रस्तुत प्रतिवेदन

डिल्लीराम मुखिया
(संयोजक)

यस गरिमामय १७ औं बार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, सञ्चालक समितिका पदाधिकारी तथा शेयर सदस्यज्यूहरु, अन्य बिभिन्न उप समितिका संयोजक एवम् पदाधिकारी तथा शेयर सदस्यज्यूहरु, संस्थाका प्रमुख व्यवस्थापकज्यू, बिभागीय प्रमुख तथा कर्मचारी मित्रहरु, साथै यस गरिमामय सभामा उपस्थित हुनु भएका सम्पुर्ण शेयर सदस्यज्यूहरु लगायत संस्थाका शुभचिन्तक महानुभावहरुमा लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट साथै मेरो व्यक्तिगत तर्फवाट सहकारी अभिवादन व्यक्त गर्दछु ।

आदरणीय शेयरधनी महानुभावहरु,

संस्थाको १७ औं बार्षिक साधारण सभाको अवसरमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रतिवेदन प्रस्तुत गर्न पाउदा मलाई अत्यन्तै खुसी लागेको छ । यस सभामा उपस्थित हुनुभएका आदरणीय शेयर शेयर सदस्य महानुभावहरुले सभामा प्रस्तुत यस आर्थिक प्रतिवेदनको सुक्ष्म अध्ययन गर्नुहुनेछ र संस्थाका सञ्चालक तथा लेखासमितिका शेयर सदस्यहरुलाई आवश्यक राय सुझावहरु प्रदान गर्नुहुनेछ भन्ने अपेक्षाका साथ संस्थाको आर्थिक बर्ष २०८२/८३ को आर्थिक प्रतिवेदनहरुको मुल्याङ्कन बाट हामीलाई लागेका टिप्पणीहरु यस सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

१. अघिल्लो आ.व. २०८२/२०८३ मा समितिको निर्णयहरुको कार्यान्वयनको अवस्था :

अघिल्लो आ.व.को समितिले गरेको निर्णय मध्ये यस समितिले तपसिल बमोजिमका बुँदाहरुलाई मात्र उल्लेख गर्न चाहन्छौं ।

- संस्थाले आफ्ना शेयर सदस्यहरूको आर्थिक तथा सामाजिक सुरक्षालाई प्राथमिकतामा राखी अनिवार्य मासिक खाता सञ्चालन, दुर्घटना बीमा, जीवन बीमा, मिर्गौला तथा क्यान्सरजस्ता गम्भीर रोगका लागि राहत, दैवी प्रकोप राहत तथा अन्य सदस्य सुरक्षा कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्दै आएको छ । संस्थाले सञ्चालन गरेका यस्ता सदस्यकेन्द्रित सुरक्षा तथा कल्याणकारी कार्यक्रमहरू सदस्यहरूबाट समेत सकारात्मक रूपमा प्रशंसा तथा सराहना प्राप्त गर्न सफल भएका छन् । विशेषगरी आकस्मिक दुर्घटना, गम्भीर रोग तथा विपद्को समयमा सदस्यलाई प्रदान गरिने राहत तथा सुरक्षा सुविधाले संस्थाको सदस्यप्रतिको उत्तरदायित्व, सामाजिक प्रतिबद्धता र सदस्य हितप्रतिको संवेदनशीलतालाई स्पष्ट रूपमा प्रतिबिम्बित गरेको छ । यस्ता कार्यक्रमहरूले सदस्यहरूमा संस्थाप्रतिको विश्वास र अपनत्व थप सुदृढ बनाउनुका

साथै संस्थालाई सदस्य हितमा आधारित सहकारीको रूपमा स्थापित गर्न महत्वपूर्ण योगदान पुऱ्याएको देखिएको छ ।

- सहकारी संस्था नाफामुखी मात्र नभई आफ्नो कार्यक्षेत्रका समुदाय तथा शेयर सदस्यहरूको आर्थिक, सामाजिक, साँस्कृतिक र समग्र हित तथा विकासमा समेत योगदान पुऱ्याउनुपर्छ भन्ने उद्देश्यअनुरूप संस्थाले विभिन्न सामाजिक तथा सदस्य हितमुखी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यसअन्तर्गत बृहत् रक्तदान, योग तथा आध्यात्मिक जागरण, तनाव व्यवस्थापन, बजार सरसफाइ तथा वृक्षरोपण, विपन्न विद्यार्थीलाई शैक्षिक सामग्री वितरण, शिवरात्री प्रसाद वितरण, तीज तथा होली मिलन, साथै शेयर सदस्यहरूका लागि धार्मिक तथा पर्यटकीय क्षेत्र भ्रमणलगायतका कार्यक्रमहरू सञ्चालन गरिएको छ। यस्ता कार्यक्रमहरूले संस्थाको सामाजिक उत्तरदायित्वलाई प्रभावकारी रूपमा प्रस्तुत गर्नुका साथै शेयर सदस्य तथा समुदायबीचको सम्बन्ध र संस्थाप्रतिको अपनत्व थप सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ ।
- सँस्थाको कार्यालय व्यवस्थापनलाई थप व्यवस्थित, सुरक्षित तथा आधुनिक बनाउन आवश्यक सवारी साधन, फर्निचर, पूँजीगत सामग्री, कार्यालय उपकरण तथा सी.सी. क्यामेरा लगायतका आवश्यक सामग्रीको खरिद तथा व्यवस्थापन गरिएको छ। सम्पत्ति तथा उपकरणहरू आवश्यकताका आधारमा थप गर्दै तिनलाई आधुनिक कोड नम्बर तथा अभिलेख प्रणालीसहित प्रयोगमा ल्याई सम्पत्तिको उचित संरक्षण र व्यवस्थापन सुनिश्चित गरिएको छ । साथै, संस्थाबाट हुने खरिद कार्यलाई पारदर्शी, प्रतिस्पर्धात्मक, मितव्ययी तथा जवाफदेही बनाउन प्रचलित सार्वजनिक खरिदसम्बन्धी व्यवस्था तथा संस्थाको आन्तरिक खरिद नीतिअनुसार आवश्यक प्रक्रिया अवलम्बन गरी खरिद व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाइएको छ ।
- संस्थाले प्रविधिको प्रभावकारी उपयोगमार्फत सदस्यहरूलाई सुरक्षित, सहज तथा आधुनिक वित्तीय सेवा उपलब्ध गराउने कार्यलाई प्राथमिकता दिएको पाइयो। यस क्रममा प्रिमियम सफ्टवेयर लाई क्लाउड मा डाटा सुरक्षित राखि सञ्चालन गरी शेयर सदस्यहरूलाई नियमित तथा भरपर्दो बैंकिङ सेवा प्रदान गर्दै आएको छ। साथै, आधुनिक मोवाइल बैंकिङ तथा फोन पे सेवामार्फत सदस्यहरूलाई सहज, छिटो र सुरक्षित डिजिटल कारोबारको सुविधा प्रभावकारी रूपमा उपलब्ध गराइएको पाइयो। प्रविधिमा आधारित यस्ता सेवाहरूको विस्तारले संस्थाको सेवा प्रवाहलाई थप सरल, पारदर्शी र प्रभावकारी बनाउनुका साथै सदस्यहरूको समय तथा लागत बचतमा समेत सकारात्मक योगदान पुऱ्याएको छ ।
- संस्थामा रहेको गैर-बैंकिङ सम्पत्तिको प्रभावकारी व्यवस्थापन गर्दै संस्थाको वित्तीय स्रोतलाई थप उत्पादक क्षेत्रमा परिचालन गर्ने उद्देश्यले गैर-बैंकिङ सम्पत्तिहरूको आवश्यक मूल्याङ्कन तथा प्रक्रिया पूरा गरी बिक्री गरिएको पाइयो। यसबाट निष्क्रिय रूपमा रहेको सम्पत्तिलाई नगद प्रवाहमा रूपान्तरण गर्नुका साथै संस्थाको सम्पत्ति व्यवस्थापन तथा वित्तीय अनुशासनमा समेत सकारात्मक प्रभाव परेको देखिन्छ।
- संस्थाले विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रमबाट प्राप्त ज्ञान तथा अनुभव, प्रचलित

कानुनी एवं नियामकीय व्यवस्था र सम्बन्धित निकाय तथा विभागबाट हुने अनुगमनका क्रममा प्राप्त सुझावहरूलाई समेत आधार बनाई संस्थाका नीति तथा कार्यविधिहरूलाई आवश्यकतानुसार समयानुकूल संशोधन, परिमार्जन तथा अद्यावधिक गर्दै कार्यान्वयनमा ल्याएको पाइयो। यसबाट संस्थाको दैनिक कार्यसम्पादनलाई थप व्यवस्थित, प्रभावकारी, पारदर्शी तथा उत्तरदायी बनाउन सहयोग पुगेको देखिन्छ ।

- संस्थाले शेयर सदस्यहरूको दीर्घकालीन आर्थिक सुरक्षा तथा भविष्यको वित्तीय आवश्यकता सम्बोधन गर्ने उद्देश्यले विभिन्न दीर्घकालीन बचत योजनाका साथै अनिवार्य मासिक बचत योजनाहरू सञ्चालनमा ल्याएको पाइयो। साथै, बालबालिकाको भविष्य तथा शैक्षिक आवश्यकतालाई लक्षित गरी बाल शैक्षिक बचत योजनालाई थप प्रभावकारी बनाउादै आवश्यक सेवा तथा सुविधाहरू विस्तार गरिएको देखियो। यस्ता बचत योजनाहरूले सदस्यहरूमा नियमित बचत गर्ने बानीको विकास गर्नुका साथै दीर्घकालीन रूपमा आर्थिक स्वतन्त्रता, वित्तीय आत्मनिर्भरता तथा उद्यमशीलता विकासमा समेत सकारात्मक योगदान पुऱ्याएको पाइयो ।
- संस्थाले ऋण तथा बचतको ब्याजदरलाई बजारको अवस्था, वित्तीय क्षेत्रको प्रवृत्ति तथा समयसापेक्ष आवश्यकताअनुसार समायोजन गर्न ब्याजदर समायोजन कार्यदल गठन गरी आवश्यक अध्ययन तथा विश्लेषण गरेको पाइयो। उक्त कार्यदलको सुझाव तथा बजार र समयसापेक्ष परिस्थितिलाई आधार बनाई संस्थाको बचत तथा ऋणको ब्याजदरमा आवश्यक संशोधन तथा समायोजन गर्दै आएको देखियो । यसबाट संस्थाको ब्याजदर निर्धारण प्रणालीलाई थप व्यवस्थित, प्रतिस्पर्धी तथा समयानुकूल बनाउन सहयोग पुगेको पाइयो।
- संस्थाको प्रगतिको लागि अहोरात्र खट्टिने कर्मचारीहरुलाई उच्च प्राथमिकतामा राखी विभिन्न प्रोत्साहन स्वरुप वढुवा ,पुरस्कारको व्यवस्था, राहत सुविधा दिइराखेको देखियो साथै संस्था प्रविधिको प्रयोगमा अगाडी वढेकोले कर्मचारीको कार्यक्षमता अभिवृद्धि समय समयमा क्षमता अभिवृद्धि तालिम दिनुपर्ने पाइयो ।
- चार्टर्ड एकाउन्टेन्ट वाट आन्तरिक लेखापरीक्षकको व्यवस्था गरी त्रैमासिक रुपमा बिस्तृत प्रतिवेदन पेश गर्ने कार्य गरेको पाइयो । सञ्चालक समितिमा मासिक रुपमा व्यवस्थापकीय प्रतिवेदन सहित छलफल गरी उचित निर्णय र मार्गनिर्देश गरको पाइयो ।
- लेखा सुपरिवेक्षण समिति, विभाग तथा अन्य निकायवाट प्राप्त सल्लाह सुझावहरुको कार्यान्वयन भएको पाइयो ।

२. आ.ब.०८२।०८३ मा बसेको बैठक संख्या, निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्थाः

- सञ्चालक समितिको बैठक संख्या १७ पटक बसी बैठकमा आवश्यक छलफल गरी निर्णय भए अनुसार प्राथमिकताको आधारमा क्रमशः कार्यान्वयन गर्दै आएको ।
- लेखा तथा सुपरिवेक्षण समितिको बैठक संख्या ६ पटक बसी लेखा सम्बन्धी कार्यमा चुस्त र दुरुस्त राख्नको लागि त्रैमासिक आन्तरिक लेखापरीक्षण संगसंगै सुधारको लागि लिखित प्रतिवेदन दिदै आएको ।

- ऋण लगानी तथा असुली उपसमितिको बैठक संख्या १८ पटक बसी कर्जा लगानी तथा सञ्चालक समितिको सिफारिशमा आवश्यक निर्णय गरी कार्यान्वयन गर्दै आएको ।

३. ऋण लगानीको प्रक्रिया ऋण बापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्थाः

संस्थाले ऋण लगानीपूर्व ५ सि विश्लेषण, सदस्यको वित्तीय अवस्था तथा पुनर्भुक्तानी क्षमताको मूल्याङ्कन गरी आवश्यक वित्तीय परामर्शसहित ऋण लगानी गर्ने र लगानीपश्चात् सदुपयोगिताको अनुगमन गर्ने गरेको पाइयो । रु. १० लाखभन्दा माथिका ऋणमा धितोको मूल्याङ्कन गराई ऋण प्रवाह गर्ने तथा ऋणको भाखा नाघेको अवधि अनुसार आवश्यक ऋण नोक्सानी व्यवस्था कायम गर्ने अभ्यासले ऋण जोखिम न्यूनीकरणमा सकारात्मक योगदान पुऱ्याएको देखिन्छ । तथापि, आगामी दिनमा ऋण लगानी पश्चातको नियमित अनुगमन,ऋणको किस्ताको पूर्व जानकारी प्रणाली तथा असुलि निगरानी लाई थप प्रभावकारी बनाउँदै सदस्यहरूको व्यवसायिक गतिविधि र नगद प्रवाहको विश्लेषणका आधारमा कृषि, उद्योग, व्यापार तथा अन्य उत्पादनशील क्षेत्रमा ऋण लगानीलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । यसबाट ऋणको गुणस्तर कायम गर्दै सदस्यहरूको उद्यमशीलता तथा आर्थिक आत्मनिर्भरतामा थप योगदान पुग्ने अपेक्षा गर्न सकिन्छ । संस्थाले १ वर्ष भन्दा बढी भाखा नाघेको ऋणको १०० प्रतिशत,६ महिना देखि १ वर्ष सम्म भाखा नाघेको ५० प्रतिशत, ३ महिना देखि ६ महिना सम्म भाखा नाघेको २५ प्रतिशत र असल ऋणको १ प्रतिशत ऋणलाई कर्जा सुरक्षण कोषमा राख्ने गरेको पाइयो ।

४.नियामक निकायबाट जारी मापदण्डहरुको पालना सम्बन्धी विवरण :

यस अवधिमा नेपाल राष्ट्र बैक, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, सहकारी रजिष्टारको कार्यालय र कोशी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयबाट सहकारी संघ संस्थाहरुलाई विभिन्न मितिमा विविध निर्देशन,मापदण्ड र मार्गदर्शन जारी गरेको छ । साथै राष्ट्रिय सहकारी महासंघ, नेफस्कुन तथा जिल्ला स्थित सहकारी संघहरुबाट समेत विविध मार्गदर्शन जारी भएको छ । संस्थाले यस सम्वन्धमा समिति, उपसमिति र कर्मचारी व्यवस्थापनलाई समयमा नै जानकारी गराई सो सम्वन्धी आवश्यक कदम चालेको छ । साथै संस्थाका सदस्यहरुलाई समेत उक्त मापदण्ड र निर्देशनबाट पर्न जाने असरको बारेमा विभिन्न माध्यमबाट सूचना जारी गरि सुसूचित गराएको छ ।

५.सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारको निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरु :

सहकारीको नियामक निकाय तथा सहकारी संघहरुले समय समय दिएको निर्देशन तथा सुझावहरुलाई पुर्णरुपमा पालना गरेको छ । स्तरीकरण कार्यक्रम अर्न्तगत भएको प्रोवेसन स्थलगत अनुगमन र आन्तरिक लेखापरीक्षणले औंल्याएका सुझावहरु समेत समय कार्यान्वयन गरेको छ । साथै पालना गरेको विषयहरु सम्वन्धित निकायहरुमा जानकारी गर्ने गरेको समेत पाईयो ।

६. पदाधिकारीहरुको मासिक पारिश्रमिक र अन्य सुविधाहरुको विवरणः

संस्थाका कुनै पनि पदाधिकारीहरुले वैठक भत्ता वाहेक मासिक पारिश्रमिक लिएको पाइएन ।

सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिको बैठक भत्ता रु २०००।
कार्यालय प्रमुखको तलब ७५,०००। लगायत सञ्चयकोष,उपचार खर्च,भत्ता,महगीं खर्च,बोनस, दशैँ खर्च,संचार खर्च,पोशाक रहेको छ ।

७. कर्मचारी प्रशासन सम्वन्धी व्यवस्थाहरु :

- साधारण सभाबाट पारित मानव संसाधन नीति भए/नभएको : मानव संसाधन नीति २०७७ पुनर्लेखन २०८२ लागु भएको छ ।
- मानव संसाधन नीति प्रयोगमा ल्याइएको/नल्याइएको : प्रयोगमा ल्याईएको छ ।
- **भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको** : कर्मचारी भर्ना प्रकृया पारदर्शि र प्रतिष्पर्धी छ । सञ्चालक समितिले ३ जनाको कर्मचारी पदपूर्ति उपसमिति मार्फत लिखित, मौखिक तथा प्रयोगात्मक परिक्षा लिई, कर्मचारी नियुक्ती गर्ने गरेको छ ।
- **कार्यरत कर्मचारीहरु र कार्यवोझ बीच तादम्यता रहेको/नरहेको** : कार्यबोझ र तादम्यता मिलेको छ ।
- **कर्मचारीहरुको संख्या** : ३१ जना करार : २ । अस्थायी :० स्थायी : २९

८. स्थिर सम्पतिको उपयोग र ब्यवस्थापनको अवस्था ।

कार्यालय ब्यवस्थापनको लागि आवश्यक पर्ने सम्पूर्ण स्थिर सम्पत्ति,साधनहरुको उचित ब्यवस्थापन र आवश्यकताका आधारमा थप सामानहरु खरिद भएको पाइयो । संस्थाको मुख्य सम्पत्ति भवनका सटरहरु र खालि जग्गालाई ब्यवस्थित रुपमा उपयोगमा ल्याइ कार्य गर्ने अघिल्लो निर्णयलाई पालना गर्नुपर्ने देखियो ।

९. सदस्य राहत कार्याक्रमको कार्यन्वयनको अवस्था :

सदस्यलाई अनिवार्य रुपमा मासिक खाता खोली अपरेशन खर्च, दुर्घटना विमा,जिवन विमा,मृगौला तथा क्यान्सर रोग, दैविक प्रकोप राहत तथा अन्य सदस्य सुरक्षा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरेको पाइयो ।

१०. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :

- लेखाको हिसाब प्रचलित दोहोरो लेखा प्रणाली तथा सि.वि.एस (कोर बैंकिङ प्रणाली) को माध्यमबाट राखिएको छ ।
- स्थिर सम्पत्तिको मुल्यमा ह्रासकट्टी गरि खुद बाँकी रकम देखाइएको छ ।
- सहकारी विभागद्धारा जीर सम्पत्ति शुद्धीकरण निवारण निर्देशिका बमोजिम कार्यान्वयन अधिकारीको व्यवस्था गरिएको छ । कार्यान्वयन अधिकारीले टिटिआर/एसटिआर प्रतिवेदनहरु नियमित रुपमा सम्बन्धित निकायमा पठाउने गरेको र हरेक महिनामा सञ्चालक समितिमा छलफल गर्ने गरेको छ ।

- संस्थामा भए गरेका गतिविधि र सदस्यहरुको गुनासो व्यवस्थापन गर्ने कार्यको लागि सूचना तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ ।
- सतप्रतिशत सदस्यको डाटा कोपोमिसमा इन्ट्री गरेको र कोपोमिस मार्फत प्रतिवेदनहरु पठाउने गरेको पाईयो । यसैगरि अधिकांश सदस्यको सदस्य पहिचान फारम (Know your member KYM) भरि व्यवस्थित गरेको पाईयो ।
- पर्ल्स अनुगमन बमोजिम हिसाब परीक्षणमा संस्थाको अधिकाँश सूचाकाङ्कहरु सकारात्मक रहेका छन् । संस्थाको वित्तिय स्वास्थ्य परीक्षण गर्न कर्मचारी व्यवस्थापनले साप्ताहिक, मासिक, त्रैमासिक र वार्षिक रुपमा पर्ल्स विश्लेषण गरि सञ्चालक समितिमा पेश गर्ने गरेको पाईयो ।
- संस्थाले आयकर ऐन बमोजिम बुझाउनु पर्ने सबै करहरु समयमा नै दाखिला गरि ईटिडिएस गरेको छ ।
- आन्तरिक लेखापरीक्षणका क्रममा सोधनी भएका कुराहरुको कर्मचारी व्यवस्थापनबाट स्पष्ट जानकारी पाइयो ।
- सञ्चालन बचत (नाफा) भएको रकमलाई विनियम अनुसार वाँडफाड गरिएको छ र वाँडफाड गरि वाँकी रहेको रकम वर्षको अन्त्यमा साधारण जगेडाकोषमा रकमान्तर गर्ने गरिएको छ ।
- व्यवस्थापनले संस्थाको आर्थिक प्रशासन नियमावली र स्वीकृत बजेटको अधिनमा रही खर्च गर्ने गरेको छ ।
- राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरे बमोजिम ऋणको वर्गीकरण गरि ऋण नोक्सानी कोषको व्यवस्था गरेको छ । जस अर्न्तगत असल ऋणलाई १ प्रतिशत, कमसल ऋणलाई २५ प्रतिशत, शंकास्पद ऋणलाई ५० प्रतिशत र खराब ऋणलाई १०० प्रतिशत जोखिम व्यवस्था गरेको पाईयो ।

११. लेखा तथा सुपरिवेक्षण समितिको तर्फवाट सुझावहरु :

लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट १७ औं साधारणसभामा आगामी दिनको लागि निम्न वमोजिमको सुझावहरु पेश गरेको छु ।

- संस्थामा रहेको अधिक तरलताको समस्यालाई दीर्घकालिन रुपमा समाधान गर्न ऋण सेवालाई सरलीकृत गर्न र ऋणी सदस्यलाई धन सिर्जना गर्ने खालको गतिविधिमा लगानी प्रोत्साहन गर्न सुझाव दिएका छौं ।
- वर्तमान अवस्थामा सहकारी प्रति हेर्ने दृष्टिकोण सकारात्मक हनु नसकेको हुँदा सम्पूर्ण सदस्यहरु एकतावद्ध हुँदै नियमित रुपमा कारोबार गरि संस्थाको साखलाई कायम गराउन संस्थाका सबै समिति,कर्मचारीवर्ग तथा सदस्य ज्यूहरुमा हार्दिक अपिल गर्दछौं ।
- गैह्र बैंकिङ्ग सम्पत्तिलाई समयमा नै व्यवस्थापन गरि आगामी वर्ष सदस्यहरुलाई उचित प्रतिफल दिने बातावरण कायम गर्न आवश्यक रणनीति बनाउन समितिको ध्यानाकर्षण गराउन चाहान्छौं ।
- संस्थाले एकल विन्दु ऋण लगानी कार्याक्रम बनाइ उक्त ऋण सुविधालाई व्यापक प्रचार प्रसार

गरी लगानी सहजिकरण गर्न सबैलाई हार्दिक आव्हान गर्दछौं ।

- संस्थाले बाह्य ऋण लिएको देखिएकोले, सहकारी संस्थाहरुले शेयर सदस्यहरुमा बचत गर्ने बानीको बिकाश गर्ने प्रभावकारी योजना ल्याई बाह्य ऋण कम गर्नुपर्ने ।
- संस्थाको शेयरपूँजी हाल कुल सम्पतिको ५।६६ प्रतिशत मात्र रहेको हुदा यसलाई कम्तिमा १० प्रतिशत पुऱ्याउनु पर्ने ।
- संस्थाले दीर्धकालीन रुपमा प्रभावकारी हुने प्रकारले रणनैतिक योजना,व्यावसायिक योजना र भावि कार्यक्रम बनाई कार्यान्वयन गर्नुहुन ।
- नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रमहरुको प्रभावकारीरुपमा कार्यान्वयन गर्नुहुन ।
- बजेटको सीमाभित्र रहेर खर्च गर्दै बजेटको सामान्य सिद्धान्त पालना गर्ने व्यवस्था मिलाउनु हुन ।
- संस्थामा सूचना प्रविधिको प्रयोगलाई अझ प्रभावकारी र सुरक्षित बनाउन हुन ।
- ऋण लगानी गर्दा अनिवार्य आवश्यक पर्ने कागजातहरु ऋणीबाट सङ्कलन गरेर मात्र ऋण लगानी गर्ने व्यवस्था मिलाउनु हुन ।
- विगत वर्षदेखि नै लेखा समितिले सुझाव दिएका तर कार्यान्वयन हुन नसकेका सुझावहरु अबिलम्ब कार्यान्वयन गर्नु हुन ।
- ठुला ऋणहरु प्रवाह गर्दा ऋणीलाई एकमुष्ट प्रवाह नगरी उसको ऋण सदुपयोगितालाई मूल्याङ्कन गर्दै किस्तामा ऋण लगानी गर्ने व्यवस्था मिलाउनु हुन ।
- बाह्य लेखापरीक्षक तथा आन्तरिक लेखापरीक्षण समितिले दिएका सुझावहरुलाई क्रमशः संस्थाको हितमा हुने गरी कार्यान्वयन गर्दै जान हुन ।

अन्त्यमा, संस्थागत सुशासन कायम गर्दै वित्तीय अनुशासन पालना गर्ने र समिति र व्यवस्थापनलाई थप सक्रिय बनाउने काममा हामीले आफ्नो तर्फबाट सम्पूर्ण ध्यान केन्द्रित गर्ने नै छौं । यस कार्यमा संस्थाका सञ्चालक समिति तथा कर्मचारीहरुले हामीहरुलाई अन्यन्त सौहार्दपूर्ण वातावरण मिलाई सहयोग गर्नुभएकोले उहाँहरुलाई पनि धन्यवाद दिन चाहन्छौं साथै यस आर्थिक वर्षको अवधिमा सम्पूर्ण शेयर सदस्य महानुभावहरुले प्रत्यक्ष अप्रत्यक्ष रुपमा दिनुभएको सल्लाह तथा सुझावलाई शिरोधार्य गरी आगामी दिनहरुमा पनि अझ चुस्त, सकारात्मक सुझाव तथा सहयोगको अपेक्षा राख्दै सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई १७ औं वार्षिक साधारण सभाको पूर्ण सफलताको कामना गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । धन्यवाद !

जय सूर्यदर्शन !
जय सहकारी !!
मिति : २०८३ असोज, ०२-०९ गते

.....
लेखासमितको तर्फवाट
डिल्लीराम मुखिया
(संयोजक)

सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड

दमक, झापा, नेपाल

सदस्य महानुभावहरु समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

१. प्रतिकुल राय

हामीले **सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड**को (यस पछि संस्था भनिएको) संलग्न २०८३ आषाढ मसान्त (१६ जुलाई २०२६) को वित्तीय स्थिति विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा वा नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, "प्रतिकूल रायको आधार" खण्डमा वर्णन गरिएका विषयहरूको प्रभावका कारण, साथैका वित्तीय विवरणहरूले संस्थाको ३२ असाढ २०८३ सम्मको वित्तीय स्थिति, सोही अवधिको आर्थिक नतिजा र नगद प्रवाहलाई नेपाल वित्तीय प्रतिवेदन मानक तथा प्रचलित कानूनको अनुसार सबै भौतिक पक्षहरूमा यथोचित रूपमा प्रस्तुत गर्दैनन् ।

२. प्रतिकूल रायको आधारहरु

- संस्थाले ऋण नोक्सानि व्यवस्थापन गर्दा ऋण नोक्सानि व्यवस्था (Loan Loss Provision) लाई (१) (Expected Credit Loss -ECL) NFRS 9 अन्तर्गत र (२) सहकारी संस्थाका लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरण सम्बन्धी मापदण्ड २०८२ द्वारा तोकिएका न्यूनतम ऋण नोक्सानि व्यवस्था प्रावधानमध्ये जुन पालना गर्दा उच्च ऋण नोक्सानि व्यवस्था आउछ त्यसलाई आधार मानि लेखाङ्कन(Recognize) गर्नुपर्नेमा, संस्थाले (Expected Credit Loss -ECL) अन्तर्गतको ऋण नोक्सानी व्यवस्थाको एकिन नगरी ऋण नोक्सानि व्यवस्थालाई लेखाङ्कन गरेको पाइयो । यसले गर्दा आवश्यक ऋण नोक्सानि व्यवस्थालाई कम मापन गरेको छ र NFRS 9 को पालना नगरेको देखिन्छ ।
- सहकारी ऐन २०७४ को दफा ५०(५) अन्तर्गत सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइने छैन भनेतापनि संस्थाले सो व्यवस्थाको पालना पुर्ण रुपमा गरेको पाईएन ।

हामीले हाम्रो लेखापरिक्षण "नेपाल लेखापरीक्षणमान" बमोजिम सम्पन्न गरेका छौं । यी मान अन्तर्गतका हाम्रा दायित्वहरु यस प्रतिवेदनको "वित्तीय विवरणको लेखापरिक्षणप्रति लेखापरिक्षकको जिम्मेवारी" शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाले व्यवसायिक लेखापालका लागि आचारसंहितको हातेपुस्तक लगायत वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा नेपालमा प्रचलित आवश्यक आचरणहरुको आधारमा हामी यस संस्थाबाट स्वतन्त्र छौं र हामीले यस्ता आवश्यकता अनुरुप तथा नेपाल चार्टर्ड एकाउण्टेण्ट्स्

संस्थाले जारी गरेको व्यवसायिक लेखापालका लागि आचारसंहिताको हातेपुस्तक बमोजिम अन्य आचरणको जिम्मेवारी पूरा गरेका छौं । हाम्रो लेखापरिक्षणबाट प्राप्त लेखापरिक्षण प्रमाणहरु हाम्रो रायलाई पर्याप्त एवं उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३. लेखापरिक्षण सम्बन्धि मूख्य विषयहरु

यस अवधिको संस्थाको वित्तीय विवरणको लेखापरिक्षणका क्रममा हाम्रो व्यवसायिक निर्णयका आधारमा लेखापरिक्षणमा सवैभन्दा महत्वपूर्ण विषयहरु नै लेखापरिक्षण सम्बन्धि मूख्य विषयहरु हुन । यी विषयहरु वित्तीय विवरणको लेखापरिक्षणका क्रममा हाम्रो राय बनाउने सन्दर्भमा सम्बोधन गरीएको थियो र हामी यी विषयमा छुट्टै राय प्रदान गर्दैनौ । हामीले तल वर्णन गरीएका विषयहरुलाई हाम्रो प्रतिवेदनमा उल्लेख गर्ने लेखापरिक्षण सम्बन्धि मुख्य विषयहरुका रुपमा निर्धारण गरेका छौं ।

सि.नं.	लेखापरिक्षण सम्बन्धि मूख्य विषयहरु	लेखापरिक्षकको प्रतिक्रिया
१.	**सुचना प्रविधि सामान्य नियन्त्रण** कारोवारको लेखाङ्कन र विभिन्न नियमनकारी निकायको निर्देशनको अनुपालनाका लागि आवश्यक पर्ने बिभिन्न प्रतिवेदनहरुको उत्पादनहरुको विश्वसनीयता सुचना प्रविधि, सफ्टवेयर र अन्य सम्बद्ध प्रणालीको प्रभावकारीतामा भर पर्दछ । सुचना प्रविधि माथिको नियन्त्रण तथा प्रमाणिकरणमा भएका त्रुटीहरु, गलत तथ्याङ्को प्रविष्टी तथा गलत तथ्याङ्ककको गलत उत्पादनले व्यवस्थापन, शेयरधनी र नियामकहरुलाई गलत प्रतिवेदन पेश हुनसक्ने भएकाले हामीले यसलाई प्रमुख लेखापरिक्षण विषयको रुपमा लिएका छौ ।	संस्थाको सुचना प्रविधि प्रणाली सम्बन्धमा हाम्रो लेखापरिक्षण पद्दती देहायबमोजिम रहेको छ: • संस्थाद्वारा प्रयोग गरिएको सफ्टवेयरको सञ्चालन प्रणालीबारे बुझ्यौं । • संस्थामा रहेको हाल अवस्थित सुचना प्रविधि प्रणालीमा तथ्याङ्ककको प्रविष्टि र वित्तीय विवरणहरुको उत्पादन प्रक्रियाबारे बुझ्यौं । • संस्थाको नीति नियममा कुनै पनि परिवर्तन भएको अवस्थामा प्रयोगकर्ताले प्रयोग गर्ने सुचना प्रविधिको उपयोगको तरिका तथा अन्य विवरण समेत परिवर्तन भएको सुनिश्चित गर्यौं । • प्रणालीबाट उत्पादित विभिन्न प्रतिवेदन नमुना कारोबारको आधारमा विश्लेषण गर्यौं । हामीले कर्जा लगानीमा व्याज बापतको आय र सदस्यको बचतमा व्याज वापतको खर्चको गणना नमुना छनौट गरी सोको आधारमा सफ्टवेयरबाट हुने गणनाको जाँच तथा विश्लेषण गर्यौं । • संस्थाद्वारा हामीलाई उपलब्ध गराईएको सुचना प्रविधि प्रणालीमा हामीले विश्वास गरी हाम्रो लेखापरिक्षण सम्पन्न गर्यौं ।

४. वित्तीय विवरण र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए बाहेकको अन्य सुचनाहरु

अन्य सुचनाहरुको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । अन्य सुचनाहरुमा व्यवस्थापनको प्रतिवेदन, सञ्चालक समिति तथा अध्यक्षको प्रतिवेदन पर्दछ जसमा वित्तीय विवरण तथा लेखापरीक्षण प्रतिवेदन पर्दैन । यस्ता सुचनाहरु हामिलाई लेखापरीक्षण प्रतिवेदन जारी भएपश्चात मात्र प्राप्त हुन्छन् ।

वित्तीय विवरणमा हाम्रो रायले अन्य जानकारीलाई समावेश गर्दैन र हामी यसमा कुनै पनि प्रकारको राय व्यक्त गर्दैनौं । वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा, माथि उल्लेख गरिएका अन्य जानकारीहरु उपलब्ध हुँदा पढ्नु हाम्रो जिम्मेवारी हो र त्यसो गर्दा अन्य जानकारीहरु वित्तीय विवरण वा लेखापरीक्षणका बखत प्राप्त भएको हाम्रो ज्ञान वा सारभुत रुपमा गलत व्याख्या भएका छन् कि छैनन् भनी विचार गर्नुपर्दछ ।

हामीलाई उपलब्ध त्यस्ता जानकारीमा कुनै सारभुत गलत व्याख्या छन् भने, हामीले सो कुरा शासनसँग जिम्मेवारहरुलाई जानकारी गराउन आवश्यक छ ।

५. वित्तीय विवरणप्रति व्यवस्थापन तथा शासकीय भूमिका वहन गर्नेहरुको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान, सम्बन्धित ऐन, नियम, अभ्यास अनुरुप यथार्थ एवं उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रुपले त्रुटि रहित वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने, लेखा नीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्य पर्दछ ।

वित्तीय विवरण तयार गर्दा समुहको संस्थागत निरन्तरता क्षमताको जाँच गर्नु, लागु हुने भए अनुसारको संस्थागत निरन्तरता सम्बन्धि व्यहोरा उल्लेख गर्नु तथा व्यवस्थापनले संस्था खारेज वा सञ्चालन बन्द वा उपयुक्त कार्य गर्नु बाहेक अन्य उपयुक्त विकल्प नभएमा बाहेक संस्थागत निरन्तरता सम्बन्धि लेखाको आधार प्रयोग गर्नुपर्दछ ।

शासकीय भूमिका वहन गर्नेहरुले वित्तीय प्रतिवेदन तयारीको प्रक्रिया निरीक्षण गर्न जिम्मेवार छन् ।

६. वित्तीय विवरणको लेखापरिक्षणप्रति लेखापरिक्षकको जिम्मेवारी

दायित्वको जिम्मेवारी पूर्ण रुपमा राफसाफ भएमा, रद्ध भएमा वा म्याद समाप्त भएमा वित्तीय दायित्वहरुलाई पहिचानबाट हटाइन्छ । जहाँ विद्यमान वित्तीय दायित्व एकै ऋणदाताबाट अरु बिभिन्न शर्तहरू, वा विद्यमान दायित्वका सर्तहरूमा पर्याप्त संशोधन गरिएको हुन्छ र नया दायित्वले साटासाट गरिन्छ, त्यस्तो साटासाट वा संशोधन भएको खण्डमा मूल दायित्वको अपलेखाङ्कन र नयाँ दायित्वको लेखाङ्कन गरिन्छ । मूल वित्तीय दायित्वको किताबी मूल्य र भुक्तान गरिएको प्रतिफलबीचको भिन्नता नाफा वा नोक्सानको विवरणमा लेखांकन गरिन्छ ।

३.४.१ फेयर भ्याल्युको निर्धारण

फेयर भ्याल्युमा देखाईएको वा प्रस्तुत गरिएका सम्पत्ती र दायित्वहरू महत्वपूर्ण विवरणहरुको आधारमा तीन तहमा वर्गीकृत गरिएको छ । मूल्यांकनका महत्वपूर्ण विवरणहरुमा रेपोर्टिङ अवधिमा भएको परिवर्तनको आधारमा सम्पत्ती र दायित्वहरूलाई फेयर भ्याल्यु पदानुक्रम (Fair Value Hierarchy) मा स्थानान्तरण गर्न सकिन्छ । वित्तीय संस्थाले रिर्पोटिङ्ग अवधिको अन्त्यमा मुख्य बजार वा विवरणहरुमा उल्लेखनीय परिवर्तन भएमा, फेयर भ्याल्युको पदानुक्रमको स्तरहरू बीचको स्थानान्तरणलाई मान्यता दिएको छ । फेयर भ्याल्यु निम्न पदानुक्रम अनुसार निर्धारण गरिएको छ :

तह १ फेयर भ्याल्यु मापन ती हुन् जुन समान प्रकृतिका सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारमा असमायोजित सूचिकृत (Unadjusted quoted)मूल्यहरूबाट निकालेको हुन्छ ।

तह २ मापन भन्नाले सक्रिय बजारमा समान प्रकृतिका (Similar) उपकरणका लागि सूचिकृत मूल्यहरू वा निष्क्रिय बजारमा समान प्रकृतिका (Identical or Similar) उपकरणको लागि सूचिकृत मूल्यहरू र जहाँ वित्तीय उपकरणहरू मुल्याकंन गर्दा सबै महत्वपूर्ण इन्पुटहरु अवलोकन योग्य हुन्छ ।

तह ३ जहाँ कम्तिमा एउटा इनपुट, जसले उपकरणको मूल्यांकनमा महत्वपूर्ण प्रभाव पार्न सक्छ, त्यो अवलोकन योग्य बजार आंकडामा आधारित हुँदैन ।

उपलब्ध भएसम्म वित्तीय संस्थाले एक उपकरणको फेयर भ्याल्यु त्यो उपकरणको सक्रिय बजारमा सुचिकृत मूल्यको प्रयोग गरी मापन गर्दछ । बजारलाई सक्रिय तब मानिन्छ जब सुचिकृत मूल्यहरू सजिलै र नियमित रूपमा उपलब्ध हुन्छन् र Arm's Length Priceमा अधारित भएर वास्तविक र नियमित रूपमा बजारमा हुने लेनदेनलाई प्रतिनिधित्व गर्दछ । यदि कुनै वित्तीय साधनको लागि बजार सक्रिय छैन भने, वित्तीय संस्थाले मूल्यांकन प्रविधि प्रयोग गरी फेयर भ्याल्यु स्थापना गर्दछ । मुल्याकंन प्रविधिले जानकार, इच्छुक पार्टीहरू (उपलब्ध छ) भने बीचको भर्खरको Arm's Length Priceमा भएको लेनदेन, अन्य समान उपकरणहरूको वर्तमान फेयर भ्याल्यु र डिस्काउन्ट गरिएको नगद प्रवाहको विश्लेषणहरू समावेश गरेको हुन्छ ।

३.४.२ कर्जा सापटको नोक्सानी (Impairment of Loans and Advances)

प्रत्येक प्रतिवेदन मितिमा सहकारीले सम्पत्तिमा नोक्सान भएको वा नभएको कुनै संकेत छ कि छैन भनी समीक्षा गर्दछ । भविष्यमा नोक्सान अर्थात घाटाको निर्धारण गर्दा विशेषगरी व्यवस्थापनले नगद प्रवाहको रकम र समयको आंकलन गर्नु आवश्यक हुन्छ । यस्ता अनुमानहरु धेरै कारकहरु प्रतिको धारणामा आधारित छन र भएको प्रावधानहरुमा भविष्यमा परिवर्तन भएमा वास्तविक परिणाम फरक हुन पनि सक्दछन ।

नोक्सानीको व्यक्तिगत मुल्यांकन आर्थिक सम्पत्तिमा लागू हुन्छ जुन नोक्सानीको लागि व्यक्तिगत रुपमा मूल्यांकन गरिन्छ र भविष्यको नगद प्रवाहलाई वर्तमान मुल्यको उच्चतम अनुमानमा आधारित हुन्छ । नगद प्रवाहको अनुमान गर्दा व्यवस्थापनले ऋणीको वित्तीय अवस्था र धितोको बिक्रीबाट प्राप्त हुनसक्ने खूद मुल्यको आधारमा निर्णय गर्दछ । प्रत्येक बिग्रेको सम्पत्ति यसको कार्य गर्न सक्ने क्षमताको आधारमा मूल्यांकन गरिन्छ । कार्यगत रणनीति र नगद प्रवाहको अनुमानलाई प्राप्ति योग्य मानिन्छ । एक्सपोजरको नोक्सानको व्याक्तिगत मुल्यांकनको अर्थ भनेको कमजोरीको उद्देश्य प्रमाण छ कि छैन, भविष्यको नगद प्रवाहको वर्तमान मुल्यको अनुमान र यस मूल्यांकनमा समावेश ऋण लिने प्रत्येक व्यक्तिबाट प्राप्त हुने नोक्सानको मुल्य गणनाको अर्थ हो ।

सहकारीले नोक्सानीको व्यक्तिगत मुल्यांकन बमोजिम Non Performing वर्गमा रहेका सम्पूर्ण कर्जाहरु समावेश गरेको छ । यसै सन्दर्भमा हरेक कर्जाको भुक्तानी ऋणीको अनुमानित नगद प्रवाहबाट प्राप्त हुने (Going Concern) र धितोको बिक्रीबाट कर्जाको भुक्तानी हुने (Gone Concern) मा विभाजन गरिन्छ । सहकारीले यी दुवै अवस्थामा परम्परागत मान्यता अनुरुप ऋणीको अनुमानित नगद प्रवाह, वर्तमानको आर्थिक अवस्था, सहकारीको आफ्नै अनुमान आदिलाई आधार मानी कर्जा नोक्सानी व्यवस्थाको मुल्यांकन गर्दछ ।

व्यक्तिगत रुपमा कर्जा नोक्सानी व्यवस्था (Individual Impairment) नगरिएका कर्जाहरुलाई सामुहिक कर्जा नोक्सानी मुल्यांकन गरिएको छ ।

सामुहिक नोक्सानीको आंकलन गर्दा सहकारीले ऋण नतिर्ने सम्भावना (Probability of Default), पुनः स्थापनाको समय र नोक्सान रकमको ऐतिहासिक प्रवृत्ति, Loss Given Default आदिको तथ्यांकीय विष्लेषण, प्रोडक्ट, जोखिम कारकहरु, धितोको पर्याप्तताका आधारमा गरी नोक्सानी व्यवस्थाको निर्धारण गरिन्छ । डिफल्ट दर, नोक्सान दर र भविष्यमा पुनः प्राप्तिको अपेक्षित समय नियमित रूपमा वास्तविक परिणामहरूसँग तुलना गरिन्छ र उपयुक्त भए नभएको सुनिश्चित गरिन्छ ।

ICAN ले जारी गरेको वैकल्पिक व्यवस्थाको सुचना अनुसार सहकारीले कर्जा तथा सापटीमा हुने हानी नोक्सानीको मापन गरेको छ र कर्जा नोक्सानी व्यवस्थाका लागि सहकारी विभागले तोकेको मापदण्ड र NFRS 9 को Para 5.5 बमोजिम निर्धारण गरिएको रकम मध्ये जुन बढी छ त्यसैलाई लेखाङ्कन गरिएको छ । NFRS र बचत ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७ बमोजिमको व्यवस्था निम्नअनुसार प्रस्तुत गरिएको छ ।

NFRS बमोजिम व्यवस्था

विवरण	आ.व. २०८२/८३
एकल हानी नोक्सानी (Individual Impairment)	
सामूहिक हानी नोक्सानी(Portfolio Impairment)	२०४,७५७,६०१.५८
NFRS बमोजिम व्यवस्था	२०४,७५७,६०१.५८

सहकारी संस्थाले लेखाङ्कन गरेको कर्जा जोखिम व्यवस्था

ऋण वर्गीकरण	आ.व. २०८२/८३
असल ऋण	१४,७००,५५२.७२
कमसल ऋण	१,२२०,७११.६३
शङ्कास्पद ऋण	४,२८०,०४४.१३
खराब ऋण	१०,६७४,६८५.७७
बिक्रीको लागि राखिएको चालु सम्पत्ती	
विभागले तोकेको मापदण्ड बमोजिम	३०,८७५,९९४.२४

सहकारी संस्थाले लेखाङ्कन गरेको कर्जा जोखिम व्यवस्था।
३०,८७५,९९४.२४

३.४.३ बिक्रीको लागि उपलब्ध वित्तीय लगानीको नोक्सानी (Impairment of Financial Investments – Available-for-Sale)

जब बिक्रीको लागि उपलब्ध इक्विटी लगानी व्यापकरुपमा त्यस्तो लगानीको फेयर भ्यालुमा गिरावट आउदछ वा उक्त लगानीको फेयर भ्यालुलागत मूल्य भन्दा तल झर्दछ तब सहकारीले बिक्रीको लागि उपलब्ध इक्विटी लगानीको नोक्सानी व्यवस्था गर्दछ । संस्थाले बिक्रीका लागि वर्गीकृत गरेका गैर-हालसालको सम्पत्तिहरूलाइ (NON current Assets Held for Sale) नेपाल वित्तीय प्रतिवेदन मानक -NFRS 5 Non–current Assets Held for Sale and Discontinued Operations) अनुसार पुस्तक मूल्य (Book Value) वा उद्धारयोग्य मूल्य Recoverable value(Fair Value less Cost to Sell) मध्ये जुन कम हुन्छ, सो आधारमा मापन गरी प्रस्तुत गरेको छ ।

३.४.४ व्यापारिक सम्पत्ति (Trading Assets)

सहकारीले निकट भविष्यमा नै बिक्री गरी नाफा आर्जन गर्ने उद्देश्यले खरिद गरेका सम्पत्तिहरुलाई यस शीर्षकमा देखाईएको छ । अन्य व्यापारिक सम्पत्तिहरुमा गैर व्युत्पन्न वित्तीय सम्पत्तिहरु (Non-derivative financial assets), सरकारी ऋणपत्र, नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, स्वदेशी इजाजतपत्रप्राप्त संस्थाहरुले जारी गरेका ऋणपत्रहरु, ट्रेजरी विल्स, इक्विटी आदि व्यापारिक प्रयोजनको लागि राखिएको छ ।

३.५ स्थिर सम्पत्ति तथा कार्यालय उपकरण

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरु एक वर्ष वा सो भन्दा बढी धारण गरी ग्राहकलाई सेवा प्रदान गर्नको लागि वा संस्थाको प्रशासनिक कार्यमा प्रयोगको लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन् । सहकारीले NAS 16 – "Property, Plant & Equipment"को व्यवस्था अनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरुको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

सहकारीलाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यभावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ । स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई लागत मोडल(Cost Model)मा लेखाङ्कन तथा प्रस्तुत गर्ने सहकारीको लेखा नीति रहेको छ । यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिँदा सोमा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

सहकारीले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । सहकारीले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई अनुमानित प्रयोग अवधिको अनुपातमा समदर विधि ह्रासकट्टी प्रणाली (Straight Line Method)अनुसार ह्रासकट्टी गर्ने गरेको छ। अघिल्लो आर्थिक वर्षमा भवन सम्पत्तिहरूको ह्रास (Depreciation) गणना गर्न बाँकी रहेकोमा, सो रकम भौतिक महत्त्वको (Material) नहुने भएकाले विगतका वित्तीय विवरणहरूको पुनस्कथन (Restatement) गरिएको छैन र सोको प्रभाव चालु आर्थिक वर्षको लेखापुस्तकमा समायोजन गरिएको छ।

सहकारीका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको कायम भएको ह्रासकट्टी दर निम्न बमोजिम छ ।

सम्पतिको प्रकृति	अनुमानित उपयोग अवधि (वर्ष)
कार्यालय उपकरण,फर्निचर	10
आइटि उपकरण	5
अटोमोवाइल्स	7
भवन तथा स्ट्रक्चर	30
सफ्टवेयर	5

३.६ अमुर्त सम्पत्ति कम्प्युटर सफ्टवेयर (Intangible Assets)

खरिद गरिएको कम्प्युटर सफ्टवेयर खरिद लागतको आधारमा पुँजीकरण गरिन्छ । सफ्टवेयरको विकासमा समय समयमा गरिने खर्चहरुले भविष्यमा आर्थिक रुपमा संस्थालाई फाइदा पुग्दछ भन्ने मान्यताको आधारमा त्यस्ता खर्चहरुलाई समेत पुँजीकरण गरिन्छ । कम्प्युटर सफ्टवेयरसंग सम्बन्धित खर्चहरु ५ वर्षको अवधिमा समदर प्रणालीको आधारमा परिशोधित गरिएको छ ।

३.७ लगानी उद्देश्यका स्थिर सम्पत्ति(Investment Properties)

लगानी उद्देश्य भएका स्थिर सम्पत्ति भनेका जमीन वा बिल्डिंग वा दुवैलाई NAS 16 – Property, Plant & Equipment बमोजिम पहिचान गरि NFRS 5 – Non-current Assets held for Sale and Discountinued Operations अन्तर्गत बिक्रीको लागि राखिएका लगानी उद्देश्यका स्थिर सम्पत्तिलाई जनाउँछ । हाल सहकारीसँग यस्तो कुनै पनि सम्पति रहेको छैन ।

३.८ आयकर (Income Tax)

सहकारीले आयकर लेखाङ्कन NAS 12 – Income Tax को प्रावधान बमोजिम गर्ने गरेको छ । आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ ।

क) चालु आयकर (Current Tax)

हालका कर सम्पत्तिहरु र दायित्वहरु तथा अघिल्ला वर्षहरुका बुझाउन बांकी रहेका कर दायित्वहरु यस वर्षमा बुझाउनुपर्ने देखिएमा त्यस्ता रकमहरु यस शीर्षकमा राखिन्छ । सम्बन्धित आर्थिक वर्षमा करको रुपमा भुक्तानी गर्नुपर्ने गरी पहिचान भएका कर दायित्वहरु, शुल्क र हर्जाना यस शीर्षकमा समावेश हुन्छन । **ख) स्थगन कर (Deferred Tax)**

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रुपमा लेखाङ्कन गरि प्रत्येक वर्ष यस्तो सम्पत्ति (वा दायित्वमा) हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय (वा स्थगन कर खर्च) को लेखाङ्कन गरिन्छ ।

३.९ व्यवस्थाहरु तथा सम्भावित दायित्वहरु(Provisions and Contigent liabilities)

सहकारीले सम्भावित दायित्वहरुको पहिचान तथा व्यवस्थाहरु लेखाङ्कन NAS 37 – Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ ।

विगतका घटनाहरुको परिणामस्वरुप सहकारीको वर्तमानमा सिर्जित कुनै दायित्वहरु छन जुन विश्वसनीय तरिकाले नाप्न सकिन्छ र दायित्व चुक्ता गर्नको लागि श्रोतको बर्हिगमन हुन्छ भने त्यसलाई व्यस्थाको रुपमा लेखांकन गरिएको छ ।

३.१० आम्दानी लेखाङ्कन

आम्दानी भनेको संस्थाको साधारण गतिविधिहरूको क्रममा उत्पन्न हुने आर्थिक लाभहरूको प्रवाह हो, यदि त्यस्ता लाभहरुले इक्विटी सहभागीहरुको योगदानको कारणले बाहेक इक्विटीको वृद्धि हुन्छ । आम्दानीलाई यस हदसम्म पहिचान र लेखांकन गरिन्छ कि आर्थिक लाभहरू वित्तीय संस्थामा प्रवाहित हुनेछन् र आम्दानी भरपर्दो मापन गर्न सकिन्छ । जुन आयको प्राप्ती सम्भव छैन तिनलाई आम्दानी अवधिमा लेखांकन गरिएको छैन । वित्तीय संस्थाको आम्दानीमा व्याज आय, शुल्क र कमिसन, रेमिट्यान्स आय, आदि समावेश छ र आय लेखाङ्कनको आधारहरू निम्नानुसार छन् ।

क) व्याज आम्दानी

व्याज आम्दानीमा कर्जा लगानी, नाफा नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, नेपाल राष्ट्र बैंकमा रहेको नगद मौज्दात, बैंक तथा वित्तीय संस्थामा रहेको नगद, कर्मचारीलाई प्रदान गरेको कर्जामा प्राप्त व्याज रकमहरु समावेश हुन्छन । ग्राहकहरुलाई दिइएको कर्जा तथा सापटीबाट प्राप्त गरेको ब्याजलाई पाकेको आधारमा(Accrual Accounting) लेखाङ्कन गरिन्छ ।

कर्जा लगानीमा प्राप्त व्याज आम्दानी NFRS ले सुझाव गरेबमोजिम परिमार्जित साँवा रकममा पहिचान गरिन्छ जुन प्रभावकारी व्याज विधिको नजिक हने गर्दछ । नोक्सानी व्यवस्था गरिएका कर्जाहरुमा पाउने व्याजलाई

प्रभावकारी व्याज गणना विधिमा समावेश गरिदैंन । सरकारी ऋणपत्र, ट्रेजरी बिल, बैंक मौज्दातमा पाउने व्याज आम्दानीलाई प्रभावकारी व्याज गणना विधिको मान्यता दिईन्छ ।

ख) शुल्क तथा कमिशन आम्दानी

सामान्यतया कुनै विशेष कार्य सम्पन्न भएपश्चात वा सेवा प्रवाह गरेवापत शुल्क तथा कमिशन आम्दानी प्राप्त हुने गर्दछ र यसलाई आर्जित आयको रुपमा मान्यता दिईन्छ ।

ग) लाभांश आम्दानी

सहकारीलाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ ।

घ) खुद व्यापारिक आम्दानी

सहकारीले व्यापारिक लगानी तथा दायित्वमा हुने ब्याज, लाभांश, तथा बजार मूल्यको उतारचढावले हुने आम्दानी वा खर्चलाई यस शिर्षक अन्तर्गतप्रस्तुत गरिन्छ ।

ङ) अन्य सञ्चालन आम्दानी

ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी तथा व्यापारिक आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शिर्षक अन्तर्गत देखाइएको छ । Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानीको उद्देश्य भएका स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

३.११ ब्याज खर्च

ग्राहकहरुको निक्षेप खाता र सहकारीले प्राप्त गरेको अन्य सापटीमा पाकेको ब्याजलाई पाकेको आधारमा(Accrual Accounting) लेखाङ्कन गरिन्छ ।

३.१२ कर्मचारी खर्च

कर्मचारी खर्चमा कर्मचारीले सहकारीलाई प्रदान गरेको सेवा बापत गरिएको सम्पूर्ण खर्चलाई जनाउँछ । सो खर्चमा अल्पकालीन तथा दीर्घकालीन प्रकृतिका कर्मचारी खर्चहरु रहेका छन् । कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कनको लागि सहकारीले NAS 19 – "Employee Benefits" को प्रावधान बमोजिमे पर्णरुपमा गरेका छैन ।

क) उपदान तथा सञ्चय कोषः

सहकारीले सेवा निवृत लाभहरुको रुपमा कर्मचारीहरुलाई उपदान सुविधा प्रदान गर्ने उल्लेख गरेको भएतापनि उक्त सुविधाहरुको व्यवस्था गरेको छैन ।

परिभाषित योगदान योजना (Defined Contribution plan) सेवापछिको लाभ योजना हो, जस अन्तर्गत सहकारी सहकारीले योगदानलाई छुट्टै शिर्षकमा भुक्तान गर्दछ र थप रकम तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व हुँदैन । परिभाषित योगदान योजनाको दायित्वहरू सम्बन्धित सेवाहरू प्रदान गरिएको समयमा कर्मचारी खर्चको रूपमा पहिचान र लेखांकन गरिन्छ ।परिभाषित लाभ योजना (Defined Benefits Plan) परिभाषित योगदान योजना बाहेकको सेवा पछिको लाभ योजना हो । कर्मचारी बोनसको व्यवस्था सहकारी ऐन २०७४ अनुसार गरिएको छ ।

घ) कर्मचारी बोनस

बोनस ऐन, २०३० बमोजिम कर्मचारी बोनसको व्यवस्था गरिएको छ । कर्मचारी बोनसको लागि कर अघिको खुद नाफाको १० प्रतिशत रकमको व्यवस्था गरिएको छैन ।

ङ) कर्मचारीलाई सहुलियत ऋण

यह संस्थाले कर्मचारीहरूलाई सहुलियतपूर्ण ब्याजदरमा ऋण प्रदान गरेको छ । **NFRS 9- Financial Instruments** बमोजिम, यी ऋणहरू सुरुवाती चरणमा परिशोधित मूल्य (**Amortized Cost**) मा मापन गरिन्छ । ऋण वितरण रकम र उचित मूल्यबीचको अन्तरलाई पूर्वभुक्तान गरिएको कर्मचारी लाभ (**Prepaid Staff Benefit**) को रूपमा मानिन्छ र ऋण अवधिभर क्रमिक रूपमा खर्चको रूपमा लेखिन्छ । ब्याज आम्दानी भने पाकेको आधारमा(Accrual Accounting) लेखाङ्कन गरिन्छ ।

३.१४ विदेशी विनिमय कारोबार

विदेशी विनिमय मुद्रामा भएको कारोबारलाई सो कारोबार भएको दिनको विनिमय दरका आधारमा नेपाली रुपैंयामा परिवर्तन गरी सोमा हुन आउने नाफा वा नोक्सानलाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ । वासलातमा प्रस्तुत हुने विदेशी मुद्रामा भएका सम्पत्ति तथा दायित्वलाई आर्थिक वर्षको अन्त्यको विनिमय दरमा नेपाली रुपैंयामा परिवर्तन गरी सो मा हुन आउने नाफा वा नोक्सान नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

३.१५ शेयर पूँजी तथा कोषहरु

३.१५.१ शेयर पूँजी

सहकारीका सबै साधारण शेयरहरु चुक्ता भई सकेको छ । सहकारीका साधारण शेयरधनीहरुले वार्षिक साधारण सभाबाट पारित लाभांश पाउने अधिकार हुन्छ ।

३.१५.२ साधारण जगेडा कोष

खुद मुनाफाको २५% रकम साधारण जगेडा कोषमा सार्ने नीति रहेको छ । सो व्यवस्था बमोजिम सहकारीले जगेडा कोषमा रकम जम्मा गर्दै आइरहेको छ । यस आ.व.मा संस्थाले संरक्षित पुँजी फिर्ता कोषबाट रकमान्तर गरेको रकम रु १०,०५९,५३८.९ लाई साधारण जगेडा कोषमा समावेश गरिएको छ ।

३.१५.३ सम्पत्ति पूर्नमूल्यांकन कोष (Assets Revaluation Reserve)

NFRS बमोजिम सम्पत्ति पूर्नमूल्यांकन कोष (Assets Revaluation Reserve) मा सम्पत्तिको पूर्नमूल्यांकनको कारणबाट सिर्जना भएको कोषको लेखांकन गरिएको छ ।

३.१५.४ बजार मूल्य कोष**(Fair Value Reserve)**

NFRS बमोजिम Fair Value Reserveमा बजार मूल्य समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भएको त्यस्तो सम्पत्ति पूनरमूल्याङ्कन हुँदा हुने सबै उतारचढाव वा नोक्सानलाई यसै कोषमा समायोजन गरिन्छ ।

३.१५.५ अन्य कोष

क) संरक्षित पुँजी फिर्ता कोष

संरक्षित पुँजी फिर्ता कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत प्रतिशत रकमान्तर गरिएको छ । संस्थाले सहकारी ऐन २०७४ बामोजिम

अघिल्लो आ.व.को वितरण पछि रहेको मौज्दात रकम रु २,७२०,३३८.६९ लाई साधारण जगेडा कोषमा रकमान्तर गरेको छ ।

ख) सहकारी प्रवर्द्धन कोष

सहकारी प्रवर्द्धन कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा ०.५ प्रतिशत रकमान्तर गरिएको छ ।

ग) संस्था विकास कोष

संस्था विकास कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

घ) शेयर लाभांश कोष

शेयर लाभांश कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ७० प्रतिशत रकमान्तर गरिएको छ ।

ङ) घाटा पूर्ति कोष

घाटा पूर्ति कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

च) सहकारी शिक्षा तथा तालिम कोष

सहकारी शिक्षा कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

छ) सामूदायिक विकाश कोष

सामूदायिक विकाश कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

ज) स्थिरिकरण कोष

स्थिरिकरण कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

झ) अन्य जोखिम व्यवस्थापन कोष

अन्य जोखिम व्यवस्थापन कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

३.१६ प्रतिशेयर आम्दानी

सहकारीले NAS 33 – "Earnings Per Share"को प्रावधान बमोजिम आधारभूत प्रति शेयर आम्दानी(Earnings Per Share)को गणना गर्ने गरेको छ ।

३.१७ अन्तरिम वित्तीय रिपोर्टिङ्ग (Interim Financial Reporting)

वित्तीय विवरणसंग सम्बन्धित अन्तरिम रिपोर्टहरु नियामक रिपोर्टिङ आवश्यकता बमोजिम रिपोर्ट गरिएको छ । NFRS ले प्रदान गरेको छुट सुविधा उपयोग गर्दै सहकारीले अघिल्लो वर्षका तथ्यांकहरुलाई Reinstatement गरेको छ ।

४. प्रष्टिकरण तथा थप जानकारीहरु

४.१ जोखिम व्यवस्थापन

क) जोखिम शासन

सहकारीले उत्पन्न हुने उद्यमस्तरमा जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू तयार गरी कार्यान्वयन गरिसकेको छ र कर्मचारीबीच स्वामित्व मानसिकता, क्षमता अभिबृद्धि, प्रष्ट रुपमा परिभाषित जिम्मेवारी र नैतिक संस्कृतिमार्फत वित्तीय संस्थाले जोखिम संस्कृतिको बारेमा प्रशिक्षित गरेको छ ।

यसको जोखिम व्यवस्थापन प्रारुपको माध्यमबाट, सहकारीले कर्जा, बजार र तरलता जोखिमहरू कुशलतापूर्वक व्यवस्थित गर्न खोजेको छ जुन सीधा सहकारीको क्रियाकलापहरूको साथसाथै सञ्चालन, नियामक र प्रतिष्ठा सम्बन्धी जोखिमहरू जुन कुनै पनि व्यवसाय उपक्रमको सामान्य परिणामको रूपमा देखा पर्दछ ।

ख) आन्तरिक नियन्त्रण

रणनीति र उद्देश्यहरूको उपलब्धिमा सहायता गर्ने गरी सहकारीमा उचित आन्तरिक नियन्त्रण प्रारुप सुनिश्चित गर्न सञ्चालक समिति जिम्मेवार हुन्छ । सहकारीको विभिन्न कार्यहरूको विस्तार र बृद्धिको क्रममा उचित नियन्त्रण संयन्त्र स्थापना गर्ने दृष्टिकोणले हेर्नु पर्दछ जसले लाभदायक व्यवसायका अवसरहरू अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठित क्षति निम्त्याउन सक्ने जोखिमलाई हटाउन वा घटाउन सहयोग गर्दछ ।

आन्तरिक लेखा परीक्षणले नीति र मापदण्डको अनुपालन र नियमित लेखा परीक्षण, विशेष लेखा परीक्षण, सूचनाप्रणाली लेखा परीक्षण, साइट समीक्षा, AML र CFT र KYC लेखा परीक्षणका साथै जोखिममा आधारित आन्तरिक लेखा परीक्षण मार्फत वित्तीय संस्थामा आन्तरिक नियन्त्रण संरचनाहरूको प्रभावकारिताको अनुगमन गर्दछ । लेखा परीक्षण अवलोकन तत्काल सुधारात्मक उपायहरू आरम्भ गर्नका लागि प्रमुख कार्यकारी अधिकृत र व्यापार प्रमुखहरूलाई रिपोर्ट गरिन्छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखा परीक्षण समितिसमक्ष समीक्षाको लागि पठाइन्छ र समितिले सम्बन्धित विभाग वा शाखालाई सम्बन्धित मुद्दामा उपयुक्त सुधारात्मक कार्य गर्न निर्देशन जारी गर्छ ।

४.१.१ कर्जा जोखिम

कर्जा जोखिम भनेको सहमति सर्तहरू बमोजिम सहकारीलाई भुक्तानी गर्ने आफ्नो करारको दायित्व पूरा गर्न ऋणीको असक्षमताको कारण नोक्सानीको सम्भावना हो ।

सहकारी भित्रको उपयुक्त निरीक्षण र रिपोर्टिङको प्रारुप स्थापना गरी कर्जा जोखिम निरीक्षण र रिपोर्टिङ प्रारुपलाई कर्जा जोखिम न्यूनीकरणको लागि तयार पारिएको छ ।

कर्जा जोखिमको प्रभावकारी व्यवस्थापनका लागि सहकारीले विभिन्न प्रणाली र नीतिहरू र प्रक्रियाहरू र दिशानिर्देशहरू कार्यान्वयन गरेको छ । प्रत्येक प्रकारको ऋणको लागि, कर्जा नीति र प्रक्रियाहरूले ऋण प्रदान गर्नका लागि मापदण्ड परिभाषित गरिएको छ, चुक्ताको सीमित उद्देश्य, विभिन्न ग्राहक जोखिम प्रोफाइलमा आधारित प्रासंगिक जानकारीको संग्रह, पर्याप्त उपकरणको प्रयोग, पर्याप्तता, कार्यान्वयनता र जमानतको तरलता स्थिति, साथै उनीहरूको परिचालनको व्यावहारिक पक्षहरूको आधारमा मापदण्ड परिभाषित गरिएको छ ।

४.१.२ बजार जोखिम

सहकारीको वासलातमा रहेको र वासलात बाहिर रहेको वस्तुको मूल्यमा बजार मूल्यमा हुने अस्थिरताले हुने जोखिमलाई बजार जोखिम भनी परिभाषित गरिएको छ । बजार जोखिम त्यस्तो जोखिम हो जसका कारण वित्तीय उपकरणको भविष्यमा नगद प्रवाह वा Fairvalue घटबढ हुन्छ । बजार जोखिमले तीन प्रकारका जोखिमलाई जनाउँछ : विदेशी मुद्रा सटही (मुद्रा जोखिम), बजार व्याजदर (व्याजदर जोखिम) र बजार मूल्य (मूल्य जोखिम) ।

अ) मुद्रा जोखिम

विदेशी मुद्रा सटही जोखिमका कारण सहकारीको आफ्नो सम्पत्ति र दायित्वको मूल्यमा अस्थिरता हुने सम्भावना हुन्छ र उसको सम्पत्ति र दायित्वको मुद्रा तथा उल्लेख हुने मुद्राको मूल्यमा आउने भिन्नताका कारण वित्तीय क्षति हुने सम्भावना हुन्छ ।

आ) व्याजदर जोखिम

व्याजदर जोखिम त्यो जोखिम हो जसका कारण वित्तीय उपकरणको Fair value वा भविष्यमा हुने नगद प्रवाह बजार व्याजदरका कारण तलमाथि हुने गर्दछ ।

इ) मूल्य जोखिम

मूल्य जोखिम त्यस्तो जोखिम हो जसका कारण वित्तीय उपकरणको Fair value वा भविष्यमा हुने नगद प्रवाह इक्विटीको मूल्यमा हुने परिवर्तनले व्याजदर जोखिम र मुद्रा जोखिम बाहेकका कारण तलमाथि हुन्छ । यस्तो परिवर्तन सम्बन्धित वित्तीय उपकरण वा यसको जारी गर्ने निकाय हुन सक्छ वा उक्त वित्तीय उपकरणले व्यापार गर्ने बजारलाई असर गर्ने तत्वको कारण हुन सक्छ । निकायको इक्विटी मूल्य जोखिम FVTOCI मा राखिएको कारण पनि हुनसक्छ जसको मूल्य बजार मूल्यमा भएको परिवर्तन अनुसार तलमाथि हुन्छ ।

४.१.३ तरलता जोखिम

व्याजदर वा सुरक्षणपत्र (ईक्विटी) को मूल्य, विदेशी विनिमय दर र वस्तुको मूल्यको उतार चढाव साथै अस्थिरताको बजारस्तरमा प्रतिकुल परिवर्तनको कारण सहकारीले बजार जोखिमलाई लेखाङ्कन गरेको छ । तरलता जोखिमले सहकारीको दायित्व पूरा गर्न असफल हुने सम्भावना हुन सक्छ, तरलता जोखिम व्यवस्थापनले सहकारीको वित्तीय अवस्थालाई प्रतिकुल प्रभाव नपारी दायित्व पूरा गर्ने सहकारीको क्षमता सुनिश्चित गर्न मद्दत गर्छ र सहकारीको प्रतिकुलताको अवस्था विकास गर्ने सम्भावना कम गर्छ । तरलता जोखिमलाई नगद वा अन्य वित्तीय सम्पत्ति प्रदान गरेर व्यवस्थित गरिएको वित्तीय दायित्वसँग सम्बन्धित दायित्वहरु पूरा गर्न सहकारीले कठिनाई भोग्न सक्ने जोखिमलाई तरलता जोखिम भनी परिभाषित गरिएको छ ।

४.१.४ सञ्चालन जोखिम

संचालन जोखिम भनेको अपर्याप्त वा असफल प्रक्रियाहरू, प्रणाली वा नीतिहरू, कर्मचारीका त्रुटिहरू, प्रणालीका असफलताहरू, अन्य अपराधिक गतिविधिले व्यवसाय प्रक्रियामा बाधा उत्पन्न गराई परिणामस्वरूप घाटा हुने सम्भावना हो ।

संचालन जोखिमलाई जोखिम पहिचान, मूल्यांकन, नियन्त्रण र अनुगमनको माध्यमबाट व्यवस्थापन गरिन्छ । संस्थाको संचालन जोखिम नियन्त्रणको लागि वित्तीय प्रशासन नीति, कर्मचारी विनिमयावली, सञ्चालन निर्देशिका,

AML/CFT नीति, शंकास्पद कारोबार पहिचान प्रक्रिया, र राजनीतिक रूपले उजागर गरिएको व्यक्तिको पहिचान नीति रहेका छन्, जसले दैनिक कामका लागि निर्देशन दिन्छ ।

४.२ पूँजी व्यवस्थापन

रणनीतिक उद्देश्यहरूको सम्बन्धमा सहकारीको वर्तमान र भविष्यको पूंजी आवश्यकताहरू सुनिश्चित गर्न सञ्चालक समिति मुख्य रूपले उत्तरदायी हुनेछ । व्यवस्थापनले सहकारीले व्यावसायिक गतिविधिहरूको क्रममा सामना गरिरहेको विभिन्न जोखिमहरूको प्रकृति र स्तरको समीक्षा गरि सोहि अनुरुप प्रत्येक जोखिम कारकलाई नियन्त्रण गर्ने उपायहरू निर्दिष्ट हुने गरि जोखिम व्यवस्थापन अवधारणा तयार पार्दछ ।

टिकाराज सापकोटा
संचालक समिति अध्यक्ष

रुद्र बहादुर अधिकारी
संचालक समिति उपाध्यक्ष

कमल प्रसाद नेपाल
संचालक समिति सचिव

बलराम पराजुली
संचालक समिति सदस्य

नारायण प्रसाद खतिवडा
संचालक समिति सदस्य

रेनु मिश्र
संचालक समिति सदस्य

गोविन्द सेनेहाड
संचालक समिति सदस्य

अशोक चौधरी
संचालक समिति सदस्य

दुर्गा श्रेष्ठ
संचालक समिति सदस्य

बि.आर.बि.एस. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउण्टण्टस्
सि.ए. विशाल राज भुषाल
मितिः २०८२ भाद्र १५
काठमाडौं, नेपाल

डिल्लीराम मुखिया सुनुवार
लेखा सुपरीवेक्षण समिति
संयोजक

खगेन्द्र नेपाल
लेखा सुपरीवेक्षण समिति
सदस्य

हेम कुमारी थापा
लेखा सुपरीवेक्षण समिति
सदस्य

संस्थाको को १७ औं बार्षिक उत्सवको अवसरमा मिती २०८३ जेष्ठ १३ गते रक्तदान गर्ने रक्तदाताहरुको नामावली

क्र सं.	रक्तदाताको नाम र ठेगाना
१	ईश्वर नेपाल, दमक ९
२	भगवान बस्नेत, दमक-६
३	इन्द्र प्रसाद घिमिरे, दमक-५
४	होम प्रसाद श्रेष्ठ, दमक-५
५	बिकल्प सुब्बा , दमक-७
६	सोमनाथ आचार्य, दमक-६
७	सन्तोष भण्डारी, दमक-२
८	चित्रकला पनेरू, दमक-६
९	महालक्ष्मी रौनियार, दमक-६
१०	अप्सरा दाहाल, दमक-७
११	छिनमाया सुवेदी, दमक-७
१२	सरू घिमिरे, दमक-७
१३	पिङ्की रौनियार, दमक १
१४	रणजित बस्नेत, दमक-५
१५	बिन्दा घिमिरे, दमक-७
१६	कमला बराइलि, दमक-७
१७	ख्याम देवी अधिकारी, दमक-६
१८	सिर्जना श्रेष्ठ, दमक-६
१९	मीरा देवी खड्का, दमक-७
२०	बन्दना खड्का, दमक-५
२१	मैना दाहाल, दमक-५
२२	पुष्पा श्रेष्ठ, दमक-७
२३	कुन्ता श्रेष्ठ, दमक-६
२४	इन्द्र लुइटेल, दमक-९
२५	तारिणी निरौला, दमक-५

क्र सं.	रक्तदाताको नाम र ठेगाना
२६	धिरज बहादुर दर्जी, कमल-५
२७	विपना श्रेष्ठ, दमक-९
२८	योगेश्वर श्रेष्ठ, दमक-७
२९	तारा प्रसाद उप्रेती, दमक-८
३०	लक्ष्मी प्रसाद श्रेष्ठ, दमक-८
३१	गंगाराम दाहाल, दमक-२
३२	भिम अधिकारी, दमक-६
३३	प्रमिला दाहाल, दमक-६
३४	विष्णु माया भट्टराई, दमक-५
३५	ईश्वर रौनियार, दमक-६
३६	नबिन बजगाई, दमक-७
३७	धनबहादुर कुँवर, दमक-९
३८	टंक प्रसाद अचार्य, दमक-७
३९	केदार बस्नेत, दमक-५
४०	किशोर श्रेष्ठ, दमक-४
४१	लक्ष्मी श्रेष्ठ, दमक-४
४२	दुर्गा देवी पौडेल, दमक-५
४३	दिनेश शाह, दमक-७
४४	पवित्रा फुयल, दमक-५
४५	तिलक व. बस्नेत, कमल-२
४६	विमला गौतम, दमक-७
४७	ओम कु. दाहाल, दमक-७
४८	केन्द्र व. श्रेष्ठ, दमक-४
४९	सागर प्र. आचार्य, कमल-६
५०	भक्ति चुडाल, दमक-१

१७औं वार्षिक प्रतिवेदन २०८३

क्र सं.	रक्तदाताको नाम र ठेगाना
५१	कुमार अधिकारी, दमक-९
५२	राजेन्द्र प्र. गौतम, दमक-५
५३	राजेन्द्र कु. मैनाली, दमक-५
५४	सञ्जय थापा, दमक-९
५५	लेखनाथ दाहाल, काठमाण्डु-९
५६	कुल प्र. सापकोटा, कमल-६
५७	शिवराम श्रेष्ठ, दमक-८
५८	गणेश श्रेष्ठ, दमक-८
५९	गोकुल खड्का, दमक-४
६०	नरेन्द्र निरौला, दमक-९
६१	दिपक लुइटेल, दमक-२
६२	आशिष गौतम, कमल-६
६३	जिमराज घिमाल, दमक-५
६४	सरोज श्रेष्ठ, दमक-९
६५	अम्बर व. श्रेष्ठ, दमक-३
६६	प्रविन घिमाल, दमक-१०
६७	देव राज राई, दमक-६
६८	सविता प्रसाई, दमक-७
६९	सुष्मा कु. कोच, दमक-१
७०	भरत दाहाल, दमक-६
७१	उषा राई, दमक-६
७२	प्रविन राई, दमक-६
७३	कुमार दर्जी, दमक-७
७४	प्रेम व. दर्जी, कमल-५
७५	सूर्य व. थापा, दमक-४
७६	सुवाश पोखरेल, दमक-५
७७	रुद्र कुमार श्रेष्ठ, दमक-६

क्र सं.	रक्तदाताको नाम र ठेगाना
७८	बिर्ख व. बस्नेत, दमक-२
७९	हेम प्रकाश निरौला, दमक-८
८०	दिपक खनाल, दमक-६
८१	राम प्र. रिमाल, दमक-९
८२	छविलाल कडरिया, कमल-६
८३	देबिका न्यौपाने, कमल-६
८४	प्रेम प्र. ढकाल, दमक-१
८५	कृष्ण प्र. धमला, दमक-७
८६	डा. राज कु. चौधरी, दमक-६
८७	हेमराज भेटवाल, दमक-४
८८	युवराज श्रेष्ठ, कमल-५
८९	सुमन सिटौला,कमल -६,
९०	जिवनाथ नेपाल, कमल-७
९१	शिक्षित राई, दमक-६
९२	पुण्य प्र. मिश्र, कमल-६
९३	राज कु. विश्वकर्मा, दमक-२
९४	सुरेश खवास, दमक-२
९५	विष्णु प्र. सुवेदी, दमक-८
९६	मोहन कु. श्रेष्ठ, दमक-५
९७	मोहन शिवाकोटी, दमक-४
९८	दिल कुमार दमाई, ताप्लेजुङ
९९	राजेश शोनि, दमक-७
१००	खेम गौतम, दमक-५
१०१	सन्तोष कु. ठाकुर, दमक-५
१०२	जित व. विश्वकर्मा, दमक-६
१०३	ओम नारायण प्रधान, दमक-६
१०४	दिलिप नायक सुडी, दमक-६

१७औं वार्षिक प्रतिवेदन २०८३

क्र सं.	रक्तदाताको नाम र ठेगाना
१०५	शिव शङ्कर शाहु, दमक-६
१०६	विवेक ढकाल, दमक-५
१०७	शर्मानन्द भट्टराई, दमक-१
१०८	मायादेवी चौधरी, दमक-५
१०९	गोमा देवी सुवेदी, कमल-५
११०	त्रिलोचन गौतम, दमक-६
१११	घनेश्वर कार्की, दमक-७
११२	अछाम चौधरी, दमक-७
११३	राजिव कु. पुर्बे, दमक-६
११४	सन्तोष कु. शाह, दमक-७
११५	अन्जली श्रेष्ठ, दमक-८
११६	अनमोल श्रेष्ठ, दमक-८
११७	चन्दा श्रेष्ठ, दमक-८
११८	हेमराज धमला, दमक-७
११९	सुरज दङ्गाल, कमल-४
१२०	धुर्व आचार्य, कमल-६
१२१	लक्ष्मण खत्री, दमक-२
१२२	याम व. कार्की, गौरादह ५
१२३	खगेन्द्र खनाल, कमल-७
१२४	पार्वती वज्राचार्य, दमक-६
१२५	तृप्ता ढकाल, दमक-५
१२६	अमित भट्टराई, दमक-६
१२७	दिवाकर रौनियार, दमक-१
१२८	सन्ध्या आचार्य, दमक-६
१२९	वेद प्रकाश अग्रवाल, दमक-६
१३०	आङछिरिङ लामा, दमक-६
१३१	राजिव अग्रवाल, दमक-६

क्र सं.	रक्तदाताको नाम र ठेगाना
१३२	राधे श्याम चौधरी, कमल-५
१३३	वन्दना आचार्य, दमक-२
१३४	सुरेश शिवाकोटी, दमक-४
१३५	ओशिस श्रेष्ठ, दमक-६
१३६	कमला देवी वाह्रकोटी, दमक-८
१३७	अर्जुन खतिवडा, कमल-६
१३८	इन्दिरा काफ्ले, दमक-९
१३९	मेघराज आचार्य, कमल-६
१४०	कुल व. श्रेष्ठ, दमक-५
१४१	पारश तिम्सिना, दमक-६
१४२	चूडामणि सुवेदी, दमक-६
१४३	नरेन्द्र कु. शाह, दमक-७
१४४	निश्चल नेपाल, दमक-४
१४५	अनिल कोइराला, दमक-४
१४६	कौशल श्रेष्ठ, दमक-६
१४७	रोशन प्रसाई, दमक-५
१४८	सुरज तिम्सीना, दमक-५
१४९	युवराज गजमेर, दमक-५
१५०	जंग व. श्रेष्ठ, दमक-८
१५१	धुर्व व. भट्टराई, दमक-८
१५२	मोहन शाह, दमक-७
१५३	सन्तोष लामिछाने दमक-६
१५४	भिम प्रसाद गातम, गौरादह ५
१५५	दुर्गा गौतम कमल ५
१५६	लालबहादुर श्रेष्ठ दमक ५
१५७	रामप्रसाद अधिकारी कमल २
१५८	दुर्गानन्द शाह दमक ५

१७औं वार्षिक प्रतिवेदन २०८३

क्र सं.	रक्तदाताको नाम र ठेगाना
१५९	शेखर खड्का दमक ६
१६०	डिबि राई दमक २
१६१	नवीन खतिवडा दमक २
१६२	सुष्मा कार्की दमक ५
१६३	पुष्पलता लिम्बु दमक १
१६४	मधु बस्नेत शर्मा दमक १
१६५	कृष्ण श्रेष्ठ दमक ६
१६६	सन्दीप मगर दमक ५
१६७	मोहन कुमार श्रेष्ठ दमक ८
१६८	होमबहादुर थापा दमक ९
१६९	तारा खड्का दमक २
१७०	भीम प्रसाद सुवेदी दमक २
१७१	डिल्लीराम थापा दमक ५
१७२	सरोज सुवेदी गौरादह ५
१७३	राजीव अग्रवाल दमक ६
१७४	प्रेमकुमार गिरी दमक ६
१७५	पुष्पलाल सापकोटा दमक ५
१७६	प्रियंका श्रेष्ठ दमक ९

क्र सं.	रक्तदाताको नाम र ठेगाना
१७७	सन्दीप राई दमक १
१७८	सुमन श्रेष्ठ कमल ५
१७९	कैलाश भुजेल दमक ५
१८०	रमेश कुमार प्रधान गौरादह ५
१८१	सन्तोष लिम्बु शिवशतासी ९
१८२	रञ्जित भण्डारी कमल ७
१८३	भीम बहादुर कार्की दमक ६
१८४	प्रदीप अग्रवाल, दमक-६
१८५	राम कुमार राई, दमक-७
१८६	विश्वास दर्जी, दमक-७
१८७	लक्ष्मण भट्टराई, कमल-६
१८८	विशाल ताजपुरिया, कमल-६
१८९	खुश्बु उप्रेती, कमल-६
१९०	शिवानी बानिया, दमक-९
१९१	सुष्मा ओझा, दमक-६
१९२	हरि श्रेष्ठ, दमक-९
१९३	सोनिया कार्की, दमक-५
१९४	अशोक चौधरी, दमक-६

टिपोट :



TV को बिल भुक्तानी कति सजिलो

SURYADARSHAN MOBILE APP छदै छ नि !!

DishHome · NETTV · clear tv · prabhu tv · SIMTV · SKY · MAX TV · mero



अब घर बसि बसि सजिलै आफ्नै इन्टरनेटको बिल
SURYADARSHAN MOBILE APP मार्फत भुक्तानी गर्नुहोस् ।


FIBER · SUBISU · vianet · HONS



फेरी पनि आफ्नो PINCODE बिर्सिनुभयो ?

FINGERPRINT/FACE ID SETUP गरी सजिलै सूर्यदर्शन मोबाइलमा एक TOUCH मै सुरक्षित LOGIN गर्नुहोस् ।





app एक subidha अनेक

नेपाल भरिका बैंक तथा वित्तीय संस्थामा पैसा पठाउँ

एक क्लिकमै

Suryadarshan Mobile App मार्फत कुनै पनि बैंक तथा वित्तीय संस्थामा पैसा पठाउन एकदम सजिलै !!

Instant Easy Secure

मोबाइल **APP** एक सुविधाहरू अनेक

Suryadarshan Mobile App

Pathivara Offset Press, Dmk #023-571533

Suryadarshan Bhawan, Damak-6, Jhapa,
Tel: 023-575401, 575601

Email:suryadarshandamak@gmail.com
Facebookpage: Suryadarshan Saving Damak-6